## बजेट तथा कार्यक्रको

# वार्षिक मूल्याङ्कन प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/८२)


सुदूरपश्चिम प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

धनगढी, कैलाली


२०८२

*सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ (४) को व्यवस्था बमोजिम प्रकाशित*

**आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन**

**प्रकाशकः**

सुदूरपश्चिम प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

सुदूरपश्चिम प्रदेश

**आर्थिक वर्षः** २०८१/८२

© प्रतिलिपि अधिकार

सुदूरपश्चिम प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

धनगढी, कैलाली।

**प्रकाशन मितिः** असोज, २०८२

**मुद्रण प्रतिः**

Email: moea@sudurpashchim.gov.np
URL: https://moea.sudurpashchim.gov.np/

फोनः ०९१-५२०१०७

# मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५(४) मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले एकीकृत मूल्याङ्कन प्रतिवेदन प्रकाशन गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरू, प्रदेश सरकारले विनियोजन गरेको बजेटको लक्ष्य र उद्देश्य प्राप्तिको अवस्थाबारे सरोकारवालालाई जानकारी गराउने उद्देश्यले यो प्रतिवेदन प्रकाशन गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा प्रदेश सरकारको राजस्व, खर्च, अनुदान (समानिकरण, सशर्त, समपूरक र विशेष) को अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरणका साथै प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको मूल्याङ्कन गरिएको छ। प्रदेश सरकारले अवलम्बन गरेका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको समेत विश्लेषण गरिएको छ। यसका साथै प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूलाई भएको वित्तीय हस्तान्तरणको विवरण समेत समावेश गरिएको छ। सम्बन्धित मन्त्रालय, सचिवालय र निकायले हासिल गरेका उपलब्धि तथा प्रदेश गौरवका आयोजनाको प्रगति विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको वित्तीय विवरण र वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समावेश गरिएको छ। आर्थिक योजना, तथ्याङ्क, विकास प्रशासन र सुशासनका क्षेत्रमा चासो राख्ने सबैलाई समेत यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छ।

आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश

# विषयसूची

**परिच्छेद-१**

**परिचय ..... १**

१.१ पृष्ठभूमि ..... १

१.२ प्रतिवेदन तयारी विधि ..... १

१.३ प्रतिवेदनको उद्देश्य ..... १

**परिच्छेद-२**

**नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता तथा सिद्धान्त ..... २**

२.१ नीति तथा कार्यक्रम ..... २

२.२ बजेटका सिद्धान्त तथा प्राथमिकता ..... २१

*२.२.१ बजेटका सिद्धान्त ..... २१*

*२.२.२ बजेटका प्राथमिकता ..... २३*

**परिच्छेद-३**

**वित्तीय अवस्थाको विश्लेषण ..... २७**

३.१ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था ..... २७

३.२ प्रदेश सञ्चित कोष ..... २७

३.३ सुदूरपश्चिम प्रदेश सरकारको हालसम्मको बेरूजूको अवस्था ..... २७

३.4 प्रदेश आन्तरिक ऋण ..... २८

३.5 प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन ..... २८

*३.५.१ निक्षेप तथा कर्जा ..... २८*

*३.५.१ सहकारी क्षेत्र ..... २९*

**परिच्छेद-४**

**वार्षिक विनियोजन तथा खर्चको विश्लेषण ..... ३१**

४.१ वार्षिक अनुमान र प्राप्ति ..... ३१

*४.१.१ आन्तरिक राजस्व परिचालनको अवस्था ..... ३१*

*४.१.२ रोयल्टी प्राप्तिको अवस्था ..... ३३*

*४.१.३ सङ्घीय राजस्व बाँडफाँट प्राप्तिको अवस्था ..... ३३*

४.२ वार्षिक बजेट विनियोजन र खर्चको विवरण ..... ३३

४.३ मन्त्रालय/निकायगत खर्चको विवरण ..... ३४

४.४ स्रोतगत खर्चको विवरण ..... ३६

४.५ खर्चको तुलना ..... ३८

४.६ कार्यगत खर्चको स्थिति ..... ३८

४.७ प्राथमिकताका आधारमा खर्चको स्थिति ..... ३९

४.८ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति ..... ४०

४.९ दिगो विकास लक्ष्यको आधारमा खर्चको स्थिति ..... ४१

४.१० लैङ्गिक बजेट विनियोजन र खर्च ..... ४३

४.११ जलवायु बजेट विनियोजन र खर्च ..... ४३
४.१२ खर्च शीर्षकगत खर्च स्थिति ..... ४३
४.१३ अन्तर सरकारी वित्तीय हस्तान्तरण ..... ४८
*४.१३.१ वित्तीय समानीकरण अनुदान ..... ४८*
*४.१३.२ सशर्त अनुदान ..... ४८*
*४.१३.३ विशेष अनुदान ..... ४८*
*४.१३.४ समपूरक अनुदान ..... ४८*
**परिच्छेद-५**
**मन्त्रालय/निकायबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू ..... ५०**
५.१ प्रदेश व्यवस्थापिका ..... ५०
*५.१.१ वित्तीय विवरण ..... ५०*
*५.१.२ प्रमुख उपलब्धि ..... ५०*
*५.१.३ आ.व. २०८१/०८२ मा पारित भएका कानूनहरुको विवरण ..... ५१*
*५.१.४ तर्जुमाको क्रममा रहेका कानूनको विवरण ..... ५१*
*५.१.५ बजेट कार्यान्वियनमा देखिएका समस्या तथा चुनौतीहरु ..... ५१*
*५.१.६ समस्या समाधानका लागि भए गरेका प्रयास ..... ५२*
५.२ प्रदेश लोक सेवा आयोग ..... ५२
*५.२.१ वित्तीय विवरण ..... ५२*
*५.२.२ प्रमुख उपलब्धि ..... ५३*
*५.२.३ बजेट कार्यान्वियनमा देखा परेका समस्या र चुनौतीहरु ..... ५५*
*५.२.४ समस्या समाधानका लागि भए गरेका प्रयास ..... ५५*
५.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..... ५६
*५.३.१ वित्तीय विवरण ..... ५६*
*५.३.२ प्रमुख उपलब्धि ..... ५६*
*५.३.३ आर्थिक वर्ष २०८१/८२ मा तर्जुमा भएका नीति तथा कानूनहरु ..... ५८*
*५.३.४ बजेट कार्यान्वियनमा देखिएका समस्या तथा चुनौतिहरु ..... ५९*
*५.३.५ समस्या समाधानका लागि भए गरेका प्रयास ..... ५९*
५.४. आर्थिक मामिला मन्त्रालय ..... ६०
*५.४.१ वित्तीय विवरण ..... ६०*
*५.४.२ प्रमुख उपलब्धि ..... ६०*
*५.४.३ आर्थिक वर्ष २०८१/८२ मा तर्जुमा भएका नीति तथा कानूनहरु ..... ६२*
*५.४.४ बजेट कार्यान्वियनमा देखिएका समस्या तथा चुनौतिहरु ..... ६२*
५.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ..... ६२
*५.५.१ वित्तीय विवरण ..... ६२*
*५.५.२ प्रमुख उपलब्धि ..... ६३*
*५.५.३ समीक्षा अवधिमा तर्जुमा भएका नीति तथा कानूनको विवरण ..... ६५*
*५.५.४ मुख्य समस्या र समस्या समाधान गर्न गरिएका प्रयासहरु ..... ६५*

*५.५.५ सुशासन कायम गर्न भएका मुख्य प्रयासहरु* ..... ६६
५.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ..... ६७
*५.६.१ वित्तीय विवरण* ..... ६७
*५.६.२ प्रमुख उपलब्धि* ..... ६८
*५.६.३ मन्त्रालयको बेरुजु विवरण* ..... ७७
*५.६.४ प्रगति नपुगका कारणहरु* ..... ७८
*५.६.5 मुख्य-मुख्य समस्या, समस्याका कारण, समाधानका प्रयास र सुझाव* ..... ७८
५.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय ..... ७९
*५.७.१ वित्तीय विवरण* ..... ७९
*५.७.२ प्रमुख उपलब्धि* ..... ८०
*५.७.३ नीति तथा कानूनको विवरण* ..... ८२
*५.७.४ बजेट कार्यान्वियनका समस्या तथा चुनौति* ..... ८३
*५.७.५ समस्या समाधानका लागि भए गरेका प्रयासः* ..... ८३
५.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ..... ८४
*५.८.१ वित्तीय विवरण* ..... ८४
*५.८.२ प्रमुख उपलब्धि* ..... ८४
*५.७.३ कार्यक्रम गर्दा देखिएका समस्या चुनौतीहरु* ..... ८६
*५.७.४ उल्लेखिनय नवीनतम कार्यहरुको विवरण* ..... ८६
*५.७.५ समस्या समाधानका उपायहरु* ..... ८७
५.९ सामाजिक विकास मन्त्रालय ..... ८७
*५.९.१ वित्तीय विवरण* ..... ८७
*५.९.२ प्रमुख उपलब्धि* ..... ८७
*५.९.३ नीति, कानून, रणनीति, मापदण्ड, निर्देशिका तयारी* ..... ९५
*५.९.४ मुख्य-मुख्य समस्या, समस्याका कारण, समाधानका प्रयास तथा सुझाव* ..... ९६
*५.९.५ स्वास्थ्य कार्यालय मार्फत सुरुवात भएका नविनतम कार्यहरु* ..... ९७
*५.९.६ अपेक्षित प्रगति न्युन हुनका कारणहरु* ..... ९८
*५.९.७ विकास समस्या समाधान समितिमा पठाउनु पर्ने बिषयहरु* ..... ९८
*५.९.८ मन्त्रालयको बेरुजु* ..... ९८
५.१० प्रदेश नीति तथा योजना आयोग ..... ९९
*५.१०.१ वित्तीय विवरण* ..... ९९
*५.१०.२ प्रमुख उपलब्धि* ..... ९९
*५.१०.३ तर्जुमा भएका नीति तथा कानूनको विवरण* ..... १००
*५.१०.४ बजेट कार्यान्वियनमा देखिएका समस्या तथा चुनौती* ..... १००
*५.१०.५ समस्या समाधानका लागि भएका गरेका प्रयासहरु* ..... १००
**परिच्छेद-६**
**समस्या, चुनौती तथा भावी कार्यदिशा ..... १०१**
६.१ समस्या र चुनौती ..... १०१

*६.१.१ समस्याहरू* ........ *१०१*
*६.१.२ चुनौतीहरू* ........ *१०२*
६.२ भावी कार्यदिशा ........ १०२

## तालिका सूची

तालिका १ बेरुजु प्राप्ति (रु. लाखमा) ........ २७
तालिका २: बेरुजुको अवस्था (रकम रु. लाखमा) ........ २८
तालिका ३: जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रू. हजारमा) ........ २८
तालिका ४: प्रदेशमा रहेका सहकारीहरूको विवरण ........ ३०
तालिका ५: स्रोतगत आय अनुमान र यथार्थ प्राप्तिको तुलना (रकम रू. हजारमा) ........ ३१
तालिका ६:आन्तरिक राजस्व परिचालनको अवस्था (रकम रु. हजारमा) ........ ३२
तालिका ७: रोयल्टी बाँडफाँटको प्राप्तिको अवस्था (रकम रु. हजारमा) ........ ३३
तालिका ८: बाँडफाँट भई प्राप्त हुने सङ्घीय राजस्वको प्राप्तिको अवस्था (रकम रु. हजारमा) ........ ३३
तालिका ९: प्रदेशको वार्षिक बजेट विनियोजन र खर्च (रकम रू. हजारमा) ........ ३३
तालिका १०: निकायगत विनियोजन र खर्च रकम (रू. हजारमा) ........ ३४
तालिका ११: स्रोतगत खर्चको विवरण (रकम रू. हजारमा) ........ ३६
तालिका १२: खर्चको तुलनात्मक अवस्था (रकम रु.हजारमा) ........ ३८
तालिका १३: कार्यगत खर्चको विवरण (रकम रू हजारमा) ........ ३८
तालिका १४: प्राथमिकताका आधारमा खर्चको विवरण (रकम रु. हजारमा) ........ ४०
तालिका १५: रणनीतिक स्तम्भहरूको आधारमा खर्च रकम (रू. हजारमा) ........ ४०
तालिका १६: दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण (रकम रु.हजारमा) ........ ४१
तालिका १७: लैङ्गिक बजेट विनियोजन र खर्च (रकम रु.हजारमा) ........ ४३
तालिका १८: जलवायु बजेट विनियोजन र खर्च (रकम रु. हजारमा) ........ ४३
तालिका १९: खर्च शीर्षकगत खर्चको विवरण (रकम रु. हजारमा) ........ ४४
तालिका २०: प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (रकम रु. हजारमा) ........ ४९
तालिका २१: प्रदेश व्यवस्थापिकाको समिक्षा अवधिमा भएको खर्चको विवरण (रकम रु. हजारमा) ........ ५०
तालिका २२: प्रदेश लोक सेवा आयोगको खुद विनियोजन र वार्षिक खर्चको विवरण (रू. हजारमा) ........ ५२
तालिका २३: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय खुद विनियोजन र खर्चको विवरण (रु. हजारमा) ........ ५६
तालिका २४: आर्थिक मामिला मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ६०
तालिका २५: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ६२
तालिका २६: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ६७
तालिका २७: आन्तरिक मामिला तथा कानून मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ७९
तालिका २८: भौतिक पूर्वाधार विकास मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ८४
तालिका २९: सामाजिक विकास मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ८७
तालिका ३०: प्रदेश नीति तथा योजना आयोगको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा) ........ ९९

## चित्र सूची

स्तम्भचित्र १: वार्षिक बजेट विनियोजन र खर्च ........ ३४
स्तम्भचित्र ३: रणनीतिक स्तम्भहरूको आधारमा खर्च ........ ४१
स्तम्भचित्र ४: दिगो विकास लक्ष्यको आधारमा खर्च ........ ४२
स्तम्भचित्र ५: प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण ........ ४९

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको चार महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानिकरण, सशर्त, समपूरक र विशेष) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा तथा आर्थिक वर्ष २०८१/८२ को मन्त्रालय/निकायगत खर्चको विवरण, मन्त्रालयहरूबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतीहरू र आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रको विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ। यसका साथै अघिल्ला दुई आर्थिक वर्षहरूको प्रगति विवरणसँग गत आर्थिक वर्षको प्रगतिलाई समेत तुलना गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्रसँग सम्बन्धित विवरण र प्रदेशमा रहेका बैंक तथा वित्तीय  क्षेत्रको जिल्लागत निक्षेप संक्लन र कर्जा प्रवाहको अवस्ता समावेश गरिएको छ।

## १.२ प्रतिवेदन तयारी विधि

यो प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, बजेट बक्तव्य, वार्षिक बजेट तथा कार्यक्रम र विभिन्न मन्त्रालय तथा निकायबाट सम्पादन गरिएका कार्यको विवरण सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी विवरणात्मक प्रस्तुतिको विधि अवलम्बन गरी तयार गरिएको छ।

## १.३ प्रतिवेदनको उद्देश्य

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५(४) बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिpक बजेट तथा कार्यक्रमको प्रगति र उपलब्धिको विश्लेषण गरी सरोकारवालालाई यथार्थ जानकारी सम्प्रेषण गर्नु यस प्रतिवेदनको उद्देश्य रहेको छ।

# परिच्छेद-२

# नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता तथा सिद्धान्त

## २.१ नीति तथा कार्यक्रम

१. प्रथम पञ्चवर्षीय योजनाको विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नती हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास आयोजना तथा कार्यक्रममा बजेट विनियोजनलाई उच्च प्राथमिकता दिइनेछ।

२. उद्यमशीलता विकासमार्फत प्रदेशमै रोजगार एवम् स्वरोजगार सिर्जना गरी औद्योगिक जनशक्ति उत्पादनमार्फत बेरोजगारी एवम् गरिबी न्यूनीकरण गर्ने र बढ्दो श्रम पलायनलाई रोक्ने खालका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

३. आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरी लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्था गरिनेछ।

४. सरकारको स्रोत व्यवस्थापनमा परेको चापलाई मध्यनजर गर्दै पूँजीगत खर्च दक्षतालाई अभिबृद्धि गरिनेछ। सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न एकीकृत आन्तरिक नियन्त्रण प्रणालीमार्फत आर्थिक एवम् वित्तीय अनुशासनमा जोड दिइनेछ। प्रदेश सरकारवाट विशेष र समपुरक अनुदान मार्फत गरिने कार्यक्रम तथा निर्माण हुने संरचनाको समग्र पक्षको गहन अनुगमन गरिनेछ।

५. वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी एवम् जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्दै सो सम्बन्धी आवश्यक निर्देशिका तर्जुमा एवम् कार्यक्रम सञ्चालन गरिनेछ।

६. सञ्चालनमा रहेका बहुवर्षीय एवम् क्रमागत तथा अधुरो दायित्व सिर्जना भएका आयोजनाहरूलाई उच्च प्राथमिकता दिँदै समग्र आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ।

७. परियोजनामा आधारित बजेट प्रणालीलाई आत्मसाथ गर्न उच्च आर्थिक र सामाजिक लाभ दिने एवम् पूँजी निर्माणमा योगदान पुऱ्याउने प्रदेश गौरव, रणनीतिक महत्व र रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ। साथै, बहुवर्षीय आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८० को प्रभावकारी कार्यान्वयन गरिनेछ।

८. एकल खाता कोष प्रणाली, कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई थप सबल र सुदृढ बनाइनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई

प्रभावकारी बनाई वित्तीय सुशासन कायम गर्न ठूला प्रादेशिक आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९. महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन लगायत अन्य वर्षका प्रतिवेदनहरूमा औंल्याइएको बेरुजु फछ्र्यौटका लागि प्रभावकारी कार्ययोजना बनाई फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। साथै, बेरुजु फछ्र्यौटको प्रगतिका आधारमा सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई कार्यविधि बमोजिम सम्मान एवम् पुरस्कृत गरिनेछ।

१०. राजस्वको दायरा फराकिलो बनाउँदै प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गरिनेछ। अध्ययन एवम् अनुसन्धानमा आधारित भई प्रदेशको राजस्व सुधार कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।

११. प्रदेश र स्थानीय तहबीचको वित्तीय अन्तरसम्वन्ध सुदृढ गर्न र राजस्व बाँडफाँटलाई प्रभावकारी बनाउन प्रदेशबाट हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक र प्रभावकारी बनाइनेछ। साथै प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा साझेदारी अभिबृद्धि गरिनेछ।

१२. सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ तथा नियमावली, २०७६ ले लक्षित गरेका तथा गरिबीको रेखामुनि रहेको वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवती तथा दुर्गम र हिमाली क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिई प्रदेश स्वरोजगार कोषमार्फत सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गरी स्वरोजगार र उद्यमशील बन्न प्रेरित गरिनेछ।

१३. आर्थिक तथ्याङ्क व्यवस्थापन एवम् तथ्यमा आधारित नीति तर्जुमाका लागि अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिइनेछ। हरेक मन्त्रालय तथा केन्द्रिय निकायहरूमा सूचना तथा अनुसन्धान कक्षको व्यवस्थापन गरिनेछ। साथै, सूचना प्रविधि र तथ्याङ्क सम्बद्ध कर्मचारीका लागि तथ्याङ्क एवम् अनुसन्धान सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सार्वजनिक खरिद कार्यलाई व्यवस्थित, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी बनाउन सार्वजनिक खरिद सम्बन्धी तालिम, प्रशिक्षण एवम् कार्यशाला सञ्चालन गरिनेछ।

१५. प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा उपलब्ध स्रोतको विवेकपूर्ण एवम् उच्च प्रतिफल परिचालन सुनिश्चित हुने गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। तोकिएको समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न बजेट तर्जुमा र आयोजना व्यवस्थापनका सम्बन्धमा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा नियमावली, २०८०, सुदूरपश्चिम प्रदेश बहुवर्षीय आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८०, प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई कडाइका साथ लागू गरिनेछ।

१६. बजेट तथा कार्यक्रम तर्जुमालाई सहभागितामूलक, मागउन्मुख र यथार्थपरक बनाउन संविधान, बजेट तर्जुमा दिग्दर्शन एवम् नीतिगत र कानुनी प्रावधानको अनुसरण तथा सरोकारवालाहरूसँग घनिभूत छलफल एवम् अन्तरक्रिया गरिनेछ।

१७. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यक्रम संशोधन, रकमान्तर, थप निकासा, स्रोत सुनिश्चितता एवम् बहुवर्षीय ठेक्का बन्दोवस्त सहमतिलाई व्यवस्थित, विधिसम्मत र आवश्यकता र औचित्यमा आधारित बनाइनेछ। वित्तीय पारदर्शीता कायम गर्न औचित्य पुष्टि नहुने खालका खर्च शीर्षक, नयाँ वा थप कार्यक्रम र गैरबजेटरी क्रियाकलापमा बजेट माग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

१८. "प्रदेश सरकारः कृषकको सहयात्री" नाराका साथ कृषि उत्पादनको लागत न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बीउ, वेर्ना, नल, सिंचाई, मल लगायतका उत्पादन सामग्री तथा कृषि कर्जामा प्रदान गर्दै आएको सहुलियतलाई निरन्तरता दिइनेछ। कृषि अनुदानको विद्यमान अवस्थाको पुनरावलोकन गरी अनुदानलाई उत्पादनसँग आवद्ध गरिनेछ। उत्पादनमा आधारित कृषि अनुदानको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिनेछ। कोल्ड स्टोर, दुग्ध तथा माछामासु चिस्यान केन्द्रहरूको विद्युत महशुलमा सहुलियत प्रदान गरिनेछ।

१९. "कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश सरकारको अभियान" सञ्चालन गरी आगामी पाँच वर्षभित्र प्रमुख खाद्यान्न, दाल, तरकारी, मसलाबाली, फलफूल, दुध, मासु र अण्डामा आत्मनिर्भरउन्मुख हुने नीतिलाई निरन्तरता दिइनेछ। सङ्घीय सरकारले कृषिमा लगानी दशक घोषणा गरे बमोजिम सरकारी, निजी, सहकारी तथा विकास साझेदारसँगको सहकार्यमा विशेष कृषि तथा पशुपन्छी उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२०. कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धनका लागि आवश्यकता अनुसार पूर्वाधार निर्माण तथा सुदृढीकरणलाई निरन्तरता दिइनेछ। सिंचाई विस्तारका लागि विद्युतीकरण सहित साना सिंचाई निर्माण र मर्मत कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहसँगको लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।

२१. सार्वजनिक-निजी साझेदारीमा खेतीयोग्य बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसला खेती, कृषि वन, घाँस खेती, पशुपालन तथा अन्य उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। साना किसानका लागि सामूहिक खेती, करार खेती तथा सहकारी खेती प्रबर्द्धन गरिनेछ।

२२. गुणस्तरीय बिउँविजन आपूर्तिमा प्रदेशलाई आत्मनिर्भर बनाउँदै लगिनेछ। बिउँविजन क्षेत्रको अनुगमन तथा नियमनका लागि आवश्यक संस्थागत संरचना तयार गरिनेछ।

२३. "व्यावसायिक कृषि, सम्मानित पेशा" भन्ने नाराका साथ कृषिमा आधारित उद्यम र उद्यमशीलताको प्रबर्द्धन गर्न "भीमदत्त पन्त कृषि पुरस्कार" कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहको समन्वयमा नमूना व्यवसायिक फार्म स्थापना गरी क्रमशः सिकाई केन्द्रको रुपमा विकास गर्दै लगिनेछ। यस्तो सिकाई केन्द्र सञ्चालन गर्ने किसानहरूलाई गुरु

किसानको रुपमा सम्मान गरिनेछ। युवा वर्गलाई कृषिमा आकर्षण गर्न तथा रोजगारीका अवसर सिर्जना गर्नका लागि कृषि पर्यापर्यटनलाई जोड दिइनेछ।

२४. प्रदेशका प्रमुख राजमार्ग तथा सडकखण्ड केन्द्रित कृषिको व्यावसायीकरण कार्यक्रम सञ्चालन गरिनेछ। भैसीको संरक्षण र बढ्दो मागलाई सम्बोधन गर्न भैसीपालनका सम्भाव्य क्षेत्रहरूमा व्यवसायिक भैसीपालन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२५. "रैथाने बाली वस्तुको उत्पादन तथा उपभोग गरौं, खाद्य र पोषण सुरक्षा सुनिश्चित गरौं भन्ने नाराका साथ स्थानीय वाली वस्तुको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्यवस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो, समतामूलक र समानुकूलित खाद्य प्रणालीको विकास गरिनेछ। रैथाने तथा पोषणयुक्त वाली उत्पादन र प्रवर्द्धन तथा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रममा समन्वय र घरबारी बगैचा स्थापना जस्ता कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

२६. सरकारी, गैरसरकारी, निजी क्षेत्र र कृषि सहकारी संस्थाहरूसँगको सहकार्यमा कृषि शिक्षा, कृषि अनुसन्धान एवम् प्रसार क्षेत्रका लागि "कृषि उस्मायन केन्द्रको स्थापना" मार्फत प्रविधि विकास तथा प्रसार सेवालाई प्रभावकारी बनाइनेछ। कृषकको समस्यामा आधारित शोध तथा अनुसन्धान कार्यका लागि कृषि विषयको स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई परिचालन गरिनेछ। "हत्केलामा कृषि सेवा" अवधारणा अनुरुप कृषि प्रविधि र सेवालाई सहजै कृषकले प्रयोग गर्ने गरी आधुनिक कृषि सूचना प्रणालीमा विशेष जोड दिइनेछ।

२७. किसान सूचीकरण अभियानलाई तिव्रता दिन संघ, प्रदेश र स्थानीय तहका बीचमा आवश्यक समन्वय गरिनेछ। कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रक्षेपण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२८. "कृषि उत्पादनको मूल आधार माटो हो" भन्ने नाराका साथ माटोको उर्वरा शक्तिको दिगो व्यवस्थापनका लागि समुदायस्तरमा प्राङ्गारिक तथा गड्यौले मल उत्पादन गर्न कृषकहरूलाई आवश्यक सहयोग गरिनेछ। "प्रदेशको पहिचान सहितको प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरी कृषि उपजको प्रमाणीकरण, ब्राण्डिङ्ग र बजारीकरणमा सहयोग गरिनेछ।

२९. गुणस्तरीय बिउँविजन, बेर्ना, माछाका भुरा उत्पादन तथा नश्ल सुधार गर्न प्रदेशभित्र रहेका सरकारी कृषि, पशुपन्छी तथा मत्स्य फार्म, प्रयोगशाला र केन्द्रको स्तरोन्नति गरिनुका साथै नयाँ स्रोत केन्द्रको सम्भाव्यता अध्ययन गरिनेछ। निजी क्षेत्रबाट सञ्चालित स्रोत केन्द्रहरूको सुदृढीकरण गर्न प्रोत्साहन गरिनेछ।

३०. पशु कल्याणको आधारभूत अवधारणा अनुरुप सामुदायिक वेवारिसे पशु व्यवस्थापनका लागि स्थानीय तहसँगको समन्वय र साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषि बालीमा जंगली जनावरले पुऱ्याइरहेको क्षतिको रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तहसँगको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३१. जुनोटिक र महामारीजन्य पशुपन्छी रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बृहत खोप कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ। बाली एवं पशुपन्छीका रोग, किरा

व्यवस्थापन तथा आकस्मिक सेवा कार्यक्रम सञ्चालन गरिनेछ। दुई वर्षमा खोरेत रोग उन्मूलन गर्ने राष्ट्रिय लक्ष्य अनुरुप प्रदेशमा खोरेत रोग नियन्त्रणको लागि आवश्यक रणनीति बनाई लागू गरिनेछ।

३२. कृषिमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न समानुकूलित कृषि प्रणालीको विकास र प्रवर्द्धन सहित "जलवायु मैत्री कृषि नमूना गाउँ" कार्यक्रम सञ्चालन गरिनेछ। कृषि तथा पशुपन्छी बीमा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। विपद्बाट प्रभावित कृषकहरूका लागि मागमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

३३. प्रदेशभित्र रहेका भूमिहीन दलित, सुकुम्बासी, मुक्त कमैया, कम्लरी, हलिया तथा अव्यवस्थित वसोवासीहरूको व्यवस्थापन, पुर्नस्थापना र जिविकोपार्जन सुधारका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। कृषि, पशुपालन र वन क्षेत्रको अन्तरसम्बन्धमा आधारित भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३४. सहकारी संस्थाहरूको कानून बमोजिम आवश्यक नियमन गरी सुशासन प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ। कृषि तथा पशुपन्छीको उत्पादनदेखि बजारीकरणसम्म कृषि सहकारी संस्थाहरूको भूमिकालाई अभिबृद्धि गर्ने नीति अख्तियार गरिनेछ।

३५. प्रदेशमा सञ्चालन भएका उद्योगहरूको प्रवर्द्धनका लागि नीतिगत सुधारका साथै युवाहरुलाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पूँजीको व्यवस्था मिलाईनेछ।

३६. प्रदेशका लघु, घरेलु तथा साना उद्योगहरूको उत्पादनलाई बजारीकरणमा टेवा पुऱ्याउन सार्वजनिक-निजी-साझेदारीमा प्रदर्शनी स्थल सहितको बिक्री केन्द्र सञ्चालन गरिनेछ।

३७. प्रदेशमा उपलब्ध कच्चा पदार्थको अधिकतम् उपयोग मार्फत आत्मनिर्भर हुनका लागि आवश्यक कच्चा पदार्थको पहिचान गरी उद्योग स्थापनार्थ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

३८. उपभोक्ताको हक अधिकारको संरक्षण, स्वच्छ प्रतिस्पर्धा, गुणस्तरीय बस्तु उत्पादन र वितरण, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण र आपूर्ति व्यवस्थालाई सहज बनाउन प्रभावकारी बजार अनुगमनको कार्यक्रम सञ्चालन गरिनेछ।

३९. उद्योग प्रशासनलाई आधुनिक र सेवाग्राहीमैत्री बनाउन औद्योगिक क्षेत्र व्यवस्थापनलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। स्थानीय सम्भावनाको आधारमा उद्योग क्षेत्रमा आवश्यक जनशक्ति व्यवस्था गरी "एक जिल्ला एक उद्योग" कार्यक्रम सञ्चालन गरिनेछ।

४०. महिला, आदिवासी जनजाति, राउटे, दलित, अपाङ्ग, द्वन्द्व पीडित, सशस्त्र संघर्ष तथा जन आन्दोलनका घाइते, शहीद परिवार, एकल महिला लगायत आर्थिक एवम् सामाजिक रुपले पिछडिएका समुदायको उत्थानका लागि "दशरथ चन्द सीपमूलक र क्षमता अभिबृद्धि कार्यक्रम" सञ्चालन गरिनेछ।

४१. सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित साना उद्योगहरुको स्थापना, सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ।

४२. "उद्यमी युवा, विकासमा टेवा" भन्ने मूल नाराका साथ युवाहरूमा सकारात्मक सोंच, सीप, दक्षता, उद्यमशीलता र नेतृत्व विकास गर्न निजी क्षेत्रलाई "Business Incubation Centre" को अवधारणा कार्यान्वयनमा ल्याउन प्रोत्साहन गरिनेछ। यसका लागि वैदेशिक रोजगारबाट फर्किएका सीप र क्षमतायुक्त युवाहरुलाई निजी क्षेत्रसँग सहकार्य गर्न प्रोत्साहन गरिनेछ।

४३. प्रदेशस्तरमा उत्पादित वस्तु र सेवाहरू प्रदेशस्थित सार्वजनिक निकायमा उपयोग गर्न प्रोत्साहनका लागि "गरौं उत्पादन, राखौं पहिचान" कार्यक्रममा जोड दिइनेछ।

४४. स्थानीय स्रोत, साधन र प्रविधिमा आधारित भई उत्पादन गरिएका हस्तकला, काष्ठकला र मुर्तिकलाजन्य वस्तुहरुको बजारीकरण गर्न मुख्य पर्यटकीय स्थलहरुमा "कोशेली घर" स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यस प्रदेशका विशिष्ट उत्पादनलाई प्रशोधन, बान्डिङ, लेवलिङ्ग, बजारीकरण र गुणस्तर निर्धारण गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

४५. सुदूरपश्चिम प्रदेश पर्यटन विकास गुरुयोजनाले निर्दिष्ट गरेका उद्देश्य प्राप्तिका लागि पर्यटनका मुख्य गन्तव्य स्थलहरूः खप्तड, बडीमालिका, रामारोशन, वैद्यनाथ धाम, शैलेश्वरी, सुर्मादेवी, उग्रतारा, चिसापानी, राजकोंडा, शुक्लाफाँटा, बतासे झरना, परशुराम धाम, घोडाघोडी, बेहडाबाबा, भम्केनी धाम, अजयमेरु कोट, महाभारत लेक, टीकापुर पार्क, भागेश्वर धाम, अपि, सैपाल, जालपादेवी, मालिकार्जुन धाम, मेलौली, त्रिपुरासुन्दरी लगायत पर्यटकीय सम्भावना भएका क्षेत्रहरुमा पर्यटन पूर्वाधारको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ। देवाटन, धार्मिक पर्यटन र पर्या-पर्यटनको लागि पर्यटन सर्किटको सम्भाव्यता अध्ययन गरिनेछ। दार्चुला जिल्लामा "स्वर्गीय प्रेमसिंह धामी व्यास विशेष कार्यक्रम" सञ्चालन गरिनेछ।

४६. "पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार" भन्ने नाराका साथ संघ, प्रदेश र स्थानीय तह एवम् निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन गुरुयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउन हिलसाइड साइकल रुट, स्काई साइकल, बन्जी जम्प, होमस्टे, जिपलाइन, प्याराग्लाइडिङ्ग, र्‍याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधारहरूको विकास गरिनेछ। संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको समन्वय र सहभागितामा पर्यटन महोत्सव आयोजना गरिनेछ।

४७. पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणका माध्यमबाट आर्थिक विकासमा टेवा पुर्‍याउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका ताल तलैयाको संरक्षण र प्रवर्द्धन गरिनेछ।

४८. प्रदेशको कला, संस्कृति, भेषभुषा, रहनसहन र परम्परा झल्किने गरी धार्मिक, सांस्कृतिक, पुरातात्विक र ग्रामिण पर्यापर्यटन प्रवर्द्धन गर्न प्रदेशस्तरमा एकीकृत सांस्कृतिक संग्रहालय निर्माणको थालनी गरिनेछ। निर्माण सम्पन्न भएका संग्रहालयहरू सञ्चालन गर्न आवश्यक मोडालिटी तयार गरिनेछ।

४९. पर्यटन ऐनलाई समसामयिक, व्यावसायिक र पर्यटनमैत्री बनाउन सरोकारवालाहरू समेतको परामर्शमा आवश्यक संशोधन गरिनेछ। साथै, प्रदेश सरकारको सहयोगमा निर्माण भएका पर्यटन पूर्वाधारहरूको यथोचित व्यवस्थापनका लागि हस्तान्तरण तथा सञ्चालन कार्यविधि तर्जुमा गरी हस्तान्तरण प्रक्रिया अगाडि बढाइनेछ।

५०. सम्भाव्यताका आधारमा आवश्यक संख्यामा "नमूना होमस्टे" सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

५१. "सामुदायिक वन प्रदेशको धन" भन्ने नाराका साथ वन पैदावारलाई आर्थिक विकासको साधनको रुपमा उपयोग गर्न आवश्यक नीतिगत र कानूनी सुधार गरिनेछ।

५२. एकीकृत संरक्षण र विकासको अवधारणा बमोजिम वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन पैदावारको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरिनेछ। सोका लागि वन क्षेत्रका सरोकारवालाहरूको संस्थागत क्षमता सुदृढीकरणमा जोड दिइनेछ।

५३. वन, वातावरण, जैविक विविधता, पर्यापर्यटन र जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान र प्रशिक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि विद्यमान संरचनाबाट कार्यमूलक अनुसन्धान र क्षमतामूलक प्रशिक्षण सञ्चालन गरिनुका साथै विश्वविद्यालयसँग समझदारी गरी अध्ययन अनुसन्धानमा आवद्ध वन विज्ञानका विद्यार्थीहरुलाई ईन्टर्नशिपमा सामेल गराइनेछ।

५४. स्थानीय, रैथाने, लोपोन्मुख प्रजाति र उच्चमूल्यका जडिबुटी तथा गैरकाष्ठ वन पैदावारका बिरुवा उत्पादन र वृक्षारोपणमा जोड दिइनेछ। जडिबुटीको पकेट क्षेत्र पहिचान गरी जडिबुटीको दिगो सङ्कलन, प्रशोधन र बजारीकरणका माध्यमबाट मूल्य अभिबृद्धि श्रृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ। साथै, चिउरी, टिमुर, रिठा, नीम, ओखर, डालेचुक जस्ता खेतीको संरक्षण, सम्वर्द्धन एवम् विस्तारमा जोड दिइनेछ। संघसँगको समन्वयमा सेन्टर अफ एक्सेलेन्सको अवधारणा अनुरूप हुने गरी जडीबुटी अनुसन्धान तथा प्रशोधन कार्य अगाडि बढाइनेछ।

५५. वन पैदावारको सदुपयोग गरी राजश्व अभिबृद्धि गर्न र प्राप्त हुने लाभको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था मिलाइनेछ। ढलापडा तथा सुकेका रुखहरूको सङ्कलन तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ। प्रदेशस्थित सार्वजनिक निकायका पूर्वाधारहरू निर्माण तथा फर्निचर उपयोग गर्दा स्वदेशी काठको प्रयोगलाई प्रोत्साहन गरिनेछ। निजी तथा पारिवारिक वनबाट उत्पादित काठ दाउराको सङ्कलन, ओसारपसार र उपयोग प्रक्रियालाई सरलीकृत गरिनेछ।

५६. गरीब, विपन्न तथा सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन, समूहमा आधारित कृषि वन र जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

५७. समुदाय वा निजी क्षेत्रलाई तोकिएको मापदण्ड बमोजिम व्यावसायिक रुपमा वन्यजन्तु पालन गर्न आवश्यक नीतिगत तथा कानुनी संरचना तयार गरिनेछ।

५८. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ। साथै, वन्यजन्तु उद्धारका लागि साधनस्रोत सहितको वन्यजन्तु उद्दार टोली गठन गरी परिचालन गरिनेछ। समुदायमा आधारित वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्न वन समूहहरूलाई प्रोत्साहन गरिनेछ।

५९. वन क्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमै रोकथाम गरी विगतमा भएका अतिक्रमण समेतलाई क्रमशः हटाइनेछ। वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा वन क्षेत्र सुरक्षा तथा अतिक्रमण नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

६०. जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जन न्यूनीकरणबाट प्राप्त हुने लाभलाई हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने गरी उपयोग र व्यवस्थापन गरिनेछ। स्थानीय तह तथा विकास साझेदारहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीकिय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ। वर्षातको पानी सङ्कलन तथा व्यवस्थापन प्रणालीमा जलवायु उत्थानशीलता सुनिश्चित गर्न परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतहरूलाई उपयुक्त प्रविधिहरूसँग एकीकृत गरिनेछ।

६१. सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिबृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणाली कायम गर्ने गरी सुधारका कार्यक्रम कार्यान्वयन गरिनेछ।

६२. वन सम्पदाको संरक्षणमा चुनौतीका रुपमा रहेको वन डढेलो नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिबृद्धि र आवश्यक उपकरणहरूको व्यवस्था गरी समन्वयात्मक रुपमा परिचालन गरिनेछ।

६३. संवेदनशीलताका आधारमा जलाधार क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्दै एकीकृत जलाधार व्यवस्थापन योजना तयार पारी क्रमिक रुपमा लागू गरिनेछ।

६४. आकस्मिक जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि आवश्यक कार्यक्रम तथा बजेट विनियोजन गरी विपद व्यवस्थापन समितिको सिफारिसमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

६५. चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गरी चुरे तराई-मधेश संरक्षण तथा व्यवस्थापन सम्बन्धी गुरुयोजनाले परिलक्षित गरेका नीति र कार्यक्रमसमेतका आधारमा संघ र स्थानीय सरकारसँग समन्वय गरी चुरे क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६६. विकास तथा वातावरण बीच सामञ्जस्यता ल्याउन आयोजना कार्यान्वयन पूर्व वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायको स्वीकृति लिने कानूनी व्यवस्थालाई संस्थागत गरिनेछ।

६७. "जयपृथ्वी बहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम" मार्फत विद्यालय शिक्षामा पहुँच बृद्धि, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाई उपलब्धि सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार पारी एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयका रूपमा विकास गर्दै लगिनेछ।

६८. प्रदेशभित्रका प्राकृतिक स्रोत एवम् स्थानीय सम्भावनाहरूको अध्ययन अनुसन्धान गरी प्रदेशको आर्थिक विकासमा टेवा पुर्‍याउन तथा दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्न सुदूरपश्चिम प्रदेशमा विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि कानून तर्जुमा

गरिनेछ। प्रदेश सरकारको कार्यक्षेत्रभित्र रहेका वन, कृषि, जडिबुटी, बसाइँसराइ, युवा पलायन, जोखिम बस्ती स्थानान्तरण जस्ता विषय क्षेत्रमा अध्ययन अनुसन्धान गरी सरकारलाई पृष्ठपोषण दिन विश्वविद्यालय अन्तर्गत छुट्टै अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

६९. प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई नमूना बालविकास केन्द्रको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। अन्तर्राष्ट्रिय सीमासँग जोडिएका क्षेत्रका बालविकास केन्द्र सुधार, विद्यालयमा शैक्षिक गुणस्तर सुधार र लक्षित समूह आय-आर्जन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि अनुदान सहयोग गरिनेछ। विद्यालय नर्स कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ। बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन र सहयोग गरिनेछ।

७०. अपाङ्गता भएका र सीमान्कृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार निर्माण तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ। बादी समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँचको लागि "बादी उत्थान छात्रवृत्ति कार्यक्रम" लाई निरन्तरता दिइने छ। बादी समूदायका छात्रछात्राहरुको प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच बृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

७१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको गुणस्तर र सान्दर्भिकता अभिबृद्धि गर्न प्राविधिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। पूर्व सिकाईको मान्य विधिवाट सीप परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि "बृत्तिमार्ग निर्देशन सम्बन्धी कार्यक्रम" सञ्चालन गरिनेछ।

७२. गरिब, विपन्न, शहीद, वेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस र विशेषज्ञ चिकित्सा अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा अनुसन्धान एवम् नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ। उच्च शिक्षामा पहुँच विस्तारसँगै गुणस्तरमा सुधार गर्न सामुदायिक क्याम्पसहरुलाई कार्यसम्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

७४. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ। शैक्षिक परामर्श सेवाको अनुमति, सञ्चालन एवम् मापदण्ड निर्धारण कार्यका लागि आवश्यक प्रबन्ध गरिनेछ।

७५. प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपणका लागि अध्ययन गरिनेछ। प्रदेशभित्रका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, कला-साहित्यको पहिचान, उत्थान, संरक्षण

र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। थारु जातिका 'बडघर' र 'भलमन्सा प्रथालाई सम्बर्धन र व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्थाका लागि अध्ययन गरिनेछ। प्रदेशको भाषा तथा संस्कृतिको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि "पहलमान सिहं स्वाँर साहित्य तथा सँस्कृति सम्मेलन" आयोजना गरिनेछ। सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानलाई पूर्णता दिईनेछ। सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी प्रादेशिक पुस्तकालयको रूपमा विकास गरिनेछ।

७६. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको खोज र अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। प्रदेशस्तरीय संग्रहालय स्थापना र सञ्चालन गरिनेछ। एक जिल्ला एक पुरातात्विक सम्पदाको संरक्षण गर्ने कार्यक्रम प्रारम्भ गरिनेछ।

७७. प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ । प्रदेश भित्रका सबै जिल्लाहरूमा क्रमशः बहुउद्देश्यीय रंगशाला निर्माण र स्तरोन्नति गर्दै लगिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ। खेलकुदलाई पर्यटनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन हुने खालका खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।

७८. "प्रदेश स्वयंसेवक परिचालन" कार्यक्रम मार्फत युवाहरूलाई प्रदेशको विकासमा सहभागी गराइनेछ। युवाहरूमा नवप्रवर्तन र आविष्कारप्रति उत्प्रेरणा जगाउन "युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रम" लागू गरिनेछ।

७९. प्रदेश अन्तर्गतका अस्पताल तथा स्थानीय तहका स्वास्थ्य चौकीहरूलाई थप स्तरोन्नति र सुदृढीकरण गरी सबै जिल्ला अस्पताल तथा आयुर्वेद चिकित्सालयमा फिजीयोथेरापी सेवा विस्तार गरिनेछ। विद्यालयसँग योग र ध्यानलाई जोड्न आवश्यक व्यवस्था गरिनेछ। कल्पसनद चिकित्सा पद्धतिको विकास र विस्तारका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

८०. सिकलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्थाका लागि "घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम" लागू गरिनेछ।

८१. "मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम" अन्तर्गत प्रदेशमा कुपोषण न्यूनीकरण र केस व्यवस्थापन गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थामा पोषण पुनर्स्थापना केन्द्रहरू स्थापना, विस्तार र स्तरोन्नति गरिनेछ। सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, टीकापुर अस्पताल, प्रादेशिक आयुर्वेद चिकित्सालय तथा मातहतका स्वास्थ्य निकायहरुको जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ। प्रादेशिक आयुर्वेद चिकित्सालयमा अन्तरंग सेवा सञ्चालन गरी विशेषज्ञ आयुर्वेद सेवा प्रदान गरिनेछ। प्रदेश मातहत रहेका अस्पतालहरूको स्तरोन्नति र क्षमता अभिबृद्धि गरिनेछ। सेती अस्पतालमा क्यान्सर रोगको उपचारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८२. प्रसुति केन्द्रहरू र ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम लाई थप सुदृढीकरण गरी प्रजनन् स्वास्थ्य सम्बन्धी रोगहरू र रुग्णताको पहिचानका साथै समयमै व्यवस्थापनका लागि पहिचान र निदान गर्न विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। प्रत्येक जिल्ला

अस्पतालमा वाल-रोग विशेषज्ञ, स्त्रीरोग विशेषज्ञ र हाड-जोर्नी रोग विशेषज्ञ सेवा सञ्चालनको लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

८३. शारीरिक विकृति र अटिजम भएका बालबालिकाहरूको उचित व्यवस्थापन गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनाका लागि सहायक सामग्री वितरण र समुदायमा आधारित पुनर्स्थापनाका क्षेत्रमा आवश्यक सहयोग गरिनेछ। प्रदेश मातहतका अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको विस्तार र व्यवस्थापन गरिनेछ। एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन प्रादेशिक प्रेषण केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

८४. प्रदेशभित्रका अस्पतालहरूमा रहेका सामाजिक सुरक्षा इकाइलाई थप व्यवस्थित र सुदृढ गरिनेछ। संघ सरकारसँगको समन्वयमा स्वास्थ्य वीमालाई थप विस्तार गरी प्रभावकारी बनाइनेछ।

८५. "मेरो स्वास्थ्य; मेरो जिम्मेवारी" भन्ने नारा सहित नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गरिनेछ। नसर्ने रोग नियन्त्रण र रोकथामका लागि संघ सरकारसँगको समन्वयमा प्रदेश मातहत रहेका नागरिक आरोग्य सेवा केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ। प्रादेशिक अस्पतालहरूमा मानसिक स्वास्थ्य इकाई स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८६. स्थानीय तहसँगको समन्वयमा एकीकृत विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ। सडक दुर्घटनाबाट स्वास्थ्य क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न सुरक्षाकर्मीहरूलाई "बेशिक लाइफ सपोर्ट", "फस्ट एड" जस्ता तालिमहरू सञ्चालन गरी आवश्यक स्वास्थ्य सामग्रीहरू प्रदान गर्ने व्यवस्था गरिनेछ।

८७. प्रदेशस्तरमा पानी, वायु र ध्वनीको गुणस्तर मापनका लागि आवश्यक औजार र यन्त्र-उपकरणको व्यवस्था गरिनेछ। गुणस्तर निगरानी र नियमन गर्नका लागि सरोकार निकायसँग समन्वय गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

८८. स्थानीय तह र संघ सरकारसँगको समन्वयमा विपद, महामारी र किटजन्य रोगहरूको नियन्त्रण र व्यवस्थापनलाई निरन्तरता दिईनेछ। विद्यालय तहमा यस सम्बन्धी सचेतना अभिबृद्धि गर्न आवश्यक सामग्री तयार गरिनेछ।

८९. प्रदेशभित्रका जेष्ठ नागरिकहरुको स्वास्थ्य समस्याहरूको समयमै उचित व्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रादेशिक अस्पतालहरूमा रहेका जेरियाट्रीक इकाईहरुको स्तरोन्नती गरी सेवा सुदृढ गरिनेछ। सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, ""क" वर्गको अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई निःशुल्क परीक्षण र औषधी व्यवस्थापन गरिनेछ। संघबाट सञ्चालनमा रहेका सरकारी अस्पतालहरू प्रदेश मातहत ल्याउनका लागि पहल गरिनेछ।

९०. स्थानीय तहमार्फत जेष्ठ नागरिक समूह गठन र दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनमा जोड दिइनेछ। जेष्ठ नागरिकहरुको उचित संरक्षण तथा सहज जीवनयापनका लागि आवश्यक पूर्वाधार विकास गर्नुका साथै जेष्ठ नागरिक स्याहार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछन्। "सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान" सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ।

९१. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाको क्षमता अभिबृद्धि गरी जीवनस्तर सुधार गरिनेछ। विपन्न, संकटग्रस्त, द्वन्द्व पीडित एवम् वञ्चितिमा परेका व्यक्तिहरूका लागि "स्वर्गीय जयराज भट्ट क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम" सञ्चालन गरिनेछ। साथै विशेषतः थारु, बादी, राजी, सोनाहा, मुक्त हलिया, कम्लरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरी लक्षित आर्थिक-सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ।

९२. बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ। बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि प्रदेश बालकोष स्थापना गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा "सानै छु म, बढ्न देउ, बाल विवाह होईन, पढ्न देउ" अभियान सञ्चालन गरिनेछ।

९३. अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तह, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रको साझेदारीमा सहायक सामग्री वितरण तथा पुनःस्थापना केन्द्रहरूको स्थापना र विस्तार गरी सेवा प्रदान गरिनेछ।

९४. मानव बेचविखन तथा ओसार पसार नियन्त्रणका लागि नीतिगत एवम् संस्थागत सुदृढीकरण गरिनेछ।

९५. विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि गैरसरकारी संघ संस्था र स्थानीय तहसँगको सहकार्यमा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

९६. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनुका साथै लैङ्गिक हिंसा निवारण र लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सुरक्षा निकायसँगको साझेदारीमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। नेतृत्व तहमा भएका महिलाहरूको अर्थपूर्ण सहभागिताका लागि क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। महिलाहरूलाई उद्यम र रोजगारतर्फ प्रोत्साहित गर्न "द्वारीका देवी ठकुरानी महिला सशक्तीकरण कार्यक्रम" सञ्चालन गरिनेछ।

९७. कार्यस्थलमा हुने लैङ्गिक हिंसा, कामदारहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी प्रशिक्षण तथा परामर्श, श्रमिकको स्वास्थ्य परीक्षण, उद्यमशीलताको विकास र उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्न आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ।

९८. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले विदेशमा सिकेको ज्ञान, सीप र प्रविधि अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू

सञ्चालन गरिनेछन्। त्यस्ता श्रमिकहरूको सीप प्रमाणीकरण गरी उनीहरुलाई व्यावसायिक तालिम प्रशिक्षकका रुपमा आवश्यकतानुसार उपयोग गरिनेछ।

९९. निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेश भित्रै रोजगारीको अवसर बृद्धि गरिनेछ। श्रमलाई मर्यादित र व्यवस्थित बनाउन तथा सम्पूर्ण श्रमिकहरुलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१००. आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुर्‍याउन उद्यमशीलता विकास, स्वरोजगारका कार्यक्रम, औद्योगिक जनशक्ति विकास र क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. स्थानीय तहको समन्वयमा वैदेशिक रोजगारलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम् प्रतिफलदायक बनाउन अन्तर्राष्ट्रिय श्रम बजारमा माग हुने सीप तथा पेशाको पहिचान गरी सीप विकास तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ।

१०२. श्रम बजारमा वालश्रम तथा बाध्यकारी श्रमको अन्त्य गर्नका लागि संघ र स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ।

१०३. आगामी संवत् २०८१ देखि २०९० सम्मको समयलाई दलित अधिकार दशक घोषणा गरी दलितहरूको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको अध्ययन गरी गुरुयोजना तयार गरिनेछ। दलित विकास समिति गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न "टिकाराम पार्की दलित सशक्तीकरण सीप विकास कार्यक्रम" सञ्चालन गरिनेछ।

१०४. विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न आयोजनाको छनौट, प्राथमिकीकरण, प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ। साथै, आयोजनाको छनौट तथा विनियोजन कुशलता र बजेट खर्च सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ।

१०५. आयोजनाहरूको लगानी र प्रतिफललाई सुनिश्चित गर्नको लागि "आयोजना जीवन चक्र" को अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण चरण र निर्माण पश्चात् व्यवसायिक योजना सहित दिगो सञ्चालन तथा व्यवस्थापनमा ध्यान दिने व्यवस्था मिलाइनेछ।

१०६. मध्यमकालीन खर्च संरचना र आयोजना बैङ्कको अवधारणा बमोजिम प्रतिफल दिने आयोजनाहरूको छनौट गरी प्रदेश सरकारको करारीय आर्थिक दायित्व घटाउँदै जाने नीति अवलम्बन गरिनेछ।

१०७. प्रदेश गौरव तथा वहुवर्षीय आयोजनाको समीक्षा तथा पुर्नमूल्याङ्कन गरी निर्माण सम्झौता भैसकेका आयोजनाको खण्ड सम्पन्न गर्ने लक्ष्य लिइनेछ।

१०८. विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाइनेछ।

१०९. प्रदेशका नदीहरुमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नयाँ प्रविधिमा आधारित एकीकृत नदीं नियन्त्रण तथा व्यवस्थापन मार्फत सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतियोग्य जमिनको संरक्षण गरी जग्गा उकासको नीति अवलम्बन गरिनेछ।

११०. प्रदेशको खाद्य सुरक्षालाई प्राथमिकतामा राखी कैलाली र कञ्चनपुर जिल्लाको खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन भूमिगत र सतही जलस्रोतको संयोजनात्मक उपयोग हुने गरी सिंचाइ संरचनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन गर्दै जलवायु अनुकूलित सिंचाइमा विशेष जोड दिइनेछ।

१११. जलवायु परिवर्तनका कारण सतही स्रोतहरूको क्षमतामा हुँदै गएको ह्रासलाई मध्यनजर गर्दै जलस्रोतको पुनर्भरण, स-साना जलासययुक्त बहुउद्दशीय आयोजना र सोलार तथा बिजुली पम्पिङ् आयोजनाहरूबाट सिंचाइ सुविधा सुनिश्चित गर्ने नीति लिइनेछ।

११२. प्रत्यक्ष रुपमा उत्पादन र रोजगारीलाई टेवा दिने गरी कृषि तथा वन क्षेत्रसँगको समन्वयमा सिंचाई कार्यका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिनेछ।

११३. निर्माण सम्पन्न भएका सिंचाइ आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि व्यवसायिक योजना (Business Plan) तयार गरी संस्थागत सुधार, क्षमता बृद्धि र सिंचाइ सुशासन अभिबृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

११४. नेपाल सरकारले शत प्रतिशत क्षेत्रमा विद्युतको राष्ट्रिय प्रशारण लाइन पुर्‍याउने लक्ष्य लिएको सन्दर्भमा प्रदेशमा रहेका लघु तथा साना जलविद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाइनमा जोड्न प्रेरित गर्ने र विद्युत खपतलाई उत्पादन तथा रोजगार बृद्धि हुने क्षेत्रमा खपत गर्न प्रोत्साहन गरिनेछ।

११५. विद्युत उत्पादनमा प्रदेश सरकार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न नीतिगत, कानूनी र संरचनागत सुधार गरी सार्वजनिक-निजी सहकार्यलाई प्रोत्साहन गरिनेछ।

११६. खानेपानी आयोजनाहरू निर्माण मात्र हुने तर निर्माण सम्पन्न भएका आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनमा जटिल समस्या उत्पन्न भई खानेपानी सेवा आंशिक वा पूर्ण रुपमा अवरूद्ध भएको परिप्रेक्षमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको व्यवसायिक योजना (Business Plan) तयार गरी सेवा प्रदायकको संस्थागत क्षमता बृद्धि र खानेपानी सुशासन अभिबृद्धि गर्न ठोस कार्यक्रम लागू गरिनेछ।

११७. सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्न "जलाधार देखि उपभोक्ताको धारासम्म पानी शुद्धीकरणको कार्यक्रम" सञ्चालन गरिनेछ।

११८. स्थानीय तहसँगको सहकार्यमा वित्तीय हस्तान्तरण मार्फत खानेपानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सबैका लागि सुरक्षित रुपमा सरसफाई व्यवस्थापन तथा स्वच्छता कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनुका साथै लागत साझेदारीमा स्मार्ट शौचालय निर्माण कार्य सञ्चालन गरिनेछ।

१२०. सडक तथा सडक पुल पूर्वाधारको गत विगत वर्षहरूको करारीय दायित्व र प्रदेश सरकारसँग भएको स्रोत सीमिततालाई मध्यनजर गर्दै प्रदेश गौरव र बहुवर्षीय आयोजनाहरूको निर्माण सम्पन्न गर्न विशेष प्राथमिकता दिइनेछ।

१२१. नयाँ सडक तथा सडक पुल निर्माण गर्दा प्रादेशिक लगानी प्राथमिकता प्राप्त सडकहरूको सूचीबाट कनेक्टीभिटी, उत्पादन र रोजगारी अभिबृद्धि गर्ने आयोजनालाई छनौट गरी प्राथमिकता दिइनेछ। प्रादेशिक सडक गुरुयोजनाको मस्यौदालाई सरोकारवालासँगको छलफलबाट अन्तिम रूप दिइनेछ।

१२२. राष्ट्रिय तथा प्रादेशिक रणनीतिक सडक र राजमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक र एउटा तहबाट अर्को तह जोड्ने रणनीतिक सडकलाई बाह्रै महिना सञ्चालन सुनिश्चितताका लागि प्राथमिकता दिइनेछ।

१२३. हालसम्म पनि सडक सञ्जालसँग नजोडिएका बझाङ्गको साइपाल, बैतडीको सिगास र दार्चुलाको अपिहिमाल गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्य अघि बढाइनेछ। सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवालाई सहज, पहुँचयोग्य एवम् सुरक्षित बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२४. सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ। प्रदेशबाट निर्माण भएका सडकको नियमित तथा आवधिक मर्मत सम्भारको योजना बनाई कार्यान्वयनमा ल्याइनेछ। प्रदेशमा प्रो-बेस सडक निर्माणको सम्भाव्यताको अध्ययन गरिनेछ।

१२५. सवारी साधन र सवारीचालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र आर्काइभिङ गरिनेछ।

१२६. यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई सवारीचालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजश्व भुक्तानी लगायतका सेवाहरूलाई अनलाइन प्रणाली मार्फत थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१२७. प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने व्यवस्था मिलाइनेछ।

१२८. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेसन सहितको एकीकृत स्मार्ट रिफ्रेसमेन्ट सेन्टरको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

१२९. प्रदेशमा शान्ति, सुरक्षा र अमनचयन कायम गरी अपराधको अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक र वैज्ञानिक बनाउन प्रदेश प्रहरीलाई थप दक्ष व्यावसायिक र उच्च मनोबलयुक्त बनाउने गरी क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३०. सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन समेतलाई मध्यनजर गरी प्रदेशका प्रमुख राजमार्गहरूमा सडक सुरक्षा तथा ट्राफिक सचेतना सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१३१. प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ।

१३२. जातीय छुवाछुत तथा भेदभाव, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव वेचविखन, मानव अधिकार र विद्युतीय अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१३३. प्रदेशस्थित कारागारहरूमा विद्यमान भौतिक पूर्वाधार र आधारभूत सुविधा स्तरोन्नति गरी कैदी बन्दीहरुका लागि पुस्तकालय, समय सापेक्ष सीप तथा उद्यम विकास, खेलकुद सामग्री वितरण, संगीत, योग-ध्यान जस्ता अतिरिक्त क्रियाकलापहरूमा जोड दिई कारागारलाई सुधारगृहका रुपमा थप सुदृढीकरण गरिनेछ।

१३४. लागुऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (२०७९-२०८४) कार्यान्वयनमा जोड दिई समुदाय, विद्यालय, स्थानीय तह र गैरसरकारी संस्था समेतको सहभागितामा लागुऔषध बिरुद्धको सचेतना अभियान सञ्चालन, उत्पादन, ओसारपसार, बिक्री वितरण तथा सेवनको नियन्त्रण र पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। प्रदेश अस्पतालहरूसँग आवद्धता गरी लागुपदार्थ दुर्व्यसन विरुद्धको पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याउन आवश्यक अध्ययन गरी सञ्चालन मोडालिटी विकास गरिनेछ।

१३५. मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/८२) को प्रभावकारिता मूल्याङ्कनका आधारमा बाँकी क्रियाकलाप कार्यान्वयनमा जोड दिइनेछ।

१३६. कानून कार्यान्वयनको प्रभावकारिताको अध्ययन गरी आवश्यकताका आधारमा संशोधन तथा नयाँ कानून निर्माण गरिनेछ। साथै, प्रदेशको एकल अधिकार क्षेत्रभित्र तर्जुमा हुन नसकेका कानूनहरू निर्माण गरिनेछ। प्रदेशले निर्माण गर्नुपर्ने आधारभूत कानून तर्जुमामा सहजीकरण गर्न, कानून निर्माण प्रक्रियालाई प्रविधिमैत्री बनाउन, अन्तरतह समन्वय र सहकार्य गर्न एवम् प्रदेश तथा स्थानीय तहका कानून सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने कार्य कानून अनुसन्धान इकाई मार्फत अगाडि बढाइनेछ।

१३७. आमसञ्चार तथा पत्रकारिता क्षेत्रको समग्र क्षमता अभिबृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सरकारका गतिविधिहरू सम्प्रेषण गर्न सञ्चार क्षेत्रलगायत सामाजिक सञ्जालको उचित उपयोग गरिनेछ।

१३८. विपद् सचेतना र सीप तथा क्षमता विकास कार्यलाई सहभागितामूलक बनाई सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू ल्याइनेछ। साथै, विपद प्रभावित व्यक्तिको तत्काल खोज र उद्धार तथा राहत वितरण कार्यका लागि द्रुत सञ्चालन दस्तालाई चुस्त र सक्रिय राख्न क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१३९. यस प्रदेशसँग सीमा जोडिएका अन्तर्राष्ट्रिय नाका भएर वैदेशिक रोजगारीका लागि बाहिरिने र स्वदेश फर्किने नेपाली नागरिकहरूको अभिलेख व्यवस्थापनका लागि आवश्यक प्रविधि विकास गरी कार्यान्वयनमा ल्याइनेछ। यसरी वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूका लागि रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४०. प्रदेश सरकारबाट तर्जुमा भएका कानूनहरुको कार्यान्वयन र त्यसको प्रभाव मूल्याङ्कन गरिनेछ। प्रदेश सरकार मातहत रहेका निकायहरुले तयार गर्ने लिखित जवाफ तथा कानूनी राय सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१४१. प्रदेश सरकार र मातहतका निकाय विरुद्ध जारी भएका रिट आदेशको कार्यान्वयन भए नभएको जानकारी लिई सरकारलाई चुस्त-दुरुस्त बनाउन आवश्यक कानुनी राय, सल्लाह र परामर्श प्रदान गर्ने व्यवस्था मिलाइने छ।

१४२. न्यायिक समितिका पदाधिकारीलाई न्याय सम्पादन तथा न्यायिक प्रक्रियाका सम्बन्धमा थप अभिमुखीकरण गरी कार्यसम्पादन सहजीकरण गरिनेछ।

१४३. प्रदेशको राजधानी निर्माण प्रक्रिया अगाडि बढाइनेछ। सार्वजनिक संगठनहरूलाई नैतिक संगठनका रूपमा विकास गर्न, सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाउँदै सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाउन प्रदेशबाट आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। "हेलो प्रदेश सरकार" कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१४४. कर्मचारी उत्प्रेरणा, असल कार्य वातावरण निर्माण र संस्थागत सुशासनलाई थप सवल एवम् सुदृढ बनाइनेछ। प्रदेश निजामती सेवाको गठन तथा सञ्चालन सम्बन्धी कानूनलाई समसामयिक परिमार्जन गरी प्रदेशमा समायोजन भई कार्यरत कर्मचारीको पदोन्नती लगायत बृत्ति विकास सुनिश्चित गरिनेछ।

१४५. सुशासन प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुका साथै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागू गर्न भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि र नेपाल सरकारले तयार गरेको राष्ट्रिय रणनीति तथा कार्ययोजना बमोजिम प्रदेशस्तरीय भ्रष्टाचार न्यूनीकरण रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् महालेखापरीक्षकको कार्यालयवाट समय समयमा जारी भएका सुझाव तथा निर्देशनहरूको गम्भीरतापूर्वक कार्यान्वयन गरिनेछ। सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्न उक्त सुझाव र निर्देशनहरूको आधारमा प्रदेशका सम्बद्ध नीति, कानून, निर्देशिका, मापदण्डमा क्रमिक रूपमा आवश्यक परिमार्जन एवम् संशोधन गर्ने व्यवस्था मिलाइनेछ।

१४७. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन अनुसन्धान एवम् प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

जनप्रतिनिधिको क्षमता विकास गर्न अनुभव आदानप्रदान, विज्ञसँगको अन्तरक्रिया, कानून निर्माण लगायतका विषयमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१४८. प्रदेशमा कार्यरत कर्मचारीहरूका लागि सेवा प्रवेश तथा सेवाकालीन तालिम र क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरी जनशक्तिको कार्यगत क्षमता विकासमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाइनेछ।

१४९. निजामती कर्मचारी आवासीय विद्यालयमा दक्ष शिक्षकको व्यवस्था एवम् उपयुक्त शिक्षण सिकाई वातावरण तयार गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५०. राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वैयक्तिक अभिलेख प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१५१. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ। विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

१५२. प्रदेश तहबाट जारी भएका ऐन नियमको समसामयिक रुपमा परिमार्जन गरी थप कार्यान्वयन योग्य बनाउन आवश्यक समन्वय गरिनेछ।

१५३. स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरी बेरुजु फछर्यौट र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। साथै, प्रशासनिक क्षमता सुदृढीकरणका लागि अनुसन्धानमूलक संस्थाहरूसँग सहकार्य गरिनेछ।

१५४. वार्षिक विकास कार्यक्रममा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गरिनेछ। मध्यमकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन बजेट तर्जुमाका लागि कोड (संकितीकरण) सम्बन्धी निर्देशिका तर्जुमा तथा दिगो विकास लक्ष्यको समीक्षा प्रतिवेदन तयार गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१५५. प्रदेश आयोजना बैङ्क तर्जुमा दिग्दर्शनमा समावेश भएबमोजिम प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको प्रयोगलाई अनिवार्य गरिने छ।

१५६. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग सामञ्जस्य हुने गरी प्रदेशस्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा गरी प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गरिनेछ।

१५७. आयोजनाको छनौट, कार्यान्वयन र व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ। आयोजना छनौट र प्राथमिकीकरणलाई नियमित कार्य प्रणालीमा आवद्ध गरिनेछ।

१५८. सोह्रौ योजनाको स्वीकृति पश्चात प्रदेशस्तरीय आवधिक योजनामा समेत प्रभाव पर्ने भएको हुँदा उक्त योजनासँग तादात्म्यता कायम गर्नका लागि यस प्रदेशको प्रथम पञ्चवर्षीय (२०७८/७९-२०८२/८३) योजनाको समीक्षा गरी आवश्यक पुनरावलोकन गरिनेछ।

१५९. तर्जुमा भई कार्यान्वयनमा आएका प्रादेशिक क्षेत्रगत नीतिहरुको समीक्षा गरी आवश्यक परिमार्जन गरिनेछ।

१६०. प्रदेश गौरवका आयोजना छनौट सम्बन्धी मापदण्ड निर्धारण गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरिनेछ। विषयगत क्षेत्र समेटिने गरी प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा छनौट गरिनेछ।

१६१. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐनका आधार र संविधानले तोकेको प्रदेशको कार्यक्षेत्रभित्र सञ्चालित आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कानुनी प्रबन्धका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन विधेयक तर्जुमा गरिनेछ।

१६२. प्रदेशस्तरमा अन्तर्राष्ट्रिय सहायता परिचालनको लागि सरकारी, सार्वजनिक, पेशागत संघसंस्था, नागरिक समाज र विकास साझेदारबीच सञ्जालको विकास गरी यस सम्बन्धी अनुभवको आदान-प्रदान मार्फत विशेषज्ञताको विकास गर्ने रणनीति अख्तियार गरिनेछ।

१६३. आवधिक योजना तर्जुमा गर्न बाँकी रहेका यस प्रदेशभित्रका स्थानीय तहहरूमा आवधिक योजना तर्जुमा गर्नका लागि आवश्यक समन्वय र सहयोग गरी योजनाबद्ध विकास प्रयासलाई संस्थागत गरिनेछ।

१६४. आत्मनिर्भर प्रदेश निर्माणका लागि कृषिमा उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न प्रदेशभित्र सतह सिंचाई, भूमिगत सिंचाई, जलश्रोत व्यवस्थापन तथा जलउत्पन्न प्रकोप सम्बन्धी वस्तुगत विवरण सहितको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी सिंचाई तथा जलश्रोत व्यवस्थापन सम्बन्धी उपयुक्त नीति अवलम्बन गरिनेछ।

१६५. प्रदेशमा हुने विकासात्मक क्रियाकलापमा दिगोपना सुनिश्चित गर्न सार्वजनिक, निजी, सहकारी, गैरसरकारी तथा नागरिक समाज लगायतका विकासका बहु-सरोकारवालाबीच समन्वय र सहकार्यको वातावरण निर्माण गरी "स्वच्छ हरित विकास (Clean Green Development)" को नीति अवलम्बन गरिनेछ। यसका लागि आवश्यकता अनुसार नीति तथा कानून तर्जुमा र परिमार्जन समेत गरिनेछ।

१६६. प्रदेश सभाको संस्थागत सुदृढीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ। प्रदेश सभाका माननीय सदस्यहरूको उपचार बीमा गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

१६७. प्रदेश लोक सेवा आयोगको संस्थागत क्षमता विकासका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त दरबन्दीहरूमा पदपूर्ति गर्ने कार्यलाई प्रभावकारी बनाउन आयोगलाई प्रविधियुक्त एवम् स्रोतसाधन सम्पन्न बनाउँदै लगिनेछ।

## २.२ बजेटका सिद्धान्त तथा प्राथमिकता

### २.२.१ बजेटका सिद्धान्त

१. **उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिः** कृषि, वन, उद्योग, पर्यटन तथा पूर्वाधार विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रचुर लगानीमार्फत उत्पादन, उत्पादकत्व र रोजगारी अभिबृद्धि गर्दै उच्च, दिगो, फराकिलो र समन्यायिक आर्थिक बृद्धि हासिल गरी उत्पादनमुखी, आत्मनिर्भर र स्वचालित प्रादेशिक अर्थतन्त्रको निर्माण गरिनेछ। यसका लागि प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन क्षमतामा बढोत्तरी, लगानीमैत्री वातावरण निर्माण र नीतिगत तथा संस्थागत सुधार गरिनेछ। साथै, कृषि क्षेत्रको व्यवसायिकरण, विविधिकरण र आधनिकीकरणमा जोड दिँदै कृषिमा युवाहरूलाई आकर्षण गर्न सहुलियत कार्यक्रमहरू सञ्चालन गरिनेछ। व्यवसायमैत्री वातावरणको निर्माण, पर्यटकीय क्षेत्रहरूको थप पहिचान तथा पर्यटन पूर्वाधारको विकास र विस्तार गरिनेछ। दिगो विकासको मान्यतामा रही गुणस्तरीय, आधुनिक, वातावरणमैत्री भौतिक पूर्वाधारको विकासमा लगानी बढाउने नीति अख्तियार गरिनेछ।

२. **खर्चको प्राथमिकीकरण, विनियोजन दक्षता र सार्वजनिक वित्तमा सन्तुलनः** सार्वजनिक खर्चको आवश्यकता र औचित्य विश्लेषणका आधारमा खर्चको प्राथमिकीकरण गर्दै विनियोजन कुशलता हासिल गरिनेछ। पूर्वतयारी सम्पन्न भएका, आर्थिक एवम् वातावरणीय रूपमा ग्राह्य, कार्यान्वयनयोग्य, आर्थिक बृद्धि एवम् पुँजी निर्माणमा उच्च योगदान पुऱ्याउने र आयोजना बैङ्कमा सुचिकृत भएका आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ। प्रदेश गौरव, बहुवर्षीय एवम् स्रोत सुनिश्चित भएका, रणनीतिक महत्वका आयोजनामा पर्याप्त बजेट विनियोजन गरिनेछ। साना तथा अनुत्पादनशील आयोजना र दोहोरो तेहोरो बजेट विनियोजनलाई निरूत्साहित गरिनेछ। चालु एवम् प्रशासनिक खर्चमा उच्च किफायती कायम गरिनेछ।

   साथै, सार्वजनिक स्रोतलाई मानव पुँजी निर्माण, मानव विकास, आर्थिक सामाजिक पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह, अनुसन्धान र विकास तथा छिटो र उच्च प्रतिफल दिने उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ। सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन कायम गर्न खर्चमा गुणस्तर र दिगोपना, वित्तीय उत्तरदायित्व, पारदर्शिता र जवाफदेहितामा जोड दिइनेछ।

३. **सामाजिक-साँस्कृतिक रूपान्तरण, सामाजिक न्याय र समताः** सबै जातजाति, वर्ग, क्षेत्र र समुदायका मानिसको गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पोषण, आवास र सुरक्षाजस्ता नागरिकका आधारभूत आवश्यकताको प्रत्याभूति गराउने नीति अख्तियार गरिनेछ। शासन र विकासका प्रतिफलमा सबैको समन्यायिक पहुँच कायम गर्दै वञ्चितिकरण हटाउन स्रोतको समुचित बाँडफाँट र उपभोगमा हिस्सेदारी सुनिश्चित गर्ने समन्यायिक वितरण प्रणालीको विकास गरिनेछ। विकासको मूलधारबाट टाढा परेका, पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताका लागि सशक्तिकरण, क्षमता विकास, स्वरोजगार, सामाजिक सुरक्षा, आरक्षण जस्ता कार्यक्रम

सञ्चालन गरी समावेशी र अधिकारमुखी अवधारणाको अभ्यास गर्ने नीति अंगीकार गरिनेछ। साथै, भाषा, कला, मूर्त र अमूर्त सँस्कृति, साँस्कृतिक सम्पदा, इतिहास, संगीत र साहित्यको प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. **मानव पुँजी निर्माण र रणनीतिक परिचालनः** युवाहरूलाई नवीनत् ज्ञान, सीप, तालिम र व्यवसायिक, प्रतिस्पर्धी एवम् प्राविधिक शिक्षा प्रदान गर्दै प्रदेशको आर्थिक सामाजिक विकासमा उपयोग गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई स्वरोजगार बनाउन उद्यमशीलताको विकास, नवप्रवर्तन, स्टार्टअप सहुलियत एवम् प्रोत्साहनको नीतिमा जोड दिइनेछ।

५. **निजी क्षेत्र, लगानी प्रवर्द्धन र पूर्वाधार विकासः** निजी लगानी आकर्षणको वातावरण निर्माण गर्दै सार्वजनिक-निजी साझेदारीमा रूपान्तरणकारी, वातावरणमैत्री, लागतप्रभावी र पुनरूत्थानशील भौतिक पूर्वाधारको विकास र विस्तार गरिनेछ। सडक, खानेपानी तथा सरसफाई, सिंचाई, पुल, भवन, रंगशाला जस्ता भौतिक संरचनाहरूको बहु एवम् साझा उपयोग गर्ने रणनीति तथा निरन्तर मर्मत सम्भार, संरक्षण, सुरक्षा र गुणस्तर परीक्षणको व्यवस्था गरिनेछ।

६. **दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापनः** जलवायु परिवर्तनका सवालहरूलाई प्रदेश सरकारका योजना, नीति, कानून एवम् कार्यक्रममा उच्च प्राथमिकताका साथ मूलप्रवाहीकरण गरिनेछ। भौतिक पूर्वाधारको विकास र विस्तार गर्दा जलवायु परिवर्तनको प्रभावलाई थेग्न सक्ने खालका उत्थानशील, बलिया र दीर्घायु पूर्वाधार निर्माणको सुनिश्चितता गरिनेछ। साथै, जलवायु परिवर्तनका असरलाई निस्तेज गर्न न्यूनिकरण, अनुकूलन र सचेतना अभिबृद्धिमा जोड दिइनेछ। विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन पर्याप्त स्रोत साधनसहित पूर्वतयारी, अनुसन्धान, जनशक्ति विकास, तालिम एवम् प्रशिक्षण र सचेतनामा जोड दिइनेछ।

७. **शासकीय सुधार, सेवा वितरण र सुशासनः** राजनीति र प्रशासनबीचको सम्बन्धलाई प्रभावकारी बनाउँदै प्रदेश सरकारको शासकीय अभ्यासमा कानूनको पालना, पारदर्शिता, उत्तरदायित्व एवम् जवाफदेहिता, संवेदनशीलता र सार्वजनिक सेवा वितरणमा सूचना प्रविधिको उच्च प्रयोग, सहउत्पादन, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता हासिल गरिनेछ। सार्वजनिक निकायमा संस्थागत सुधार, खुलापन, स्वच्छता र निष्पक्षता प्रवर्द्धन गर्दै वित्तीय अनुशासन, भ्रष्टाचाररहितता र सुशासनको प्रत्याभूति गराइनेछ।

८. **अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व परिचालन र सङ्घीयता कार्यान्वयनः** सङ्घीय सरकारबाट प्रदेशलाई प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको पूर्ण र प्रभावकारी उपयोग गरिनेछ। प्रदेशको आन्तरिक राजस्व परिचालन क्षमतालाई अभिबृद्धि गर्दै सङ्घीय अनुदानमा रहेको उच्च परनिर्भरतालाई घटाउँदै लगिनेछ। प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्यको विकास गर्दै प्रदेशबाट स्थानीय तहहरूमा हस्तान्तरण हुने वित्तीय अनुदान र राजस्व बाँडफाँट थप व्यवस्थित र प्रभावकारी बनाउँदै खर्चको प्रभावकारिता अनुगमन र

मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ। सङ्घीयताको सबलीकरण, जनतामा यसको औचित्यबोध र कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक कानून, संस्था एवम् संयन्त्रको निर्माण र संविधान कार्यान्वयनमा जोड दिइनेछ।

९. **सूचना प्रविधि, तथ्याङ्क प्रणाली सुदृढीकरण तथा अनुसन्धान र विकासः** प्रदेश सरकारको सेवा प्रवाह र विकास व्यवस्थापनमा नवप्रवर्तन, सिर्जनशीलता र प्रभावकारिताका लागि सूचना प्रविधिको उच्च प्रयोगमा जोड दिइनेछ। तथ्य प्रमाणमा आधारित योजना, नीति, कानून एवम् कार्यक्रम तर्जुमा गर्न प्रदेशको तथ्याङ्क प्रणालीमा आधुनिकीकरण गर्ने प्रबन्ध मिलाइनेछ। साथै, प्रदेशको आर्थिक विकासमा प्राज्ञिक एवम् वैज्ञानिक अध्ययन, अनसुन्धान र विकासको वातावरण निर्माण गरिनेछ।

### २.२.२ बजेटका प्राथमिकता

१. **रोजगारी सिर्जना, गरिबी तथा आर्थिक असमानता न्यूनिकरणः** प्रदेशमा विद्यमान बेरोजगारी, गरिबी र आर्थिक असमानता न्यूनिकरण गर्न कृषि, उद्योग, पर्यटन र जलस्रोत जस्ता प्राथमिकताका क्षेत्रमा पर्याप्त लगानी गरी औद्योगिकीकरणको विकास तथा उपलब्ध श्रमशक्तिलाई सीप, तालिम तथा क्षमता विकास, उद्यमशीलता, स्वरोजगार र आत्मनिर्भर बनाउने तथा श्रम संस्कृतिको सम्मान गर्ने कार्यक्रमहरू आगामी बजेटमा उच्च प्राथमिकताका साथ विनियोजन गरिनेछन्। प्रदेशलाई उच्च आर्थिक बृद्धि, रोजगारी सिर्जना र राष्ट्रिय पुँजी निर्माणमा उच्च योगदान गर्ने केन्द्रका रूपमा विकास गर्ने प्रभावकारी नीति अख्तियार गरिनेछ। आर्थिक असमानता कम गर्न उपलब्ध स्रोत साधनको विनियोजनमा न्याय कायम, सामाजिक न्याय र समतामा जोड दिइनेछ।

२. **कृषिको आधुनिकीकरण र व्यवसायीकरणः** कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा अभिबृद्धि गर्न यस क्षेत्रको विविधिकरण, व्यवसायिकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणमा उच्च जोड दिइनेछ। यसका लागि कृषि क्षेत्रमा अध्ययन र अनुसन्धान, कृषि पूर्वाधारको विकास र विस्तार, आधुनिक भण्डार गृह निर्माण, प्राविधिक सहायता, कृषि प्रसार, बीउबिजन, मलखाद, बिजुली, यन्त्र उपकरण र कृषि ऋणको ब्याजमा अनुदान जस्ता कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। नश्ल सुधार, पशु स्वास्थ्य, कृषि र पशु बीमा, रैथाने बाली र प्राङ्गारिक तथा जैविक प्रविधिमा आधारित खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। कृषिलाई सम्मानित र मर्यादित पेसाका रूपमा विकास गर्दै सार्वजनिक-निजी-सहकारी क्षेत्रको लगानीमा ठुला तथा व्यवसायिक कृषि तथा पशुपन्छी फार्म सञ्चालनमा सहयोग, समन्वय र साझेदारी गरिनेछ।

३. **पर्यटन क्षेत्रको विकास र विस्तारः** प्रादेशिक अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिबृद्धि गर्न तहगत सरकार, निजी र सामुदायिक क्षेत्रको संयुक्त लगानी तथा प्रयास गरिनेछ। साथै, प्रदेशमा विद्यमान र नयाँ प्राकृतिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक-साँस्कृतिक, आध्यात्मिक एवम् मानव निर्मित पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण,

सुरक्षा, उपयोग र प्रचारप्रसार गरिनेछ। यसका लागि पर्यटकीय पूर्वाधारको विकास र विस्तारमा लगानीको व्यवस्था गरिनेछ।

४. **गुणस्तरीय भौतिक पूर्वाधार विकासः** प्रदेशभित्र ऊर्जा, यातायात तथा सडक, सञ्चार, आवास तथा सहरी विकास, खानेपानी तथा सरसफाई र सिंचाई पूर्वाधार क्षेत्रमा सेवा प्रदायकको संस्थागत सुधार, क्षमता बृद्धि तथा ठूला र रूपान्तरणकारी आयोजनाको निर्माण, विकास र विस्तारलाई उच्च प्राथमिकता दिइनेछ। यसका लागि आयोजना व्यवस्थापन, स्रोत व्यवस्थापन तथा खर्च प्रणालीलाई प्रभावकारी बनाउँदै प्रदेश गौरव, बहुवर्षीय तथा स्रोत सुनिश्चित भएका र रणनैतिक महत्वका आयोजना समयमै सम्पन्न गर्ने गरी पर्याप्त स्रोतको व्यवस्था गरिनेछ। साथै, पूर्वाधार विकासको गुणस्तर जाँच र मर्मत सम्भार मापदण्ड निर्माण गरी अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ। जलवायु परिवर्तन र विपद्को मारलाई थेग्न सक्ने बलिया र गुणस्तरीय पूर्वाधारको विकासमा जोड दिँदै प्रदेश सरकारद्वारा निर्मित एवम् सञ्चालित सडक, पुल, भवन जस्ता भौतिक पूर्वाधारको नियमित मर्मत सम्भारका लागि स्रोत विनियोजन गरिनेछ। आर्थिक सामाजिक रूपमा विपन्न, भूमिहीन, आवासविहीन र विपद्को उच्च जोखिममा रहेका समुदायका जनताका लागि व्यवस्थित आवासको प्रबन्ध मिलाइनेछ।

५. **शिक्षाः** उच्च शिक्षालाई बजारमुखी, प्रतिस्पर्धी, उत्पादनमुखी, जीवनोपयोगी तथा अनुसन्धान र नवप्रवर्तनमा आधारित बनाइनेछ। व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षा, शैक्षिक गुणस्तर र सिकाई उपलब्धिमा जोड दिइनेछ। उच्च शिक्षाको अवसरबाट टाढा परेका वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहज पहुँच कायम गरिनेछ।

६. **स्वास्थ्यः** आधारभूत र विशिष्टीकृत स्वास्थ्य सेवामा आमजनताको सरल, सहज र समान पहुँचको सुनिश्चितता गरिनेछ। स्वास्थ्य पूर्वाधार, आधुनिक स्वास्थ्य यन्त्र उपकरण र दक्ष जनशक्तिको विकासमा जोड दिइनेछ। साथै, आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा पद्धति र योगको विकास र अभ्यासलाई प्रोत्साहन गरिनेछ। महामारी व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा क्षमता विकास गरिनेछ। मानसिक रोगको उपचार र सचेतनालाई जोड दिइनेछ ।

७. **सामाजिक सुरक्षा/संरक्षण, सशक्तिकरण र सामाजिक न्यायः** प्रदेशमा रहेका दलित, महिला, आदिवासी जनजाति, थारु, कमैया, हलिया, अपाङ्गता भएका र विभेद तथा बहिष्करणमा परेका जातजाति, क्षेत्र र समुदायको उत्थान, स्रोत र साधन तथा अवसरमा पहुँच अभिबृद्धि गरिनेछ। सामाजिक कुरीति, छुवाछुत र जातीय, वर्गीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, अपाङ्गता लगायतका आधारमा हुने विभेदको अन्त्य गर्न कानूनको कडा कार्यान्वयन र सचेतना अभिबृद्धिमा जोड दिइनेछ। यसका लागि लक्षित वर्ग विशेष प्रभावकारी कार्यक्रमहरू कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ।

८. **संस्कृतिको संरक्षण, युवा तथा खेलकूद विकास र परिचालनः** स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको अध्ययन, अनुसन्धान र संरक्षणमा युवा परिचालन गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ। आधारभूत र क्रमिक रूपमा आधुनिक खेलकूद पूर्वाधारको विकास, दक्ष र अनुभवी खेल प्रशिक्षक, खेलकूद सामाग्री र पर्याप्त स्रोतको व्यवस्थापन गरी युवाहरूलाई स्थानीय, प्रादेशिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यवसायिक खेलकुदका लागि तयार बनाउने अवसरहरू सिर्जना गरिनेछ। लागुऔषध र दुर्व्यसनीलाई निरूत्साहित र नियन्त्रण गर्दै युवाहरूको क्षमता पहिचान गरी विकास निर्माण, सिर्जनशीलता, अनुसन्धान, नवप्रवर्तन, सामाजिक परिचालन र उत्पादन तथा उत्पादकत्व अभिबृद्धि हुने खालका कार्यक्रम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

९. **जलवायु परिवर्तन, दिगो र हरित विकासः** जलवायु परिर्वतनका असरलाई व्यवस्थापन गर्न आगामी बजेटमा न्यूनिकरण, अनुकूलन र क्षमता विकास तथा सचेतनाका रणनीतिक कार्यक्रमहरू उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छन्। प्रादेशिक दिगो विकासका लक्ष्य हासिल गर्दै राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन वातावरणमैत्री विकास मान्यता तथा हरित विकासको अवधारणालाई प्रदेशका योजना, नीति, कानून एवम् कार्यक्रममा आन्तरिकीकरण गरिनेछ। साथै, भौतिक पूर्वाधार विकास तथा आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन, जैविक विविधता, वातावरण संरक्षण तथा पर्यावरणीय सन्तुलनलाई मध्यनजर गरी हरित विकासको प्रबर्द्धन गरिनेछ।

१०. **संस्थागत सबलीकरण, सूचना प्रविधिको प्रवलीकरण र सुशासनः** प्रादेशिक नीति तर्जुमा र कार्यान्वयन, सार्वजनिक सेवाको प्रारूप निर्माण र वितरण, सार्वजनिक खरिद, सार्वजनिक वित्त व्यवस्थापन र आर्थिक प्रशासनमा विधिको पालना, पारदर्शिता, मितव्ययिता, स्वच्छता, जवाफदेहिता र उत्तरदायित्वको प्रवर्द्धन गर्दै शासकीय संयन्त्रको सवलिकरण र कर्मचारीको क्षमता विकास गरिनेछ। साथै, राजनितिक र प्रशासनिक क्षेत्रमा सदाचार, नैतिकता, सत्यनिष्ठाको प्रवर्द्धनमा जोड दिँदै वित्तीय अनुशासन र सुशासन कायम गरिनेछ। यसका लागि नीति निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहमा सूचना प्रविधिको उच्च प्रयोग तथा डिजिटलाइजेसन, तथ्य प्रमाण तथा अनुसन्धानको उपयोग, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, अनुशासन र वस्तुनिष्ठ दण्ड र पुरस्कार प्रणालीको प्रबन्ध गरी विद्युतीय सुशासन कायम गरिनेछ।

११. **सार्वजनिक-निजी-सहकारी साझेदारी र लगानीमैत्री वातावरण निर्माणः** सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच समन्वय, सहकार्य, सहलगानी र सहवित्तीयकरणको माध्यमबाट उत्पादनशील र सामाजिक विकासको क्षेत्रमा लगानी अभिबृद्धि गरिनेछ। यसका लागि प्रादेशिक नीति तथा कानुनी संयन्त्रको स्थापना र आवश्यक सुधार गरी प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गरिनेछ। विकास साझेदार तथा गैर-सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमलाई प्रदेश सरकारका कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेशको प्राथमिकताका र उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ।

१२. **बजेट प्रणाली सुधार, विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धिः** बजेट तर्जुमा प्रक्रिया, आयोजना पहिचान र छनोट र बजेट विनियोजन तथा आयोजना कार्यान्वयन, खर्च प्रणाली र वित्तीय अनुशासन प्रणालीमा आमूल सुधार गरी बजेट प्रणालीको अनुमानयोग्यता, विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अभिबृद्धि गरिनेछ। आयोजना छनोट तथा विनियोजन गर्दा प्रदेश आयोजना बैङ्कमा प्रविष्ट एवम् स्वीकृत भएका, पूर्वतयारी सम्पन्न भएका, प्रादेशिक आवश्यकता र आर्थिक बृद्धि, रोजगारी सिर्जना तथा पुँजी निर्माणमा योगदान पुऱ्याउने ठुला र रूपान्तरणकारी आयोजनालाई उच्च प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरिनेछ। साना र अनुत्पादनशील आयोजनामा रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै आयोजनाको संख्यामा कटौती गरिनेछ। बजेट कार्यान्वयनलाई व्यवस्थित, समयबद्ध र प्रभावकारी बनाउन बजेट कार्यान्वयन कार्ययोजना, खरिद गुरूयोजना, स्रोत सुनिश्चितता, पर्याप्त विनियोजन, समयमै कार्यक्रम संशोधन तथा रकमान्तर र निकासा कार्य र अनुगमन तथा मूल्याङ्कन एवम् तथ्याङ्क प्रणालीको अवलम्बनलाई कडाईका साथ लागू गरिनेछ।

१३. **आन्तरिक स्रोत परिचालन र अन्तरसरकारी वित्तको उपयोगः** प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन संविधानप्रदत्त आर्थिक अधिकारको पूर्णरूपमा प्रयोग, राजस्वका सम्भावनाको पहिचान, राजस्व सङ्कलनको प्रयास र चुहावटलाई नियन्त्रण गरिनेछ। स्थानीय तहबाट प्रदेश सरकारले प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको दस्तुर प्राप्तिका लागि आवश्यक समन्वयको नीति अवलम्बन गरिनेछ। यातायात व्यवस्था कार्यालयहरूको संस्थागत सुदृढीकरण र क्षमता विकास गरी सेवा प्रवाह र राजस्व सङ्कलनमा सुधार ल्याइनेछ। साथै, सङ्घीय सरकारको वित्तीय हस्तान्तरणप्रतिको निर्भरतालाई घटाउँदै लगिनेछ। यसका लागि उपलब्ध स्रोत साधनको उच्चतम् परिचालन गरिनुका अतिरिक्त सङ्घीय सरकारसँग वित्तीय हस्तान्तरणको रकम बृद्धिका लागि पहल गरिनेछ।

# परिच्छेद-३

# वित्तीय अवस्थाको विश्लेषण

## ३.१ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३ सम्म) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानून बमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ।

## ३.२ प्रदेश सञ्चित कोष

आर्थिक वर्ष २०८१/८२ मा रू. ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार कूल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ६० करोड ७० लाख १५ हजार, सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब ४२ करोड १९ लाख, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ९ अर्ब ९९ करोड ९ लाख, रोयल्टीवापत प्राप्त हुने रू. ४ करोड ४ लाख ५५ हजार र आर्थिक वर्ष २०८०/८१ को नगद मौज्दातबाट रू. ६ अर्ब १५ करोड ८३ लाख ५८ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको थियो। समीक्षा अवधिमा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. १० अर्ब ६९ करोड ७९ लाख ७१ हजार ८ सय, राजस्व बाँडफाँटबाट रू. ९ अर्ब ७ करोड ७८ लाख २५ हजार, आन्तरिक राजस्व सङ्कलनबाट रू. १ अर्ब ५६ करोड १४ लाख ७३ हजार, रोयल्टीबाट रू. ६ करोड १४ लाख २ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रू. ३ अर्ब ४४ करोड ३४ लाख ४२ हजार गरी जम्मा रू. २४ अर्ब ९५ करोड ५२ लाख ६३ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

## ३.३ सुदूरपश्चिम प्रदेश सरकारको हालसम्मको बेरूजूको अवस्था

प्रदेशका बेरूजुलाई निकायगत रुपमा एकिकृत डेटाबेसमा प्रणालीबद्ध गरी फछ्र्यौट तथा सम्परीक्षण गर्ने र सोको प्रगति प्रतिवेदन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सफ्टवेयरको विकास गरी सञ्चालनमा ल्याईएको छ।

आर्थिक वर्ष २०८०/८१ मा रु. ९ करोड २ लाख बेरुजु असुल उपर भएकोमा आर्थिक वर्ष २०८१/८२ को चैत्रमसान्तसम्ममा रु. ४ करोड ७१ लाख बेरुजु असुल उपर भएको छ।

तालिका १ बेरुजु प्राप्ति (रु. लाखमा)

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| बेरुजु प्राप्ति | ३६९ | ३२१ | ४५७ | ९०२ | ४७१ |

*चैत्र मसान्तसम्मको

महालेखा परीक्षकको लेखापरीक्षण सम्वन्धी वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ मा प्रदेशमा थप भएको बेरुजु २०७९/८० भन्दा ३३ प्रतिशतले बृद्धि भई रु. ५० करोड ७ लाख पुगेको छ। आर्थिक वर्ष २०८०/८१ सम्मको बाँकी बेरुजु रु. २ अर्ब ९८ करोड ४० लाख रहेको छ भने पेश्की बाहेकको बेरुजु रु. २ अर्ब ६० करोड ८१ लाख रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म पेस्की बाहेकको कुल बेरुजु रु. २ अर्ब १० करोड ९९ लाख रहेको थियो।

तालिका २: बेरुजुको अवस्था (रकम रु. लाखमा)

| आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| छैठौं प्रतिवेदनसम्मको बाँकी बेरुजु | १५४९२ | २३९२० | २६८२९ |
| यस आर्थिक बर्षमा सम्परीक्षण भएको | ७७२ | | २२०७ |
| सम्परीक्षणबाट कायम भएको थप | ४ | ८५४ | २११ |
| गत बर्ष सम्मको बाँकी | १४७२४ | २३०६५ | २४८३३ |
| यो वर्षको थप | ९१९६ | ३७६४ | ५००७ |
| आर्थिक वर्षसम्मको बाँकी | २३९२० | २६८२९ | २९८४० |
| बेरुजु बाँकी मध्ये पेस्की | ४३०९ | ५७३० | ३७५९ |
| पेस्की बाहेको बेरुजु | १९६११ | २१०९९ | २६०८१ |

स्रोतः महालेखा परीक्षकको कार्यालय, २०८१

## ३.४ प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले हालसम्म आन्तरिक ऋण लिएको छैन।

## ३.५ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

### ३.५.१ निक्षेप तथा कर्जा

२०८२ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप रु. १ खर्ब ७३ अर्ब ८३ करोड ८० हजार पुगेको छ भने बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा रु. १ खर्ब ५७ अर्ब ४० करोड ४० लाख ६० हजार पुगेको छ। उक्त विवरणलाई तलको तालिकामा देखाइएको छ।

तालिका ३: जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रू. हजारमा)

| जिल्ला | निक्षेप | | कर्जा | |
|---|---|---|---|---|
| | रकम | हिस्सा % | रकम | हिस्सा % |
| बाजुरा | ४४३०५५० | २.५५ | १५१४८३० | ०.९६ |
| बझाङ | ६०७७१७० | ३.५ | २०७०४४० | १.३२ |
| दार्चुला | ७३७६१३० | ४.२४ | २२८८२२० | १.४५ |

| जिल्ला | निक्षेप | | कर्जा | |
|---|---|---|---|---|
| | रकम | हिस्सा % | रकम | हिस्सा % |
| बैतडी | ८५१७३०० | ४.९ | २०५८०७० | १.३१ |
| डडेल्धुरा | ९५६३६३० | ५.५ | ४९८७२९० | ३.१७ |
| डोटी | ७५६५२८० | ४.३५ | २९५०१६० | १.८७ |
| अछाम | ७००४४२० | ४.०३ | २८५३९५० | १.८१ |
| कैलाली | ८३६६३४५० | ४८.१३ | १०८२१४०२० | ६८.७५ |
| कञ्चनपुर | ३९६३२१५० | २२.८ | ३०४६७०८० | १९.३६ |
| **जम्मा** | **१७३८३००८०** | **१००** | **१५७४०४०६०** | **१००** |

स्रोतः सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदन २०८१/८२, नेपाल राष्ट्र बैङ्क

सुदूरपश्चिममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८.१३ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.५५ प्रतिशत रहेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.७५ प्रतिशत र बाजुरा जिल्लाको सवैभन्दा कम अर्थात् ०.९६ प्रतिशत प्रतिशत रहेको छ।

### ३.५.१ सहकारी क्षेत्र

सहकारी क्षेत्रलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा तथा सहकारी संस्थालाई स्थानीय तहको एकल अधिकार र तीनै तहको साझा अधिकारको सूचीमा समेत राखिएको छ।

आर्थिक वर्ष २०८१/८२ सम्म प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका जम्मा ३१४ वटा सहकारी संस्था CoPoMIS मा प्रविष्ट भएका छन्। प्रदेशको कार्यक्षेत्रभित्र रहेका ३८१ सहकारी संस्थामा १ हजार ५ जना कर्मचारी कार्यरत रहेका छन्। कूल शेयर सदस्य संख्या २ लाख ३ हजार ७ सय ३ जना र बचतकर्ताहरूको संख्या १ लाख ९८ हजार २३ जना रहेको छ।

प्रदेश सहकारी संस्थामध्ये विषयगत सहकारीमा रू. १ अर्ब २२ करोड ४६ लाख ४९ हजार ६ सय १५, बचत तथा ऋण सहकारीमा रू. २ अर्ब ८५ करोड ७५ लाख १५ हजार ७ सय ६८, बहुउद्देश्यीय सहकारीमा रू ३ अर्ब ४२ करोड ९० लाख १७ हजार ९ सय २२ र उत्पादनमूलक सहकारीमा रू ६५ करोड ३१ लाख ४६ हजार ४ सय ६१ गरी कुल बचत रकम रू ८ अर्ब १६ करोड ४३ लाख ३० हजार ७ सय ६६ रहेको छ। उल्लेखित सवै सहकारीबाट हालसम्म रू. ७ अर्ब ६९ करोड ९२ लाख ७५ हजार २ सय ९५ ऋण प्रवाह भएको छ। आर्थिक वर्ष २०८१/८२ सम्म प्रदेशभित्र रहेका सहकारीको विवरण देहाएको तालिकामा देखाइएको छ।

तालिका ४: प्रदेशमा रहेका सहकारीहरूको विवरण

| **सहकारीको किसिम** | **प्रदेशस्तरीय** | **कैलाली** | **कञ्चनपुर** | **डडेल्धुरा** | **बैतडी** | **दार्चुला** | **बझाङ** | **डोटी** | **अछाम** | **बाजुरा** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बचत तथा ऋण | १ | २५ | १९ | ७ | १७ | १७ | १२ | ५ | १८ | १५ | १३६ |
| बहुउद्देशीय | ० | ३५ | ३९ | ८ | ४ | ३ | ४ | ५ | १४ | ७ | ११८ |
| कृषि | १ | २६ | २१ | ४ | १० | ३ | २ | ० | ९ | ८ | ७५ |
| ग्रामिण विद्युत | ० | ९ | ७ | ० | २ | ० | ० | ० | ० | ० | १८ |
| दूग्ध | ० | ५ | ४ | १ | ० | ० | ० | ० | ० | ० | १० |
| श्रमिक | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| स्वास्थ्य | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | १ | ४ |
| जडिबुटी | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ३ |
| सचार | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | २ | ४ |
| उपभोक्ता | ० | १ | ५ | ० | ० | ० | ० | ० | १ | ० | ७ |
| मौरीपालन | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| वातावरण | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| सु प थोक उपभोक्ता विशिष्टकृत | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| **जम्मा** | ३ | १०४ | ९६ | २५ | ३४ | २४ | १८ | १० | ३४ | ३३ | ३८१ |

सहकारी संस्था दर्ता पश्चात नियामक निकायमा आवधिक रुपमा आउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था नरहेको कारण सहकारी संस्थाको अद्यावधिक विवरण तयार गर्न समस्या भएको तथा सहकारी ऐन संशोधनका सिलसिलामा नवीकरणको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।

# परिच्छेद-४
# वार्षिक विनियोजन तथा खर्चको विश्लेषण

## ४.१ वार्षिक अनुमान र प्राप्ति

प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ को स्रोतगत आय अनुमान र यथार्थ प्राप्ति देहाय बमोजिम रहेको छ।

तालिका ५: स्रोतगत आय अनुमान र यथार्थ प्राप्तिको तुलना (रकम रू. हजारमा)

| क्र.सं. | स्रोत | आ.व. २०८०/८१ | | | आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|
| | | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
| १ | आन्तरिक राजस्व | १५००००० | १२५१६७३ | ८३.४४ | १६०७०१५ | १५६१४७३ | ९७.१७ |
| २ | राजस्व बाँडफाँट | ९४११७०० | ७३६४७३२ | ७८.२५ | ९९९१९०० | ९०७७८२५ | ९०.८५ |
| ३ | रोयल्टी | ६५६०८ | ३२४६९ | ४९.४९ | ४०४५५ | ६१४०२ | १५१.७८ |
| ४ | नगद मौज्दात | ३८६६७२४ | ४५६०१९१ | ११७.९३ | ६१५८३५८ | ३५४३४४२ | ७०.५९ |
| **प्रदेश स्रोत जम्मा (क)** | | **१४८४४०३२** | **१३२०९०६५** | **८८.९९** | **१७७९७७२८** | **१५०४८०२५** | **८४.५५** |
| ५ | समानीकरण अनुदान | ८५२०३०० | ६३१४३९२ | ७४.११ | ८७२२७०० | ८००३९५० | ९१.७६ |
| ६ | सशर्त अनुदान | ४५११६०० | २५३५१८२ | ५६.१९ | ३१३३४०० | १६६७९३८ | ५३.२३ |
| ७ | विशेष अनुदान | ६२०००० | १८११२७ | २९.२१ | ५५६००० | १९६८४५ | ३५.४० |
| ८ | समपूरक अनुदान | ७७०००० | ६१८८५२ | ८०.३७ | १४२०००० | ८२९२३९ | ५८.४० |
| **संघ अनुदान जम्मा (ख)** | | **१४४२१९००** | **९६४९५५३** | **६६.९१** | **१३८३२१००** | **१०६९७९७२** | **७७.३४** |
| कूल जम्मा (ख)+(क) | | २९२६५९३२ | २२८५८६१८ | ७८.११ | ३१६२९८२८ | २५७४५९९७ | ८१.४० |

### ४.१.१ आन्तरिक राजस्व परिचालनको अवस्था

आर्थिक बर्ष २०८१/८२ मा आन्तरिक राजस्वतर्फ कुल रु. १ अर्ब ५६ करोड १४ लाख ७३ हजार प्रास भएकोमा कर राजस्वतर्फको प्रासि ६३.०४ प्रतिशत रहेको छ भने गैरकर राजस्वतर्फको प्रासि २६.९६ प्रतिशत रहेको छ। समिक्षा अवधिमा कुल राजस्व सङ्कलनको आकारलाई मध्यनजर गरी शिर्षकगत योगदानलाई हेर्दा कर राजस्वतर्फ घरजग्गा रजिष्टेशन दस्तुरमा सबैभन्दा बढी ३२.९७ प्रतिशत सङ्कलन भएको छ भने सवारी साधन करतर्फ ३०.०३ प्रतिशत सङ्कलन भएको छ। यसैगरी, गैरकर राजस्वतर्फ चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुरको योगदान १५.९६ प्रतिशत र वनक्षेत्रको आम्दानीको योगदान ५.५२ प्रतिशत रहेको छ।

तालिका ६:आन्तरिक राजस्व परिचालनको अवस्था (रकम रु. हजारमा)

| राजस्व स्रोत | प्राप्ति | योगदान प्रतिशत |
|---|---|---|
| ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | ५१४७७८ | ३२.९७ |
| ११४५६-बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ४६८९६५ | ३०.०३ |
| ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ९३ | ०.०१ |
| ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ४५६ | ०.०३ |
| ११६११-व्यवसायले भुक्तानी गर्ने | ४ | ०.०० |
| १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | २८७१ | ०.१८ |
| १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १५७२७ | १.०१ |
| १४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | ९९८२ | ०.६४ |
| १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ५४७ | ०.०४ |
| १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | ३४३ | ०.०२ |
| १४२१९-अन्यसेवा शुल्क तथा विक्री | ५ | ०.०० |
| १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ११८ | ०.०१ |
| १४२२४-परीक्षाशुल्क | २६४७३ | १.७० |
| १४२२५-यातायातक्षेत्रको आम्दानी | २९४४१ | १.८९ |
| १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | २९८२४ | १.९१ |
| १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४०६७९ | २.६१ |
| १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | २४९१३९ | १५.९६ |
| १४२६४-वन क्षेत्रको अन्य आय | ८६२३८ | ५.५२ |
| १४२६५-अन्य क्षेत्रको आय | २२४९ | ०.१४ |
| १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | २०३५६ | १.३० |
| १४३१३-धरौटी सदरस्याहा | ९७१ | ०.०६ |
| १४५२९-अन्यराजस्व | २ | ०.०० |
| १५१११-बेरूजू | ५८९९२ | ३.७८ |
| १५११२-निकासा फिर्ता | २४०६ | ०.१५ |
| १५११३-अनुदान फिर्ता | ८१६ | ०.०५ |
| **जम्मा प्राप्ति** | **१५६१४७३** | |

### ४.१.२ रोयल्टी प्राप्तिको अवस्था

आर्थिक बर्ष २०८१/८२ मा आन्तरिक रोयल्टी शिर्षकहरुमा कुल रु. ६ करोड १४ लाख २ हजार प्राप्त भएको छ जसमध्ये वन रोयल्टी ५१.३३ प्रतिशत र विद्युत सम्वन्धी रोयल्टी ४८.४७ प्रतिशत रहेको छ।

तालिका ७: रोयल्टी बाँडफाँटको प्राप्तिको अवस्था (रकम रु. हजारमा)

| रोयल्टी शिर्षक | रोयल्टी प्राप्ती | प्रतिशत |
|---|---|---|
| १४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३१५२० | ५१.३३ |
| १४१५४-बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ६१ | ०.१० |
| १४१५६-बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २९७६३ | ४८.४७ |
| १४१५८-बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ५७ | ०.०९ |
| **कुल प्राप्ति** | **६१४०२** | |

### ४.१.३ सङ्घीय राजस्व बाँडफाँट प्राप्तिको अवस्था

आर्थिक बर्ष २०८१/८२ मा सङ्घीय राजस्व बाँडफाँटबाट कुल रु. ९ अर्ब ७ करोड ७८ लाख २५ हजार प्राप्त भएको छ जसमध्ये मूल्य अभिवृद्धि करबाट ७४.११ प्रतिशत र अन्त शुल्कबाट २५.८९ प्रतिशत रहेको छ।

तालिका ८: बाँडफाँट भई प्राप्त हुने सङ्घीय राजस्वको प्राप्तिको अवस्था (रकम रु. हजारमा)

| राजस्व शिर्षक | प्राप्ति | अनुपात |
|---|---|---|
| ११४११-बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६७२७५०६ | ७४.११ |
| ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | २३५०३१९ | २५.८९ |
| **कुल प्राप्ति** | **९०७७८२५** | |

## ४.२ वार्षिक बजेट विनियोजन र खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेश सरकारबाट भएको सुरू विनियोजन र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।


तालिका ९: प्रदेशको वार्षिक बजेट विनियोजन र खर्च (रकम रू. हजारमा)

| सि.नं. | शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ९४७५६४५ | ६७५३११३ | ७५.६६ |
| २ | पुँजीगत | १८७६२४२३ | १२४७४७२८ | ६६.४९ |
| ३ | वित्तीय व्यवस्था | १०००० | ० | ०.०० |
| ४ | वित्तीय हस्तान्तरण (स्थानीय तह) | ३३८१७६० | २९७४७१५ | ८७.९६ |
| **जम्मा** | **जम्मा** | **३१६२९८२८** | **२२२०२५५५** | **७०.१९** |

आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको कूल रकम रू. ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारमध्ये आर्थिक वर्षको अन्त्यसम्ममा विनियोजनको तलुनामा चालुतर्फ ७१.२६

प्रतिशत, पुँजीगततर्फ ६६.४८ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ ८७.९६ प्रतिशत गरी कुल रू. २२ अर्ब २० करोड २५ लाख ५५ हजार अर्थात् कुल विनियोजन ७०.१९ प्रतिशत कुल खर्च भएको छ। यस आर्थिक वर्षमा वित्तीय व्यवस्थातर्फ खर्च भएको छैन।

स्तम्भचित्र १: वार्षिक बजेट विनियोजन र खर्च




## ४.३ मन्त्रालय/निकायगत खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशका मन्त्रालय/निकायको लागि विनियोजित बजेट र असार मसान्तसम्म भएको खर्चको विवरण निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ।

तालिका १०: निकायगत विनियोजन र खर्च रकम (रू. हजारमा)

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजीगत | कूल जम्मा |
|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | शुरू विनियोजन | १६५४३६ | १६३४६ | १८१७८२ |
| | खुद विनियोजन | १६६१८० | १७०६६ | १८३२४६ |
| | खर्च | १४०१९२ | १६०१६ | १५६२०८ |
| | खर्च प्रतिशत | ८४.७४ | ९७.९८ | ८५.९३ |
| प्रदेश लोक सेवा आयोग | शुरू विनियोजन | ७४२६८ | ५००० | ७९२६८ |
| | खुद विनियोजन | ७४२६८ | ५००० | ७९२६८ |
| | खर्च | ४५९३० | ३६३९ | ४९५६९ |
| | खर्च प्रतिशत | ६१.८४ | ७२.७८ | ६२.५३ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | शुरू विनियोजन | ३१९५३२ | ३३२३५ | ३५२७६७ |
| | खुद विनियोजन | २८२८३२ | २९४३५ | ३१२२६७ |
| | खर्च | १८३०५८ | २४६८५ | २०७७४३ |
| | खर्च प्रतिशत | ५७.२९ | ७४.२७ | ५८.८९ |
| आर्थिक मामिला मन्त्रालय | शुरू विनियोजन | १९०५२७ | २९०७५ | २१९६०२ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुंजीगत | कूल जम्मा |
|---|---|---|---|---|
| | खुद विनियोजन | १७१४१६ | ३४८२५ | २०६२४१ |
| | खर्च | १०६३२७ | ३२८२१ | १३९१४८ |
| | खर्च प्रतिशत | ५५.८१ | ११२.८८ | ६३.३६ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | शुरू विनियोजन | १००४९९९ | ८९३०६१ | १८९८०६० |
| | खुद विनियोजन | १०११८८५ | ९०२५६१ | १९१४४४६ |
| | खर्च | ७७०५८४ | ६२९५०९ | १४०००९३ |
| | खर्च प्रतिशत | ७६.६८ | ७०.४९ | ७३.७६ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | शुरू विनियोजन | २६४४६२१ | २७२२१९ | २९१६८४० |
| | खुद विनियोजन | २५५१५३६ | २५२२१९ | २८०३७५५ |
| | खर्च | १७९७७८६ | ६८५२८ | १८६६३१४ |
| | खर्च प्रतिशत | ६७.९८ | २५.१७ | ६३.९८ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | शुरू विनियोजन | १२१५५० | २४३२०१ | ३६४७५१ |
| | खुद विनियोजन | १०६३५० | १२६३०१ | २३२६५१ |
| | खर्च | ६०२३४ | ३१५७४ | ९१८०८ |
| | खर्च प्रतिशत | ४९.५५ | १२.९८ | २५.१७ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | शुरू विनियोजन | ४९३१३२ | १४१०४७५२ | १४५९७८८४ |
| | खुद विनियोजन | ४९२२७४ | १४४१५४५२ | १४९०७७२६ |
| | खर्च | ३७७७८३ | १००१२३५५ | १०३९०१३८ |
| | खर्च प्रतिशत | ७६.६१ | ७०.९९ | ७१.१८ |
| सामाजिक विकास मन्त्रालय | शुरू विनियोजन | ४०४१४२१ | २९१३७३४ | ६९५५१५५ |
| | खुद विनियोजन | ४०८९८३३ | २३७०६२८ | ६४६०४६१ |
| | खर्च | ३२४२१५३ | १६५४४२० | ४८९६५७३ |
| | खर्च प्रतिशत | ८०.२२ | ५६.७८ | ७०.४० |
| प्रदेश योजना आयोग | शुरू विनियोजन | ४०२७३ | १८०० | ४२०७३ |
| | खुद विनियोजन | ४४१६२ | १९०० | ४६०६२ |
| | खर्च | २९०६६ | ११८१ | ३०२४७ |
| | खर्च प्रतिशत | ७२.१७ | ६५.६२ | ७१.८९ |
| अर्थ - वित्तीय व्यवस्था | शुरू विनियोजन | ० | ० | १०००० |
| | खुद विनियोजन | ० | ० | १०००० |
| | खर्च | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० |
| अर्थ - विविध | शुरू विनियोजन | ३७९८८६ | २५०००० | ६२९८८६ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजीगत | कूल जम्मा |
|---|---|---|---|---|
| | खुद विनियोजन | ११६४२७ | ६०७१३५ | ७२३५६३ |
| | खर्च | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० |
| स्थानीय तह | शुरू विनियोजन | ३३८१७६० | ० | ३३८१७६० |
| | खुद विनियोजन | ३७८९१४० | ० | ३७८९१४० |
| | खर्च | २९७४७१५ | ० | २९७४७१५ |
| | खर्च प्रतिशत | ८७.९६ | | ८७.९६ |
| **कूल शुरु विनियोजन** | | | | **३१६२९८२८** |
| **कूल खुद विनियोजन** | | | | **३१६६८८२८** |
| **कूल खर्च** | | | | **२२२०२५५५** |
| **सुरू विनियोजनको तुलनामा खर्च प्रतिशत** | | | | **७०.१९** |

आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालय/निकायगत विनियोजन भएको सुरू बजेटमध्ये आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश व्यवस्थापिकाबाट ८५.९३ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट ६२.५३ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ५८.८९ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट ६३.३६ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट ७३.७६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट ६३.९८ प्रतिशत, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट २५.१७ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ७१.१८ प्रतिशत, सामाजिक विकास मन्त्रालयबाट ७०.४० प्रतिशत र प्रदेश नीति तथा योजना आयोगबाट ७१.८९ प्रतिशत रकम खर्च भई समग्रमा सुरू विनियोजनको ७०.१९ प्रतिशत खर्च भएको छ।

## ४.४ स्रोतगत खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ को स्रोतगत बजेट विनियोजन र खर्च देहायबमोजिम रहेको छ।

तालिका ११: स्रोतगत खर्चको विवरण (रकम रू. हजारमा)

| विवरण | | प्रदेश | समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चालु | शुरू विनियोजन | ६६७२५९९ | ८९३७९६ | १६७८२५० | २७०००० | ० | ९५१४६४५ |
| | खुद विनियोजन | ६५७९७६५ | ५७९१५० | १६७८२५० | २७०००० | ० | ९१०७१६५ |
| | खर्च | ५०९८८६८ | ३९८९५७ | १११८८२५ | १३६४६२ | ० | ६७५३११२ |
| | खर्च प्रतिशत | ७६.४२ | ४४.६४ | ६६.६७ | ५०.५४ | | ७०.९८ |
| पुँजीगत | शुरू विनियोजन | ७७३३३६९ | ७८२८९०४ | १४५५१५० | २८६००० | १४२०००० | १८७२३४२३ |
| | खुद विनियोजन | ७७३३३६९ | ७८२९००४ | १४९४१५० | २८६००० | १४२०००० | १८७६२५२३ |
| | खर्च | ५४८१९४४ | ५५५४०४८ | ५४९११३ | ६०३८३ | ८२९२३९ | १२४७४७२८ |
| | खर्च प्रतिशत | ७०.८९ | ७०.९४ | ३७.७४ | २१.११ | ५८.४० | ६६.६३ |

| विवरण | | प्रदेश | समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वित्तीय व्यवस्था | शुरू विनियोजन | १०००० | ० | ० | ० | ० | १०००० |
| | खुद विनियोजन | १०००० | ० | ० | ० | ० | १०००० |
| | खर्च | ० | ० | ० | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| वित्तीय हस्तान्तरण | शुरू विनियोजन | ३३८१७६० | ० | ० | ० | ० | ३३८१७६० |
| | खुद विनियोजन | ३४७४५९४ | ३१४५४६ | ० | ० | ० | ३७८९१४० |
| | खर्च | २७०७७७८ | २६६९३७ | ० | ० | ० | २९७४७१५ |
| | खर्च प्रतिशत | ८०.०७ | | | | | ८७.९६ |
| जम्मा | सुरू विनियोजन | १७७९७७२८ | ८७२२७०० | ३१३३४०० | ५५६००० | १४२०००० | ३१६२९८२८ |
| | थपघट | ० | ० | ३९००० | ० | ० | ३९००० |
| | खुद विनियोजन | १७७९७७२८ | ८७२२७०० | ३१७२४०० | ५५६००० | १४२०००० | ३१६६८८२८ |
| | खर्च | १३२८८५९० | ६२१९९४२ | १६६७९३८ | १९६८४५ | ८२९२३९ | २२२०२५५५ |
| | सुरू विनियोजनको तुलनामा खर्च प्रतिशत | ७४.६६ | ७१.३१ | ५३.२३ | ३५.४० | ५८.४० | ७०.१९ |
| | खुद विनियोजनको तुलनामा खर्च प्रतिशत | ७४.६६ | ७१.३१ | ५२.५८ | ३५.४० | ५८.४० | ७०.११ |

आर्थिक वर्ष २०८१/८२ को बजेटमा प्रदेश स्रोततर्फ रू. १७ अर्ब ७९ करोड ७७ लाख २८ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ७२ करोड २७ लाख, सशर्त अनुदानतर्फ रू. ३ अर्ब १३ करोड ३४ लाख, विशेष अनुदानतर्फ रू. ५५ करोड ६० लाख र समपूरक अनुदानतर्फ रू. १ अर्ब ४२ करोड विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश स्रोततर्फ रू. १३ अर्ब २८ करोड ८५ लाख ९० हजार अर्थात् खुद विनियोजनको तुलनामा ७४.६६ प्रतिशत, वित्तीय समानीकरणतर्फ रू. ६ अर्ब २१ करोड ९९ लाख ४२ हजार अर्थात् खुद विनियोजनको तुलनामा ७१.३१ प्रतिशत, सशर्त अनुदानतर्फ रू. १ अर्ब ६६ करोड ७९ लाख ३८ हजार अर्थात् खुद विनियोजनको तुलनामा ५२.५८ प्रतिशत, विशेष अनुदानतर्फ रू. १९ करोड ६८ लाख ४५ हजार अर्थात् खुद विनियोजनको तुलनामा ३५.४० प्रतिशत, समपूरक अनुदानतर्फ रू. ८२ करोड ९२ लाख ३९ हजार अर्थात् खुद विनियोजनको तुलनामा ५८.४० प्रतिशत गरी जम्मा रू. २२ अर्ब २० करोड २५ लाख ५५ हजार अर्थात् खुद विनियोजनको तुलनामा ७०.११ प्रतिशत खर्च भएको छ।

पुँजीगत विनियोजनतर्फ प्रदेशको सशर्त अनुदानमा ३७.७४ प्रतिशत र विशेष अनुदानमा २१.११ प्रतिशतमात्र खर्च भएको छ भने चालुतर्फ समानिकरण अनुदानमा ४४.६४ प्रतिशत मात्र खर्च भएको छ।

## ४.५ खर्चको तुलना

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को सुरू बजेट विनियोजन र खर्चको अवस्था देहाय बमोजिम रहेको छ।

तालिका १२: खर्चको तुलनात्मक अवस्था (रकम रु.हजारमा)

| विवरण | २०८०/८१ | | | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | सुरू विनियोजन | खर्च | खर्च प्रतिशत | सुरू विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | ११९४३५७२ | ७९४८९५० | ६६.५५ | १२८५७४०५ | ९७२७८२८ | ७५.६६ |
| पुँजीगत | १७०२२३६० | १०५६४६२७ | ६२.०६ | १८७६२४२३ | १२४७४७२८ | ६६.४९ |
| वित्तीय व्यवस्था | ३००००० | ० | ० | १०००० | ० | ० |
| **जम्मा** | **२९२६५९३२** | **१८५१३५७७** | **६३.२६** | **३१६२९८२८** | **२२२०२५२२** | **७०.१९** |

आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कुल खर्च ६.९३ प्रतिशत बढी भएको छ। चालुतर्फ यस्तो भिन्नता ९.११ प्रतिशत र पुँजीगततर्फ ४.४३ प्रतिशतले बढी रहेको छ।

## ४.६ कार्यगत खर्च

आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा वर्गीकरण गरी हेर्दा आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ। कार्यगत खर्चको वर्गीकरण अनुसार सबै भन्दा बढी विनियोजन आर्थिक मामिला क्षेत्रमा रु. १६ अर्ब ९६ करोड १ लाख ८६ हजार भएको थियो भने कुल खर्च ७०.१९ प्रतिशत भएको थियो। बातावरण संरक्षण तर्फ सबै भन्दा बढी ९२.६७ प्रतिशत खर्च भएको छ भने सार्वजनिक शान्ति सुरक्षा तर्फ सबै भन्दा कम २५.१७ प्रतिशत खर्च भएको देखिन्छ। सामान्य सार्वजनिक सेवा तर्फ ७३.२५ प्रतिशत, स्वास्थ्य तर्फ ८७.५२ प्रतिशत र आवास तथा सामुदायिक सुविधा ७०.९३ प्रतिशत खर्च भएको देखिन्छ।

तालिका १३: कार्यगत खर्चको विवरण (रकम रू हजारमा)

| सेवा तथा कार्यक्रम | शुरु विनियोजन | खुद विनियोजन | निकासा /खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **१ सामान्य सार्वजनिक सेवा** | **४६६७५३६** | **५१३३५४७** | **३४१८४८०** | **७३.२४** |
| १.१-कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | ४२८९८२ | ३८९९४६ | २९६३५० | |
| १.३-सामान्य सेवा | ६७६२१७ | ७७३८८४ | ३५४५५ | |
| १.४-सामान्य आधारभूत सेवा | ३००० | ३००० | ० | |
| १.५-सामान्य अनुसन्धान तथा विकास सेवा | १७६९८७ | १७६९८७ | १११३७६ | |
| १.६-अन्य सामान्य सेवा | ५९० | ५९० | ५८४ | |
| १.८-विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३३८१७६० | ३७८९१४० | २९७४७१५ | |
| **३ सार्वजनिक शान्ति सुरक्षा** | **३६४७५१** | **२३२६५१** | **९१८०८** | **२५.१७** |

| सेवा तथा कार्यक्रम | शुरु विनियोजन | खुद विनियोजन | निकासा /खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३.५-सार्वजनिक शान्ति सुरक्षा | ३६४७५१ | २३२६५१ | ९१८०८ | |
| ४ आर्थिक मामिला | १६९६०१८६ | १७१३९८२४ | ११८८७८८७ | ७०.०९ |
| ४.१-सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १०००० | १०००० | ० | |
| ४.२-कृषि, वन, मत्स्यपालन तथा शिकार | ७८०८१२४ | ७७८७१६३ | ६०४१६०३ | |
| ४.४-खानी, उत्पादन तथा निर्माण | १०९५०० | १०९५०० | ८३८७३ | |
| ४.५-यातायात | ८३०८१९६ | ८५३४७१० | ५२८९६७० | |
| ४.७-अन्य उद्योगहरु | ५०४७६४ | ४९२२१० | ३३३५९३ | |
| ४.८-अनुसन्धान तथा विकास - आर्थिक मामिला | २१९६०२ | २०६२४१ | १३९१४८ | |
| ५ वातावरण संरक्षण | २३८४० | २३८४० | २२११३ | ९२.७६ |
| ५.६-वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | २३८४० | २३८४० | २२११३ | |
| ६ आवास तथा सामुदायिक सुविधा | २६५८३६० | २६७८५०३ | १८८५६९३ | ७०.९३ |
| ६.१-आवास विकास | ६५९७९९ | ६७५६२१ | ३६८४८७ | |
| ६.३-खानेपानी | १९९८५६१ | २००२८८२ | १५१७२०६ | |
| ७ स्वास्थ्य | ३४९९९९५ | ३६५१८१९ | ३०६३०२२ | ८७.५२ |
| ७.१-औषधी उत्पादन,उपकरण तथा औजार | ४६७७० | ४६७७० | ३६६४९ | |
| ७.२-वहिरंङ्ग सेवा | ८६२०९ | ८६२०९ | ६६५०४ | |
| ७.३-अस्पताल सेवा | ५००३७३ | ५००३७३ | ३९३२३७ | |
| ७.४-सार्वजनिक स्वास्थ्य सेवा | २६७८६४३ | २७९१०६७ | २३६८६९६ | |
| ७.५-अनुसन्धान सेवा | १८८००० | २२७४०० | १९७९३६ | |
| ८ मनोरंजन,संस्कृति तथा धर्म | ० | ० | ० | ०.०० |
| ८.१-मनोरंजनात्मक र खेलकुद सेवाहरु | ० | ० | ० | |
| ९ शिक्षा | ३४४१६०९ | २७९५०९२ | १८२७२१३ | ५३.०९ |
| ९.४-स्नातक तहको शिक्षा | १५५० | १५५० | १४१३ | |
| ९.५-तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५२४६७७ | ५२४६७७ | ३४६१९२ | |
| ९.६-शिक्षाको लागि सहायक सेवाहरु | २८३४७९० | २१८८२७३ | १४१४४७१ | |
| ९.७-शिक्षा अनुसन्धान विकास | ८०५९२ | ८०५९२ | ६५१३७ | |
| १० सामाजिक सुरक्षा | १३५५१ | १३५५१ | ६३३८ | ४६.७७ |
| १०.५-बेरोजगार | ९२०१ | ९२०१ | २८०० | |
| १०.७-सामाजिक असमावेशी | ४३५० | ४३५० | ३५३८ | |
| कुल जम्मा | ३१६२९८२८ | ३१६६८८२८ | २२२०२५५५ | ७०.१९ |

## ४.७ प्राथमिकताका आधारमा खर्च

आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १४: प्राथमिकताका आधारमा खर्चको विवरण (रकम रु. हजारमा)

| संकेत | प्राथमिकता | शुरू विनियोजन | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| P१ | पहिलो | ३०१३१७०० | ३०१७०७०० | २१५७६०८० | ७१.६१ |
| P२ | दोस्रो | १४९८१२८ | १४९८१२८ | ६२६४७४ | ४१.८२ |
| जम्मा | | ३१६२९८२८ | ३१६६८८२८ | २२२०२५५५ | ७०.१९ |

यस आर्थिक वर्ष पहिलो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ७१.६१ प्रतिशत र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ४१.८२ प्रतिशत खर्च भएको छ।

## ४.८ रणनीतिक स्तम्भहरूको आधारमा खर्च


आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा वर्गीकरण गर्दा आर्थिक वर्षको अन्त्यसम्म भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ। रणनीतिक स्तम्भको बर्गीकरणका आधारमा सबै भन्दा बढी विनियोजन स्वास्थ्य तथा शिक्षा स्तम्भमा भएको देखिन्छ भने खर्च सबै भन्दा बढी आर्थिक बृद्धि स्तम्भको रहेको छ। शुरु विनियोजनको तुलनामा खर्च प्रतिशत सबै भन्दा बढी आर्थिक बृद्धि क्षेत्रको रहेको छ भने उत्पादन र उत्पादकत्व अभिबृद्धि, साधारण प्रशासन र प्राकृतिक स्रोत तथा उत्थानशीलता जस्ता स्तम्भहरुमा उल्लेख्य खर्च हुन नसकेको देखिन्छ।

तालिका १५: रणनीतिक स्तम्भहरूको आधारमा खर्च रकम (रू. हजारमा)

| क्र.सं. | विवरण | शुरू विनियोजन | शुरू विनियोजन (प्रतिशत) | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ९४१६३८४ | २९.७७ | ९७५३९२७ | ७७३८०१६ | ८२.१८ |
| २ | स्वास्थ्य तथा शिक्षा | ९६९८३६६ | ३०.६६ | ९९६५७६७ | ६६६८४७४ | ६८.७६ |
| ३ | अन्तरआबद्धता र शहरी विकास | ३८२३५८ | १.२१ | ३८३३५८ | २८७१२५ | ७५.०९ |
| ४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | २३३४५९७ | ७.३८ | २०५५४७० | ७४०६०४ | ३१.७२ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ७३०९११७ | २३.११ | ७१८१८७० | ५७४३५८७ | ७८.५८ |
| ६ | गरिवी निवारण र न्यायपूर्ण समाज | ० | ०.०० | ० | ० | ० |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ५४७८६६ | १.७३ | ४१५७६६ | २५०११८ | ४५.६५ |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | ३१८२९२ | १.०१ | २७७७९२ | १८४१७१ | ५७.८६ |
| ९ | साधारण प्रशासन | १६२२८४८ | ५.१३ | १६३४८७७ | ५९०४६० | ३६.३८ |
| जम्मा | | ३१६२९८२८ | १००.०० | ३१६६८८२८ | २२२०२५५५ | ७०.१९ |

रणनीतिक स्तम्भहरूको आधारमा खर्चको अवस्थालाई निम्नानुसार चित्रमा देखाइएको छ।

स्तम्भचित्र २: रणनीतिक स्तम्भहरूको आधारमा खर्च




## ४.९ दिगो विकास लक्ष्यको आधारमा खर्च

आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।


तालिका १६: दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण (रकम रु.हजारमा)

| क्र.सं. | विवरण | शुरू विनियोजन | शुरू विनियोजन (प्रतिशत) | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सांकेतीकरण नगरिएको | ६१७०४७३ | १९.५१ | ६२७५३५९ | ४२५९५४१ | ६९.०३ |
| २ | गरिबीको अन्त्य | १६४०८५० | ५.१९ | १५६९०२७ | ११६८६६५ | ७१.२२ |
| ३ | शून्य भोकमरी | १०११८३७ | ३.२० | १०१२९२६ | ७२९६३० | ७२.११ |
| ४ | स्वस्थ जीवन | ३३०४११७ | १०.४५ | ३४५६९४१ | २८८८५९८ | ८७.४२ |
| ५ | गुणस्तरीय शिक्षा | १७८९६३५ | ५.६६ | १४७३१७२ | १०६२४६४ | ५९.३७ |
| ६ | लैङ्गिक समानता | १२३२१९० | ३.९० | ९०२१३६ | ४६९३४६ | ३८.०९ |
| ७ | दिगो सफा पानी तथा सरसफाइ सेवा | २१३०४१३ | ६.७४ | २१५६४३४ | १६८८६४२ | ७९.२६ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ८६९४०२८ | २७.४९ | ९२५७६२१ | ५८७२२२४ | ६७.५४ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २१३२६१ | ०.६७ | २४३४५७ | १७९९८२ | ८४.४ |
| १० | असमानता न्यूनीकरण | ४१९४१० | १.३३ | ३५३९६६ | १०९३४१ | २६.०७ |

| क्र.सं. | विवरण | शुरू विनियोजन | शुरू विनियोजन (प्रतिशत) | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| ११ | दिगो शहर र वस्तीहरू | ६४६५९९ | २.०४ | ६६२४२१ | ३६८१२६ | ५६.९३ |
| १२ | दिगो उपभोग तथा उत्पादन | २०५८५ | ०.०७ | २०५८५ | १७०५१ | ८२.८३ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ३३१४३४४ | १०.४८ | ३३९०९७६ | २८१०५६२ | ८४.८ |
| १४ | भूसतह स्रोतको उपयोग | २९७१८८ | ०.९४ | २८१८८८ | १८२७१० | ६१.४८ |
| १५ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ३६४७५१ | १.१५ | २३२६५१ | ९१८०८ | २५.१७ |
| १६ | दिगो विकासका लागि साझेदारी | ३८०१४७ | १.२० | ३७९२६८ | ३०३८६५ | ७९.९३ |
| | **जम्मा** | **३१६२९८२८** | | **३१६६८८२८** | **२२२०२५५५** | **७०.१९** |

कुल शुरु विनियोजनको १९.५१ प्रतिशत दिगो विकासका लक्ष्य संकेत नगरी बजेट सूचना प्रणालीमा प्रविष्टी भएको देखिन्छ। समावेशी आर्थिक बृद्धि तथा मर्यादित कामतर्फ सबैभन्दा बढी २७.४९ प्रतिशत विनियोजन भएको देखिन्छ भने उद्योग, नवीन खोज र पूर्वाधार तर्फ सबै भन्दा कम ०.६७ प्रतिशत विनियोजन भएको देखिन्छ। यसैगरी, स्वस्थ जीवनतर्फ सबैभन्दा बढी ८७.४२ प्रतिशत खर्च भएको देखिन्छ भने शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजतर्फ सबैभन्दा कम २५.१७ प्रतिशत खर्च भएको देखिन्छ। उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा देहायबमोजिम देखाइएको छ।

स्तम्भचित्र ३: दिगो विकास लक्ष्यको आधारमा खर्च



## ४.१० लैङ्गिक बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको लैङ्गिक बजेटको खर्च देहाय बमोजिम रहेको छ।

तालिका १७: लैङ्गिक बजेट विनियोजन र खर्च (रकम रु.हजारमा)

| संकेत | लैंगिक उत्तरदायी बजेट | शुरू विनियोजन | शुरू विनियोजन (प्रतिशत) | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष | १८१२८५४६ | ५७.३१ | १८४४१७७२ | १३६३६०५१ | ७५.२२ |
| २ | अप्रत्यक्ष | १३०२१०६७ | ४१.१७ | १२७८५८७७ | ८२३६२६२ | ६३.२५ |
| ३ | तटस्थ | ४८०२१५ | १.५२ | ४४११७९ | ३३०२४१ | ६८.७७ |
| **जम्मा** | | **३१६२९८२८** | **१००.००** | **३१६६८८२८** | **२२२०२५५५** | **७०.१९** |

कुल शुरु विनियोजनको प्रत्यक्षतर्फ ५७.३१ प्रतिशत, अप्रत्यक्षतर्फ ४१.१७ प्रतिशत र तटस्थतर्फ १.५२ प्रतिशत विनियोजन भएको थियो। यसैगरी, प्रत्यक्षतर्फ सबैभन्दा बढी ७५.२२ प्रतिशत खर्च भएको देखिन्छ भने अप्रत्यक्षतर्फ ६३.२५ प्रतिशत खर्च भएको देखिन्छ।

## ४.११ जलवायु बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०८१/८२ मा जलवायु बजेट विनियोजन र सोको खर्च विवरण देहाय बमोजिमको तालिकामा देखाइएको छ।

तालिका १८: जलवायु बजेट विनियोजन र खर्च (रकम रु. हजारमा)

| संकेत | जलवायु परिवर्तन बजेट | शुरू विनियोजन | शुरू विनियोजन (प्रतिशत) | खुद विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष | १६०४३३४५ | ५०.७२ | १६७४९८२३ | ११७३६३१६ | ७३.१५ |
| २ | अप्रत्यक्ष | ९८४७८७३ | ३१.१३ | १०२२२५०७ | ७३५२२६२ | ७४.६६ |
| ३ | तटस्थ | ५७३८६१० | १८.१४ | ४६९६४९९ | ३११३९७७ | ५४.२६ |
| जम्मा | | ३१६२९८२८ | १००.०० | ३१६६८८२८ | २२२०२५५५ | ७०.१९ |

कुल शुरु विनियोजनको प्रत्यक्ष तर्फ ५०.७२ प्रतिशत, अप्रत्यक्ष तर्फ ३१.१३ प्रतिशत र तटस्थ तर्फ १८.१४ प्रतिशत विनियोजन भएको थियो। यसैगरी, अप्रत्यक्ष तर्फ सबै भन्दा बढी ७४.६६ प्रतिशत खर्च भएको देखिन्छ भने प्रत्यक्ष तर्फ ७३.१५ प्रतिशत खर्च भएको देखिन्छ।

## ४.१२ खर्च शीर्षकगत खर्च स्थिति

आर्थिक वर्ष २०८१/८२ को खर्च शीर्षकगत बजेट विनियोजन र खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १९: खर्च शीर्षकगत खर्चको विवरण (रकम रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | शुरु विनियोजन | खुद विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २११११ पारिश्रमिक कर्मचारी | १५४१२२७ | १५५६६६१ | ११४०८२३ | ७३.२९ |
| २ | २१११२ पारिश्रमिक पदाधिकारी | ८३७४९ | ८५४०९ | ७०२४१ | ८२.२४ |
| ३ | २११२१ पोशाक | ३२७०० | ३२७१० | २३१३९ | ७०.७४ |
| ४ | २११२२ खाद्यान्न | ७६१०० | ७६६०० | ६२०८७ | ८१.०५ |
| ५ | २११२३ औषधी उपचार खर्च | ५०० | १२४४ | ११६३ | ९३.४७ |
| ६ | २११३१ स्थानीय भत्ता | ७१७४७ | ७१७०४ | ३६४९३ | ५०.८९ |
| ७ | २११३२ महंगी भत्ता | ७०५६६ | ७०५६६ | ३७७८९ | ५३.५५ |
| ८ | २११३४ कर्मचारीको बैठक भत्ता | २६३८६ | २६६८६ | १७७७० | ६६.५९ |
| ९ | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५१५ | १५१५ | ५८६ | ३८.७१ |
| १० | २११३९ अन्य भत्ता | ३०३८४९ | २९७८१३ | १९८८९१ | ६६.७८ |
| ११ | २११४१ पदाधिकारी बैठक भत्ता | १०२११ | १०२११ | ५५४५ | ५४.३० |
| १२ | २११४२ पदाधिकारी अन्य सुबिधा | ४४६५ | ४४६५ | २८२९ | ६३.३५ |
| १३ | २११४९ पदाधिकारी अन्य भत्ता | ८६५० | ८८०० | ७०३१ | ७९.९० |
| १४ | २१२११ सामाजिक सुरक्षा कोष खर्च | १४२८ | १४२८ | ० | ०.०० |
| १५ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ७८४० | ७८४० | ३२०४ | ४०.८७ |
| १६ | २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १२५४१ | १२५४१ | ५६६४ | ४५.१६ |
| १७ | २२१११ पानी तथा बिजुली | ९६९७० | १०७४९५ | ९३४०७ | ८६.८९ |
| १८ | २२११२ सञ्चार महसुल | २९८९३ | २९९३८ | १९८४४ | ६६.२८ |
| १९ | २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ९६४ | ९६४ | ४८९ | ५०.६८ |
| २० | २२२११ इन्धन (पदाधिकारी) | ११७३५ | १२३३५ | ८८४७ | ७१.७२ |
| २१ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ८९२९१ | ९०१८१ | ७९६७२ | ८८.३५ |
| २२ | २२२१३ सवारी साधन मर्मत खर्च | ८०२२४ | ८३३२४ | ७६८३८ | ९२.२२ |
| २३ | २२२१४ बिमा तथा नवीकरण खर्च | २४१०८ | २४१०८ | १३७८३ | ५७.१७ |
| २४ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५४३६९ | ५५०९६ | ४६४५८ | ८४.३२ |
| २५ | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत | ५०४९१ | ५०९८१ | ४५२७१ | ८८.८० |

| क्र.सं. | खर्च शीर्षक | शुरु विनियोजन | खुद विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | सम्भार खर्च | | | | |
| २६ | २२२९१ अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च | २७४५ | २७४५ | १३२४ | ४८.२३ |
| २७ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८९८३४ | ९११४७ | ८१४९२ | ८९.४१ |
| २८ | २२३१२ पशुपंक्षीहरूको आहार | २९० | २९० | २३५ | ८०.९० |
| २९ | २२३१३ पुस्तक तथा सामग्री खर्च | १८२६२ | १८२६२ | १५०२३ | ८२.२७ |
| ३० | २२३१४ इन्धन अन्य प्रयोजन - | १२७८६ | १३०३६ | ८९६८ | ६८.७९ |
| ३१ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५९०८३ | ६०२३३ | ४६७२१ | ७७.५७ |
| ३२ | २२३१९ अन्य कार्यालय सञ्चालन खर्च | ११६९९ | १२२९९ | ११०१८ | ८९.५८ |
| ३३ | २२४११ सेवा र परामर्श खर्च | ९१७२७ | ९१०८६ | ७४४१८ | ८१.७० |
| ३४ | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ६४०७ | ६४०७ | २६३३ | ४१.१० |
| ३५ | २२४१३ करार सेवा शुल्क | ५६९१६५ | ५७४०४९ | ५०७९४८ | ८८.४९ |
| ३६ | २२४१९ अन्य सेवा शुल्क | १२१७२८ | ११९३७८ | १११२१८ | ९३.१६ |
| ३७ | २२५११ कर्मचारी तालिम खर्च | ११९६०४ | ११८६०४ | ७९४२० | ६६.९६ |
| ३८ | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १५४१९१ | १५३९४१ | १२७५४० | ८२.८५ |
| ३९ | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ३३२०९ | ३४२०९ | ३०१९२ | ८८.२६ |
| ४० | २२५२२ कार्यक्रम खर्च | ४२४०१८९ | ४०९६२८० | २९४००९५ | ७१.७७ |
| ४१ | २२५२३ विशेष कार्यक्रम | | ० | ० | ०.०० |
| ४२ | २२५२९ विविध कार्यक्रम खर्च | ४८५० | ३८५० | २५२० | ६५.४५ |
| ४३ | २२६११ अनुगमन, मूल्यांकन खर्च | १०७९५७ | १०८५०७ | ८७११४ | ८०.२८ |
| ४४ | २२६१२ भ्रमण खर्च | ३८३२७ | ३८६४० | २४३३३ | ६२.९७ |
| ४५ | २२७११ विविध खर्च | ८७०४९ | ८७३६९ | ७१६६८ | ८२.०३ |
| ४६ | २५११२ गैह्र वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | २५०० | २५०० | १९७१ | ७८.८६ |
| ४७ | २५२१२ गैह्र वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ४३०० | ४३०० | ३००८ | ६९.९५ |
| ४८ | २५३१५ अन्य सहायता | १२७३ | १२७३ | १२६५ | ९९.३७ |

| क्र.सं. | खर्च शीर्षक | शुरु विनियोजन | खुद विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ४९ | २६३३१ समानिकरण अनुदान | ८६०००० | ८६०००० | ८६०००० | १००.०० |
| ५० | २६३३२ सशर्त अनुदान | ८९८१० | १०५८०४ | ६१४९६ | ५८.१२ |
| ५१ | २६३३३ विशेष अनुदान | ५००००० | ५००००० | ३६६१७९ | ७३.२४ |
| ५२ | २६३३४ समपुरक अनुदान | १०००००० | १०००००० | ५५०९३५ | ५५.०९ |
| ५३ | २६३३६ सशर्त अनुदान (पुँजीगत ) | ९३१९५० | १३२३३३६ | ११३६१०५ | ८५.८५ |
| ५४ | २६४११ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई नि:शर्त चालु अनुदान | १६४० | १६४० | १६३४ | ९९.६३ |
| ५५ | २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई स:सर्त चालु अनुदान | ४७०५० | ४४६५० | ३९६०० | ८८.६९ |
| ५६ | २६४१३ अन्य संस्थालाई अनुदानस:शर्त ' | ९१८०० | ८७००० | ५०८२६ | ५८.४२ |
| ५७ | २६४२२ सरकारी निकाय, समिति, बोर्ड – पुजिगत स:शर्त अनुदान | ४४०० | ४४०० | ४३७६ | ९९.४५ |
| ५८ | २६४२३ अन्य संस्थालाई स:शर्त पुँजीगत अनुदान | १८१९०० | १५२६०० | ११४४७५ | ७५.०२ |
| ५९ | २७१११ सामाजिक सुरक्षा | २७६८६ | २९६८६ | २९५९१ | ९९.६८ |
| ६० | २७११२ अन्य सामाजिक सुरक्षा | ११६१९ | ६४३१९ | ६२९८५ | ९७.९३ |
| ६१ | २७२११ छात्रवृत्ति | ९८४४० | ८९४४० | ८०९६० | ९०.५२ |
| ६२ | २७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च | १२५०० | १२५०० | ११०७० | ८८.५६ |
| ६३ | २७२१३ औषधी खरिद खर्च | ८९६४९ | ७६३४९ | ५६४६६ | ७३.९६ |
| ६४ | २७२१९ अन्य सामाजिक सहायता | १००० | ० | ० | ०.०० |
| ६५ | २८१४१ जग्गाको भाडा | १७३५ | १७३५ | १५४८ | ८९.२१ |
| ६६ | २८१४२ घर भाडा | ७७५४२ | ७८७८२ | ६३६१२ | ८०.७४ |
| ६७ | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १००८० | १०२८० | ७९८५ | ७७.६७ |
| ६८ | २८१४९ अन्य भाडा | २४ | २४ | ० | ०.०० |
| ६९ | २८२११ राजस्व फिर्ता | १०००० | १०००० | ० | ०.०० |
| ७० | २८२१२ न्यायिक फिर्ता | १३००० | १३००० | ० | ०.०० |
| ७१ | २८९११ भैपरी आउने चालु खर्च | ३२६८८६ | ७१७४१ | ० | ०.०० |
| ७२ | ३१११११ आवासीय भवन निर्माण/खरिद | ११०५० | १२०५० | ११८६८ | ९८.४९ |
| ७३ | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १८२१६२६ | १३८७१०४ | ६६९१५२ | ४८.२४ |

| क्र.सं. | खर्च शीर्षक | शुरु विनियोजन | खुद विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ७४ | ३११२१ सवारी साधन | ६२१३६ | ६७४११ | ५८८०८ | ८७.२४ |
| ७५ | ३११२२ मेशिनरी तथा औजार | ११८५८०३ | १०८०९१९ | ९१५२०७ | ८४.६७ |
| ७६ | ३११२३ फर्निचर तथा फिक्चर्स | ५४०३२ | ५६६३२ | ४६६४० | ८२.३६ |
| ७७ | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ६००० | ६००० | ९७० | १६.१६ |
| ७८ | ३११३५ पूँजीगत परामर्श खर्च | २४३१८७ | २३६१३७ | ४१३१४ | १७.५० |
| ७९ | ३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च | ६५० | ६५० | ४०० | ६१.५४ |
| ८० | ३११५१ सडक तथा पुल निर्माण | ७१०२६१३ | ७४३७२१३ | ५०८४४१५ | ६८.३६ |
| ८१ | ३११५३ विद्युत संरचना निर्माण | ५५००० | ५०००० | ० | ०.०० |
| ८२ | ३११५४ तटबन्ध तथा बाँध निर्माण | ९१२५६० | १००२४१० | ९०४२१४ | ९०.२० |
| ८३ | ३११५५ सिंचाई संरचना निर्माण | २५१३५२४ | २४८५६७४ | २१५१६१२ | ८६.५६ |
| ८४ | ३११५६ खानेपानी संरचना निर्माण | १८७८७२६ | १८७८०७६ | १४२५१८६ | ७५.८९ |
| ८५ | ३११५७ वन तथा वातावरण संरक्षण | १६१६२५ | १६१६२५ | १०९०६३ | ६७.४८ |
| ८६ | ३११५८ सरसफाई संरचना निर्माण | ८७८०० | ९२१५० | ५१८७१ | ५६.२९ |
| ८७ | ३११५९ अन्य सार्वजनिक निर्माण | २१०४२८० | १९६५८३० | ९१२४२४ | ४६.४१ |
| ८८ | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७७८६३ | ८४५५८ | ७०६५९ | ८३.५६ |
| ८९ | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २३३९४८ | १५०९४८ | २०९२६ | १३.८६ |
| ९० | ३१५११ भैपरी आउने पूँजीगत | २५०००० | ६०७१३६ | ० | ०.०० |
| ९१ | ३२१४२ सार्वजनिक संस्थानमा ऋण लगानी | २००० | २००० | ० | ०.०० |
| ९२ | ३२१४३ अन्य संस्थामा ऋण लगानी | ३००० | ३००० | ० | ०.०० |
| ९३ | ३२१५१ संस्थानमा शेयर लगानी | ५००० | ५००० | ० | ०.०० |
| | कूल जम्मा | ३१६२९८२८ | ३१६६८८२८ | २२२०२५५५ | ७०.१९ |

शीर्षकगत रुपमा कुल चालु शुरु विनियोजनतर्फ सबैभन्दा बढी भार कार्यक्रम खर्चमा ३२.९८ प्रतिशत देखिन्छ भने पूँजीगत खर्चतर्फ सबैभन्दा बढी विनियोजन सडक तथा पुल निर्माणमा ३७.८४ प्रतिशत रहेको देखिन्छ। चालुतर्फ सबैभन्दा बढी खर्च अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्चमा ४८.२३ प्रतिशत र पुँजीगततर्फ आवासीय भवन निर्माण/खरिदमा ९८.४१ प्रतिशत रहेको देखिन्छ।

खर्च शीर्षकगत रूपमा आर्थिक वर्ष २०८१/८२ मा पुँजीगत खर्चतर्फ विनियोजन भएको बजेटमध्ये गैर आवासीय भवन निर्माण (३१११२) तर्फ ४८.२४ प्रतिशत, सडक तथा पुल निर्माण (३११५१) तर्फ ६८.३६ प्रतिशत, तटबन्ध तथा बाँध निर्माण (३११५४) तर्फ ९०.२० सिंचाई (३११५५) तर्फ ८६.५६ प्रतिशत, खानेपानी (३११५६) तर्फ ७५.८९ प्रतिशत, सरसफासफाई संरचना (३११५८) तर्फ ५६.२९ प्रतिशत र अन्य सार्वजनिक निर्माण (३११५९) तर्फ ४६.४१ प्रतिशत खर्च भएको छ।

## ४.१३ अन्तर सरकारी वित्तीय हस्तान्तरण

### ४.१३.१ वित्तीय समानीकरण अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ दफा ६ को उपदफा (२) मा असोज १० गते, मंसिर १० गते, माघ १० गते र वैशाख १० गते गरी चार चरणमा वित्तीय समानीकरण अनुदान वापतको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा प्रदेश भित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदानवापत कूल रू. ८६ करोड विनियोजन गरिएको थियो।

### ४.१३.२ सशर्त अनुदान

सुदूरपश्चिम प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम प्रदेश सरकारका विषयगत मन्त्रालयबाट सशर्त अनुदानका कार्यक्रम कार्यान्वयन गर्न आर्थिक वर्ष २०८१/८२ मा रू. १ अर्ब १९ करोड ७६ लाख १ हजार सम्बन्धित स्थानीय तहहरूलाई हस्तान्तरण गरिएको छ। यो रकम सशर्त अनुदान अन्तर्गत कुल विनियोजन रकमको ८३.७९ प्रतिशत हुन आउछ।

### ४.१३.३ विशेष अनुदान

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूलाई जम्मा रू. ५० करोड विनियोजन गरिएको थियो। सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ मा रू. १ अर्ब ४२ करोड ९१ लाख ४० हजार विनियोजना भएकोमा कुल निकासा ८३.७९ प्रतिशत भएको छ।

### ४.१३.४ समपूरक अनुदान


प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहलाई समपूरक अनुदानतर्फका आयोजना कार्यान्वयन गर्न जम्मा रू. १ अर्ब विनियोजन भएको थियो। सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९ मा समपूरक

अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहले उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा चौमासिक रूपमा रकम उपलब्ध गराउने र सोहि कार्यविधिमा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भईरहेका आयोजना वा कार्यक्रमको प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्तावापतको रकम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ मा समपुरक अनुदानका कार्यक्रम कार्यन्वयन गर्न कूल रू. ५५ करोड ९ लाख ३५ हजार हस्तान्तरण गरिएको थियो।

तालिका २०: प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (रकम रु. हजारमा)

| सि.नं. | अनुदान | विनियोजन | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | ८६०००० | ८६०००० | १०० |
| २ | सशर्त अनुदान | १४२९१४० | ११९७६०१ | ८३.७९ |
| ३ | समपुरक अनुदान | १०००००० | ५५०९३५ | ५५.०९ |
| ४ | विशेष अनुदान | ५००००० | ३६६१७९ | ७३.२३ |
| **जम्मा** | | **३७८९१४०** | **२९७४७१५** | **७८.५१** |

स्तम्भचित्र ४: प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण



# परिच्छेद-५
# मन्त्रालय/निकायबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू

## ५.१ प्रदेश व्यवस्थापिका

### ५.१.१ वित्तीय विवरण

प्रदेश व्यवस्थापिकाको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको स्रोतगत बजेट विनियोजन र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

तालिका २१: प्रदेश व्यवस्थापिकाको विनियोजन र खर्चको विवरण (रकम रु. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | १६५४३६ | ० | ० | ० | ० | १६५४३६ | १६३४६ | ० | ० | ० | ० | १६३४६ | १८१७८२ |
| खुद विनियोजन | १६६१८० | ० | ० | ० | ० | १६६१८० | १७०६६ | ० | ० | ० | ० | १७०६६ | १८३२४६ |
| खर्च | १४०१९२ | ० | ० | ० | ० | १४०१९२ | १६०१६ | ० | ० | ० | ० | १६०१६ | १५६२०८ |
| खर्च प्रतिशत | ८४.३६ | | | | | ८४.३६ | ९३.८५ | | | | | ९३.८५ | ८५.२४ |

प्रदेश व्यवस्थापिकामा आर्थिक वर्ष २०८१/८२ को लागि खुद रकम चालुतर्फ रू. १६ करोड ६१ लाख ८० हजार र पुँजीगततर्फ रू. १ करोड ७० लाख ६६ हजार गरी जम्मा रू. १८ करोड ३२ लाख ४६ हजार विनियोजन गरिएकोमा समिक्षा अवधिमा चालुतर्फ रू. १४ करोड १ लाख ९२ हजार र पुँजीगततर्फ रू. १ करोड ६० लाख १६ हजार गरी जम्मा रू. १५ करोड ६२ लाख ८ हजार खर्च भएको छ। समग्रमा प्रदेश व्यवस्थापिकाबाट खुद विनियोजनको ८५.२४ प्रतिशत खर्च भएको छ।

### ५.१.२ प्रमुख उपलब्धि

- प्रदेश सभाका ३८ वटा बैठक सञ्चालन भई नियमित कार्यसूचीका कार्यहरु सम्पादन गरेको।
- २०८१ साल असार महिनामा भएको भीषण वर्षाका कारण सुदूरपश्चिम प्रदेशमा पुगेको क्षतिका सम्बन्धमा प्रदेश सभाको विशेष अधिवेशनका ५ वटा बैठकमा छलफल गरि तत्काल राहत उपलब्ध गराउन प्रदेश सरकारलाई निर्देशन दिएको।
- सभा अन्तरगतका विभिन्न समितिका तपसिलको संख्यामा बैठक बसी आ-आफ्नो विषयगत क्षेत्रका विविध विषयहरुमा छलफल तथा निर्णय गरेको:

१. विधायन तथा प्रदेश मामिला समिति - ४७ वटा

२. सार्वजनिक लेखा समिति - २५ बटा

३. सामाजिक विकास समिति - २७वटा
४. अर्थ, विकास तथा प्राकृतिक स्रोत समिति - ३१ वटा
५. विशेषाधिकार समिति - ५ वटा

### ५.१.३ आ.व. २०८१/०८२ मा पारित भएका कानूनहरुको विवरण

१) सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक
२) सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
३) विनियोजन विधेयक २०८१/०८२
४) सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
५) सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
६) सुदूरपश्चिम प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक
७) आ.ब.२०८२/०८३ को विनियोजन विधेयक
८) सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
९) प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक
१०) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक

### ५.१.४ तर्जुमाको क्रममा रहेका कानूनको विवरण

१) केही उद्योग तथा वन सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक
२) दलित सशक्तिकरण ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयक
३) टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४) सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

### ५.१.५ बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरु

- प्रदेश व्यवस्थापिकाको ब.उ.शि.नं २०२०००११ प्रदेश सभा र २०२०००१२ प्रदेश सभा सचिवालय तर्फ आ.व.०८१/०८२ को लागि तपसिलका कार्यक्रमहरुमा बजेट स्वीकृत भएको तर सो कार्यक्रमहरु सञ्चालन गर्न नेपाल सरकारबाट स्वीकृत खर्चको मापदण्ड अनुसार कार्यान्वयन गर्न असहज भएको तथा प्रदेश सरकारबाटट समेत

हालसम्म त्यस्ता कार्यक्रम सञ्चालन गर्न खर्चको मापदण्ड तयार हुन नसकेकोले कार्यक्रम कार्यान्वयनमा चुनौती देखिएको:

१) विषयगत समितिको अनुगमन, अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम।
२) विषयगत समितिको विधेयक उपर राय सुझाव सङ्कलन।
३) विषयगत समिति र सभाको सङ्घीय/अन्तर प्रदेश अनुभव आदान प्रदान र अवलोकन कार्यक्रम।

### ५.१.६ समस्या समाधानका लागि भए गरेका प्रयास

- विषयगत समितिहरु तथा सभाको अनुगमन, अवलोकन भ्रमण तथा सङ्घीय र अन्तरप्रदेश अनुभव आदान प्रदान भ्रमण कार्यक्रमको लागि खर्चको मापदण्ड तयार गरि दिन आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत आर्थिक मामिला मन्त्रालय धनगढीलाई पत्राचार गरिएको।

## ५.२ प्रदेश लोक सेवा आयोग

### ५.२.१ वित्तीय विवरण

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण निम्नानुसार देखाइएको छ।

तालिका २२: प्रदेश लोक सेवा आयोगको विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | ७४२६८ | ० | ० | ० | ० | ७४२६८ | ५००० | ० | ० | ० | ० | ५००० | ७९२६८ |
| खुद विनियोजन | ७४२६८ | ० | ० | ० | ० | ७४२६८ | ५००० | ० | ० | ० | ० | ५००० | ७९२६८ |
| खर्च | ४५९३० | ० | ० | ० | ० | ४५९३० | ३६३९ | ० | ० | ० | ० | ३६३९ | ४९५६९ |
| **खर्च प्रतिशत** | ६१.८४ | | | | | ६१.८४ | ७२.७८ | | | | | ७२.७८ | ६२.५३ |

प्रदेश लोक सेवा आयोगमा गत आर्थिक वर्षको लागि चालुतर्फ रू. ७ करोड ४२ लाख ६८ हजार र पुँजीगततर्फ रू. ५० लाख गरी कूल रू. ७ करोड ९२ लाख ६८ हजार विनियोजन गरिएकोमा समिक्षा अवधिमा चालुतर्फ रू. ४ करोड ५९ लाख ३० हजार र पुँजीगततर्फ रू. ३६ लाख ३९ हजार गरी जम्मा रू. ४ करोड ९५ लाख ६९ हजार खर्च भएको छ। समग्रमा प्रदेश लोक सेवा आयोगबाट कूल विनियोजनको ६२.५३ प्रतिशत खर्च भएको छ।

### ५.२.२ प्रमुख उपलब्धि

- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका रिक्त पदमा पदपूर्ति गर्न मिति २०८१ साउन १ गते सार्वजनिक गरिएको आर्थिक वर्ष २०८१/०८२ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका मिति २०८१ फागुन ६ गते संशोधन गरिएको।
- आर्थिक वर्ष २०८१/०८२ को पदपूर्ति सम्बन्धी संशोधित वार्षिक कार्यतालिका सहित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका रिक्त पदमा पदपूर्ति गर्न आर्थिक वर्ष २०८२/०८३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका कामकारबाहीलाई समेटी तयार पारिएको आयोगको चौथो वार्षिक प्रतिवेदन २०८१ असोज १३ गते माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको।

तालिका (क): प्रदेश र स्थानीय सेवा तर्फ पाठ्यक्रम स्वीकृत सम्वन्धी विवरण

| सि.नं. | पाठ्यक्रम निर्माण गरिएका तह | पाठ्यक्रम संख्या |
|---|---|---|
| १ | नवौं | ३८ |
| २ | आठौं | २ |
| ३ | सातौं | ३० |
| ४ | चौथो | १ |
| | **जम्मा** | ७१ |

- सालवसाली रुपमा आयोगको आर्थिक वर्ष २०८१/०८२ को लागि अन्तरिम संगठन संरचना एवं दरवन्दी तेरिज प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ । आयोगको नीति, बजेट तथा कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति, जनशक्ति, कार्यजिम्मेवारी र आवश्यकता समेतका आधारमा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ मा भएको व्यवस्था बमोजिम आयोगको सचिवज्यूको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई कार्य अगाडी बढाइएको।
- आयोगमा दर्ता भएका १८८ जना व्यक्तिहरुलाई विषयविज्ञ/विशेषज्ञको सूचीमा समावेश।
- आयोगबाट विभिन्न सेवा, समूह, उपसमूह, तह तथा पदका १८ जना वैकल्पिक उम्मेदवारहरुलाई सम्बन्धित निकायमा स्थायी नियुक्तिका लागि सिफारिस।
- आयोगबाट विभिन्न सेवा, समूह, उपसमूह, तह तथा पदका ८ जना उम्मेदवारहरुलाई सम्बन्धित निकायमा अस्थायी नियुक्तिका लागि सिफारिस।
- आयोगबाट सार्वजनिक प्रशासन, सेवा प्रवाह, मानव संशाधन व्यवस्थापन, राष्ट्रको समृद्धि, सुशासन प्रादेशिक सन्तुलन एवम् अपनत्वसँग सम्बन्धित लेख रचना लगायतका विषय

समेटिएको सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको स्मारिका-२०८१ प्रकाशन गरिएको।

- आयोगका सिद्धान्त, मूल्य मान्यता र सुदूरपश्चिम प्रदेशको पहिचान झल्किने गरी आयोगको प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने प्रयोजनका लागि डीलासैनी-५, बैतडी बस्ने श्री अन्तराम भुलले तयार गरेको प्रस्तावित लोगोमा आयोगबाट प्राप्त सुझावहरु समेटी परिमार्जित लोगो आयोगको मिति २०८१/१२/१० गतेको बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राय परामर्शका लागि आयोगमा प्राप्त भएका क्रमशः सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन), सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०, सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ र सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८२ मा राय/परामर्श उपलब्ध गराएको छ। साथै लोक सेवा आयोग, कमलपोखरी, काठमाडौंबाट यस आयोगको राय सुझावका लागि प्राप्त भएको लोक सेवा आयोगको सिद्धान्त र मापदण्ड, २०८१ उपर राय सुझाव उपलब्ध गराएको।
- सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ र प्रदेश निजामती सेवा नियमावली, २०८१ मा भएका व्यवस्थाहरुलाई आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०८० मा समेटी निर्देशिका संशोधन गरिएको।
- आयोगको वेभसाइट psc.sudurpashchim.gov.np लाई अद्यावधिक गरिएको।

तालिका (ख): विभिन्न सेवा, समूह, उपसमूह र तहमा माग गरिएको पदसंख्या

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ९ | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा | ४५ | |
| २ | ९ | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | ६१ | |
| ३ | ७ | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा | ५१ | |
| ४ | ७ | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | ६२ | |
| ५ | ५ | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा | ३० | |
| ६ | ५ | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | २८ | |
| जम्मा | | | २७७ | |
| ७ | ९ | खुला, आ.प्र. तथा अन्तर तह प्रतियोगिता | ५३ | |
| ८ | ८ | खुला प्रतियोगिता | ३० | |
| ९ | ७ | खुला, आ.प्र. तथा अन्तर तह प्रतियोगिता | १९१ | अप्राविधिक/प्राविधिक |
| १० | ५ | खुला, आ.प्र. तथा अन्तर तह प्रतियोगिता | ६९ | अप्राविधिक/प्राविधिक |
| **जम्मा** | | | **३४३** | |
| **कुल जम्मा** | | | **६२०** | |

तालिका (ग): सम्पन्न गरिएका लिखित परीक्षा सम्बन्धी विवरण

| क्र.सं. | विज्ञापन नं | पद, सेवा, समूह | तह | कुल माग संख्या |
|---|---|---|---|---|
| १ | १०६-१०९/०८१-८२ | उप-सचिव/प्रदेश लेखा नियन्त्रक, प्रशासन, लेखा | ९ | ४ |
| २ | ५४०-५४७/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य,जनरल हेल्थ सर्भिसेज | ८ | २२ |
| ३ | ५४८-५४९/०८१-८२ | डेन्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेन्टल | ८ | २ |
| ४ | ५५०-५५३/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | ८ | ६ |
| ५ | ५६२/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | ७ | १ |

### ५.२.३ बजेट कार्यान्वयनमा देखा परेका समस्या र चुनौतीहरु

- सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भइसकेको तर सोको नियमावली जारी नभई सकेकोले स्थानीय सेवाका पदमा पदपूर्ति कार्य अगाडी नबढाइएको।
- हालसम्म पनि आयोगको स्थायी संगठन संरचना स्वीकृत हुन सकेको छैन। अन्तरिम संगठन संरचना बमोजिमको दरवन्दीमा समेत ५० प्रतिशतको हाराहारीमा पद रिक्त रहेकोले कार्यसम्पादनको क्रममा कार्यरत जनशक्तिलाई कार्यबोझ रहेको।
- आयोगको कार्यप्रकृति अनुरुपको आफ्नै भवन लगायतका भौतिक संरचनाको अभाव रहेको।
- पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण लगायत विशेषज्ञ/विषय विज्ञहरुबाट सम्पादन गराउनुपर्ने कार्यका लागि प्रदेश स्तरमा सम्बन्धित दक्ष विज्ञहरुको अभाव महसुश भएको।
- परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरुलाई उपलब्ध गराउने पारिश्रमिक समय सान्दर्भिक नभएकोले परीक्षा सञ्चालनमा जनशक्ति परिचालन गर्न असहज भएको।

### ५.२.४ समस्या समाधानका लागि भए गरेका प्रयास

- सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भैसकेकोले उक्त ऐनको कार्यान्वयन गर्न सहजीकरणका लागि यथाशीघ्र नियमावली जारी गरिनुपर्ने भनी प्रदेश सरकारलाई अनुरोध गरिएको।
- आयोगको स्थायी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडी बढाइएको।
- आयोगको कार्यप्रकृति अनुसार कार्यसम्पादन गर्न आयोगको लागि जग्गाको व्यवस्था गर्न प्रदेश सरकारलाई अनुरोध गरिएको।
- उपलब्ध दक्ष विज्ञहरुको सूची स्वीकृत गर्दै आएको। साथै समयानुकुल अद्यावधिक समेत गर्ने गरिएको।

- आयोगको खर्च मापदण्डको परिमार्जित मस्यौदा सहमतिका लागि आर्थिक मामिला मन्त्रालयमा पठाइएको।

## ५.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ५.३.१ वित्तीय विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार छ।

तालिका २३: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विनियोजन र खर्चको विवरण (रु. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | |
| सुरू विनियोजन | १७८४३० | ० | १४११०२ | ० | ० | ३१९५३२ | ३१२३५ | ० | २००० | ० | ० | ३३२३५ | ३५२७६७ |
| खुद विनियोजन | १४१७३० | ० | १४११०२ | ० | ० | २८२८३२ | २७४३५ | ० | २००० | ० | ० | २९४३५ | ३१२२६७ |
| खर्च | ९६५५३ | ० | ८६५०४ | ० | ० | १८३०५८ | २२८०१ | ० | १८८४ | ० | ० | २४६८५ | २०७७४२ |
| खर्च प्रतिशत | ६८.१२ | | ६१.३१ | | | ६४.७२ | ८३.११ | | ९४.१९ | | | ८३.८६ | ६६.५३ |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गत आर्थिक वर्षको लागि चालुतर्फ रू. २८ करोड २८ लाख ३२ हजार र पुँजीगततर्फ रू. २ करोड ९४ लाख ३५ हजार गरी खुद रू. ३१ करोड २२ लाख ६७ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १८ करोड ३० लाख ५८ हजार र पुँजीगततर्फ रू. २ करोड ४६ लाख ८५ हजार गरी कूल रू. २० करोड ७७ लाख ४२ हजार खर्च भएको छ। गत आर्थिक वर्षमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खुद विनियोजनको ६६.५३ प्रतिशत रकम खर्च भएको छ।

### ५.३.२ प्रमुख उपलब्धि

- सुदूरपश्चिम प्रदेशमा रहेका ८८ पालिकाका उप-प्रमुख र उपाध्यक्षहरुले स्थानीय तहमा सम्पादन गरेका असल अभ्यासका कार्यहरुको सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न।
- सुदूरपश्चिम प्रदेशका प्रदेश सभा सदस्यहरूसँग नीति तथा योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया तथा कार्यशाला गोष्ठी सम्पन्न।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० का बारेमा अभिमुखीकरण गरी प्रदेशका ५ कार्यालय र आफ्नो कार्यालयको लैससास परीक्षण सम्पन्न गराएको।
- स्थानीय तहका सूचना प्रविधि अधिकृतहरुको असल अभ्यास आदान प्रदान।

- प्रदेश सरकार र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणाली सबलीकरण गर्न स्थानीय तहका उपप्रमुख/उपाध्यक्षबीच अनुभव आदानप्रदान कार्यशाला।
- सुदूरपश्चिम प्रदेश सरकार र विकास साझेदारहरुबीच सहकार्य, समन्वय प्रवर्धन र विकास गर्न ११ बुँदे समझदारी पत्र सम्पन्न गरी संयुक्त साझदारी कार्यढाँचा तयार गर्ने कार्यदल गठन।
- प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत अन्तरप्रदेश भ्रमण कार्यक्रममा कर्णाली प्रदेश सरकारका विभिन्न निकायहरुमा भएका असल अभ्यास सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न।
- GIS based project management system, OSSD
- प्रदेशमा कार्यरत विकास साझेदारसँग प्रदेश तथा स्थानीय तहमा भएका असल अभ्यासहरुको अनुभव आदानप्रदान कार्यक्रम।
- सुदूरपश्चिम प्रदेश सरकारले हालै निर्माण गरेको स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ अन्तरगत बन्ने नियमावली २०८२ को मस्यौदा तयारी कार्य सम्पन्न भएको।
- प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) अन्तर्गत चालु आ.व.मा यूएनडीपिको प्राविधिक सहयोगमा कार्यक्रमको सचेतीकरण कार्यशाला, सुदूरपश्चिम प्रदेश क्षमता विकास पहिचान र साझेदारी, नक्साङ्कन सर्वेक्षण प्रतिवेदन र प्रोर्टफोलियो अवधारणा समझदारी तथा सम्झौता समेत सम्पन्न भएको।
- बालसुधार गृहमा रहेका बालबालिकाहरुको मानव अधिकारको सुनिश्चितताका लागि सहयोगात्मक कार्यक्रम।
- बाल बिज्याईकर्ता न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम।
- कारागार तथा हिरासतमा रहेका कैदीबन्दीहरुमाथि मानवोचित व्यवहार भए नभएको अनुगमन।
- मुख्य न्यायाधिवक्ताको अन्तर प्रदेश कानूनको अध्ययन तथा असल अभ्यास सिकाई अनुभव आदान प्रदान।
- स्थानीय न्यायिक समितिका पदाधिकारीहरुसँग न्याय सम्पादन सम्बन्धी कार्यक्रम।
- लिखित जवाफ तथा कानूनी राय सम्बन्धी प्रशिक्षण कार्यक्रम।
- स्थानीय तहसँग सवाल केन्द्रित सम्बाद (स्थानीय तहले तयार गरेका आवधिक योजना, क्षमता विकास योजना र राजश्व सुधार कार्ययोजना) सम्बन्धि ८ वटा कार्शालाहरु सम्पन्न।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) & वित्तीय जोखिम मूल्याङ्कन (FRA) कार्यान्वयन, फलोअप/अनुगमन/अन्तरक्रिया र गुणस्तर परीक्षण कार्य।

- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुका लागि ३ पटक लैङ्गिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धि कार्यशाला सम्पन्न।
- स्थानीय तहको संस्थागत स्वःमूल्यांकन र क्षमता विकास योजनाबाट प्राप्त परिणामका साथै समसामयिक विषयमा स्थानीय तहको मागमा आधारित कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि ३ वटा क्षमता विकास तालिम सम्पन्न।
- ३ पटकमा ६० जना अधिकृत छैटौं तहका कर्मचारीलाई सेवाकालीन तालिम सम्पन्न।
- ७५ जना स्थानीय तहका प्राविधिक कर्मचारीहरूका लागि शहरी विकास डिजाइन सम्बन्धी तालिम।
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरु गरी १७४ जनाको सहभागितामा सामुदायिक अभ्यास/छलफल (सवाल पहिचान तथा समाधान) कार्यक्रम।
- स्थानीय तहका १७५ जना आन्तरिक लेखा परीक्षकहरुका लागि क्षमता विकास तालिम सम्पन्न।
- ८८ जना सूचना प्रविधि अधिकृतहरुका लागि मागमा आधारित क्षमता विकास तालिम आयोजना।
- स्थानीय तहमा निर्वाचित १०६ जना दलित तथा सिमान्तकृत सदस्यहरूको लागि क्षमता विकास कार्यक्रम।
- स्थानीय तहका अध्यक्ष तथा प्रमुखहरूको लागि ४ पटक नेतृत्व विकास सम्बन्धी तालिम तथा कार्यशाला सम्पन्न।
- जिल्ला समन्वय समिति (जिसस) महासंघसँगको सहकार्यमा ८२ जना जिसस पदाधिकारीहरुलाई अनुगमन सम्बन्धी अनुशिक्षण तथा कार्यशाला सम्पन्न।
- स्थानीय सभा र कार्यपालिकाका विषयगत समितिको भूमिका, जिम्मेवारी र Vertical सहकार्य सम्बन्धि कार्यशाला गोष्ठी आयोजना।
- स्थानीय तहका ५२ जना नवनियुक्त कर्मचारीहरुलाई सेवा प्रवेश तालिम सम्पन्न।

### ५.३.३ आर्थिक वर्ष २०८१/८२ मा तर्जुमा भएका नीति तथा कानूनहरु

- सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८१
- मुख्यमन्त्रीको सल्लाहकार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
- सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१
- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०८१
- सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१

- स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२
- स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावलीको मस्यौदा तयार गरीएको

### ५.३.४ बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिहरु

- प्रदेश सरकारको बजेट ढिलो गरी प्राप्त भएको हुदाँ कार्यक्रम सम्पन्न गर्न ढिलाई।
- PLGSP कार्यक्रमको स्वीकृती तथा कार्यदिश मंसिर महिनाको अन्तिममा मात्रै प्राप्त भएकोले कार्यक्रम सञ्चालन ढिलो भएको।
- PLGSP कार्यक्रम अन्तर्गत रहने कर्मचारीहरु ढिलो गरी खटाइएको।
- सुदूरपश्चिम प्रदेशमा विभिन्न विषयका दक्ष प्रशिक्षकको न्यून उपलव्धता रहेको।
- प्रदेश राजधानीको लागि जग्गा प्राप्त गर्न अन्यौलता भएकोले स्थायी संरचना निर्माण गर्न नसकिएको।
- मार्ग निर्देशक सङ्घीय कानूनको अभावले प्रदेशका कानून कार्यान्वयनमा अन्यौलता सिर्जना भएको।
- संगठन संरचना निर्माण भई नसकेको र सङ्घीय संरचनाबाट समेत अभिलेख हस्तान्तरण भई नसकेकोले कर्मचारी अभिलेख व्यवस्थापन गर्न नसकिएको।
- सङ्घीय प्रणालीमा पहुँच नहुँदा सम्पत्ती विवरण समेत प्रभावकारी रूपमा व्यवस्थापन हुन नसकेको।
- दक्ष जनशक्तिको न्यूनताले सेवा प्रवाह गर्न कठिन भएको।

### ५.३.५ समस्या समाधानका लागि भए गरेका प्रयास

- सुदूरपश्चिम प्रदेश सरकारको राजधानी बनाउन जग्गा प्राप्तीका लागि सङ्घीय सरकारसँग पत्राचार भएको र राजनीतिक स्तरमा छलफल चलाईएको।
- कर्मचारी अभिलेख व्यवस्थापनको अस्थायी व्यवस्थापन भएको र स्थायी संरचनाका लागि तयारी शुरु गरिएको।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको प्रदेश तथा स्थानीय तहहरुमा व्यवस्थापन गरिँदै आएको।
- प्रदेश निजामती सेवा नियामावली, २०८१ तर्जुमा भएको र संशोधन समेत गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसंग एकीकृत अनुगमन प्रणाली हस्तान्तरण र सञ्चालनका लागि समझदारी भएको।

## ५.४. आर्थिक मामिला मन्त्रालय

### ५.४.१ वित्तीय विवरण

आर्थिक मामिला मन्त्रालयको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

तालिका २४: आर्थिक मामिला मन्त्रालयको विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | १९०५२७ | ० | ० | ० | ० | १९०५२७ | २९०७५ | ० | ० | ० | ० | २९०७५ | २१९६०२ |
| खुद विनियोजन | १७११६७ | २४९ | ० | ० | ० | १७१४१६ | ३४८२५ | ० | ० | ० | ० | ३४८२५ | २०६२४१ |
| खर्च | १०६१४० | १८७ | ० | ० | ० | १०६३२७ | ३२८२१ | ० | ० | ० | ० | ३२८२१ | १३९१४८ |
| खर्च प्रतिशत | ६२.०१ | ७५.१२ | | | | ६२.०३ | ९४.२४ | | | | | ९४.२४ | ६७.४७ |

यस मन्त्रालयमा आर्थिक वर्ष २०८१/८२ को लागि चालुतर्फ रू. १७ करोड १४ लाख १६ हजार र पुँजीगततर्फ रू. ३ करोड ४८ लाख २५ हजार गरी खुद बजेट रू. २० करोड ६२ लाख ४१ हजार विनियोजन गरिएकोमा समीक्षा अवधिमा चालुतर्फ रू. १० करोड ६३ लाख २७ हजार र पुँजीगततर्फ रू. ३ करोड २८ लाख २१ हजार खर्च भई कूल रू. १३ करोड ९१ लाख ४८ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ६७.४७ प्रतिशत खर्च भएको छ।

### ५.४.२ प्रमुख उपलब्धि

- विभिन्न मन्त्रालय/निकायहरुलाई अनिवार्य दायित्व शिर्षकमा रकमान्तर, बजेट कार्यान्वयनको मार्गदर्शन र विनियोजन ऐन बमोजिम कार्यक्रम संशोधन गरिएको।
- ८५ वटा आयोजना तथा कार्यक्रमलाई बहुबर्षिक ठेक्का स्रोत सहमति प्रदान गरिएको।
- प्रदेशका सबै अस्थायी निकायहरुको दरबन्दी स्वीकृतिका लागि सहमति प्रदान गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन समीक्षा गरी प्रतिवेदन प्रकाशन गरेको।
- बझाङ्ग, बाजुरा, बैतडी र दार्चुला जिल्लामा मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) सञ्चालन सम्बन्धी क्षमता विकास कार्यक्रम र बजेट कार्यान्वयन दक्षता अभिबृद्धि कार्यक्रमहरू सञ्चालन गरेको।
- प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग तथा कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम सञ्चालन गरिएको।

- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको बेरूजुको अभिलेख व्यवस्थापन, बेरूजुको एकीकृत लगत तयारी र बेरूजु फछ्यौंट तथा सम्परीक्षण कार्यका लागि सफ्टवेयर प्रणालीको विकास गरी सोको कार्यान्वयनको विस्तारका लागि तालिम सञ्चालन गरिएको।
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमार्फत प्रदेशस्थित विभिन्न जिल्लाहरूमा ग्रामीण उद्यमशीलताका लागि सहकारीको सक्षमता विकास, स्थानीयस्तरमा उपयुक्त स्वरोजगारजन्य व्यवसायको पहिचान, युवाहरूलाई अन्तर्राष्ट्रिय भाषा सिकाई तालिम, विपन्न तथा बेरोजगार महिलाका लागि व्यवसायिक बाख्रापालन सम्बन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम गरिएको।
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट व्यवसायिक बाख्रापालन, कोषबाट प्रवाह हुने कर्जा प्रक्रिया, कर्जाको अभिलेख, प्रतिवेदन तयारी, ब्याज र किस्ता दाखिला सम्बन्धी तालिम, अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गरिएको।
- राजस्व परामर्श समिति र सो अन्तर्गत रहने गरी सरोकारवालाहरु सहितको सहभागिता रहने ३ वटा उपसमिति मार्फत राजस्व प्रशासनको समग्र व्यवस्थापकीय सुधार, मौजुदा कर र गैरकरका दर र दायरा सम्बन्धी आवश्यक छलफल गरी प्रतिक्रिया सङ्कलन गरेको।
- आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा, विनियोजन ऐनका प्राथमिकता र सिद्धान्त, विनियोजन ऐन, आर्थिक ऐन तयारी तथा प्रकाशन लगायतका मन्त्रालयका नियमित कार्यक्रमहरू गरिएको।
- पर्याप्त विनियोजन नभएका बहुवर्षीय, क्रमागत र अधुरा एवम् दायित्व सिर्जना भएका आयोजनाको लागि आवश्यकता अनुसार थप निकासा एवम् बजेट रकमान्तर गरिएको।
- विभिन्न पहाडी एवम् तराईका जिल्लाहरूमा मन्त्रालयबाट वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको।
- एकल खाता (Treasure Single Account-TSA), कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) जस्ता सफ्टवेयरको प्रयोगलाई बढाइएको।
- आन्तरिक लेखापरीक्षणको कार्य सम्पन्न भएको। साथै, प्रदेश लेखा नियन्त्रक कार्यालय एवम् सङ्घीय निकायबाट लेखा सम्बन्धमा विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको।
- आर्थिक सर्वेक्षण तर्जुमा कार्यलाई निरन्तरता दिइएको।
- मन्त्रालयको बेरुजु शुन्य रहेको।

- आर्थिक वर्ष २०८२/८३ को बजेट तर्मुमा गरी प्रदेश सभामा पेश गरेको।
- विभिन्न मन्त्रालयका ऐन, नियमावली, कार्यविधि, मापदण्ड, स्रोत सहमति र बजेट तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा राय तथा सहमति प्रदान गरिएको।

### ५.४.३ आर्थिक वर्ष २०८१/८२ मा तर्जुमा भएका नीति तथा कानूनहरु

- बजेट पारित नहुँदाको अवस्थामा समेत सेवा प्रवाहलाई सुचारु गर्दै राजस्व सङ्कलन प्रभावित हुन नदिन सामयिक कर असुली ऐन, २०८१ जारी गरी स्थायी समाधान गरिएको।
- बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० लाई समसामयिक संशोधन गरिएको।

### ५.४.४ बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिहरु

- आर्थिक वर्ष २०८१/८२ को असार १ मा पेश भएको बजेट प्रदेश सभाबाट पारित नहुँदा प्रदेशको राजस्व सङ्कलन र प्रदेशबाट हुने सेवा प्रवाह प्रभावित भएको।
- एकै आर्थिक वर्षमा बजेट दुई पटक ल्याउनु परेको।
- दरबन्दी अनुरुप अधिकृत र सहायक कर्मचारीहरुको अभाव भई कार्यसम्पादन प्रभावित भएको।

## ५.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ५.५.१ वित्तीय विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि आर्थिक वर्ष २०८१/८२ को खुद बजेट र सोको खर्चको विवरण निम्नानुसार छ।

तालिका २५: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | ९१३८०९ | १८३९५ | ७२७९५ | ० | ० | १००४९९९ | ५६८३२४ | ३२५०० | २९२२३७ | ० | ० | ८९३०६१ | १८९८०६० |
| खुद विनियोजन | ९१५०९५ | २३९९५ | ७२७९५ | ० | ० | १०११८८५ | ५७७८२४ | ३२५०० | २९२२३७ | ० | ० | ९०२५६१ | १९१४४४६ |
| खर्च | ७०३६५७ | २००९० | ४६८३६ | ० | ० | ७७०५८४ | ४७७०४७ | १७९२४ | १३४५३८ | ० | ० | ६२९५०९ | १४०००९३ |
| **खर्च प्रतिशत** | ७६.८९ | ८३.७३ | ६४.३४ | | | ७६.१५ | ८२.५६ | ५५.१५ | ४६.०४ | | | ६९.७५ | ७३.१३ |

यस मन्त्रालयमा गत आर्थिक वर्षको लागि चालुतर्फ रू. १ अर्ब १ करोड १८ लाख ८५ हजार र पुँजीगततर्फ रू. ९० करोड २५ लाख ६१ हजार गरी खुद रू. १ अर्ब ९१ करोड ४४ लाख ४६ हजार विनियोजन गरिएकोमा समीक्षा अवधिमा चालुतर्फ

रू. ७७ करोड ०५ लाख ८४ हजार र पुँजीगततर्फ रू. ६२ करोड ९५ लाख ९ हजार गरी कूल रू. १ अर्ब ४० करोड ९३ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ७३.१३ प्रतिशत खर्च भएको छ।

### ५.५.२ प्रमुख उपलब्धि

#### क) उद्योगतर्फ

- यस अवधिमा विभिन्न किसिमका १,९६४ वटा उद्योगहरु दर्ता भएका छन्।
- विभिन्न जिल्लामा रहेका ११० वटा उद्योगहरुको प्रवर्द्धनका लागी प्रविधि हस्तान्तरण गरी सहयोग गरिएको।
- विभिन्न जिल्लामा गरी ६६ पटक सिप विकास तालिम सञ्चालन गरिएको र यसबाट ६५२ महिला र ३०४ पुरुष गरी जम्मा ९५६ जना व्यक्तिहरु लाभान्वित भएका छन्।
- उद्योग तथा वाणिज्य तर्फबाट रु ५ करोड २६ लाख राजश्व आम्दानी भएको।
- उद्योग निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालयहरुबाट ५२३ ब्यवसायमा प्रत्यक्ष रुपमा स्थलगत बजार अनुगमन गरी रु १२ लाख ६८ हजार बराबरको अखाद्य तथा म्याद गुज्रेका मालसामान बरामद गर्नुका साथै जरिबाना समेत गरी कालाबजारी नियन्त्रण गर्ने प्रयास गरिएको।

#### ख) पर्यटनतर्फ

- विभिन्न ३१ स्थानमा धार्मिक तथा मठ मन्दिर निर्माण तथा ब्यवस्थापन भएको।
- प्रदेश भित्रका विभिन्न जिल्लामा रहेका ९ वटा ताल तथा झरना संरक्षण भएको।
- प्रदेश भित्रका ४ स्थानमा संग्रहालय निर्माण भएको।
- प्रदेशमा स्थापना भई सञ्चालनमा रहेका विभिन्न ५ वटा होमस्टेहरुको प्रवर्द्धन गरिएको
- विभिन्न जिल्लामा ९ वटा पर्यटकीय पार्क निर्माण गरिएको।
- पर्यटन प्रवर्द्धनका लागी अत्तरिया चोकमा यस प्रदेशको पहिचानको रुपमा रहेको दुर्लभ वन्यजन्तु बाह्रसिङ्गाको मुर्ति स्थापना गरिएको।
- बेहडाबाबा मन्दिर परिसरमा गणेश र दुर्गादेवीको मन्दिर निर्माण गरिएको।
- कैलाली जिल्लाको गौरिगङ्गा वडा नं १ मा अवस्थित मोहन्याल मन्दिर परिसरमा नक्षेत्र बाटिका निर्माण गरिएको।
- कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा नं ७ मा पर्यटकीय महत्व बोकेको आमपानी झरना निर्माण गरिएको।
- गोदावरी नगरपालिका ४ कैलाली मा मष्टाधाम शिवलिङ्ग सहित १२ मष्टा थान निर्माण गरिएको।

- बडिमालिका जाने बाटोमा आवास गृह निर्माण गरिएको।
- कैलाली जिल्लामा होमस्टे महोत्सब सञ्चालन गरिएको।
- बैतडी जिल्लामा अवस्थित त्रिपुरा सुन्दरी मन्दिरमा आवास गृह र पदमार्ग निर्माण गरिएको।

**ग) वन तथा भू संरक्षणतर्फ**

- प्रदेश स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई (Province Level Wildlife Crime Control Buereu- WCCB) को बैठक सङ्घीय वन तथा वातावरण मन्त्रीज्यू र सुदूरपश्चिम प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीज्यूको समुपस्थितिमा सम्पन्न भएको।
- प्रदेशमा सञ्चालन हुने २८ वटा आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र आयोजनाहरुको कार्यसूची (TOR) स्वीकृत भएको।
- डिभिजन वन कार्यालयहरुबाट बहुउद्देश्यीय र बहुवर्षीय गरी जम्मा १४ लाख ४७ हजार वनजन्य बिरुवा उत्पादन भएको।
- विभिन्न स्थानका खाली तथा नाङ्गो १२२ हेक्टर वन क्षेत्रमा वृक्षारोपण गरिएको।
- विभिन्न १९ वटा नयाँ सामुदायिक वन समुहहरुलाई १७०२ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको, यसबाट ११२५ घरधुरी लाभान्वित भएको।
- प्रदेशभित्रका विभिन्न स्थानमा रहेका ९ वटा सिमसारहरुको संरक्षण गरिएको।
- करिब ३५ हेक्टर क्षेत्रफलमा टिमुर, ओखर लगायतका जडिबुटी प्रजातिहरुको खेति बिस्तार गरिएको।
- प्रदेश भित्रका वन क्षेत्रहरुबाट विभिन्न प्रजातिका गरी करिब १६ लाख घनफिट काठ र २३५८ चट्टा दाउरा उत्पादन तथा निकासी भएको ।
- स्थानीय जनताको घर निर्माण तथा मर्मत प्रयोजनका लागी जिल्ला वन पैदावार आपूर्ति समितिबाट ४६३ घरधुरीलाई ३९४८४ घनफिट काठ सुपथ मुल्यमा वितरण गरिएको।
- वन्यजन्तुबाट पिडित ४५६ जना व्यक्ति तथा निजका परिवारलाई रु १ करोड २९ लाख राहत स्वरुप वितरण गरिएको।
- अतिक्रमण नियन्त्रण सम्बन्धी औजार उपकरण (BACKHOE) खरिद तथा व्यवस्थापन गरिएको।
- डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनका लागी ६६ सेट अग्नि नियन्त्रण सामाग्री खरिद गरी जोखिमयुक्त क्षेत्रमा परिचालन गरिएको।
- विभिन्न प्रजातिका २१ लाख ३२ हजार के. जी. जडिबुटी निकासी साथै यस अवधिमा ४० लाख ४० हजार के. जी. खोटो उत्पादन तथा निकासी भएको।

- विभिन्न स्थानहरुबाट ४७ वटा हिंस्रक, समस्याग्रस्त तथा घाइते वन्यजन्तुहरु उद्धार गरिएको।
- बझाङ्ग र बाजुरा जिल्लामा ५ वर्षको लागी करिब ३ करोड अमेरिकी डलर बराबरको "जलवायु उत्थानशिल भू-परिधि तथा जीविकोपार्जन आयोजना" कार्यान्वयनका लागी एसियाली विकास बैङ्क (ADB) संग सम्झौता भई आर्थिक वर्ष २०८१/८२ देखि सञ्चालनमा आएको।
- वन क्षेत्रबाट नेपाल सरकारलाई रु २४ करोड राजश्व आम्दानी भएको।
- यस अवधिमा वन क्षेत्रबाट १ लाख ७४ हजार श्रमदिन रोजगारी श्रृजना भएको।
- विभिन्न ८० स्थानमा पहिरो नियन्त्रण कार्य सम्पन्न भई १२९ हेक्टर क्षेत्रफलमा रहेको भौतिक संरचना तथा भूमिको संरक्षण भएको।
- विभिन्न १४९ स्थानमा तटबन्ध निर्माण तथा नदि किनार संरक्षणको कार्य सम्पन्न भई २६३ हेक्टर खेतियोग्य जमिनको संरक्षण भएको।
- विभिन्न २८ स्थानमा संरक्षण पोखरी निर्माण भएको। १७ स्थानमा सिंचाइ पोखरी निर्माण र १९ स्थानमा पानी मुहान संरक्षण सम्बन्धी कार्य सम्पन्न भएको।
- भू-क्षय नियन्त्रणका लागी विभिन्न स्थानहरुमा ८५४० वटा बाँस बिरूवा रोपण गरिएको।
- भू-संरक्षण सम्बन्धी कृयाकलापहरुबाट ८३८३ घरधुरी लाभान्वित भएका छन्।

### ५.५.३ समीक्षा अवधिमा तर्जुमा भएका नीति तथा कानूनको विवरण

| कानूनको नाम | कैफियत |
|---|---|
| खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (चौथो संशोधन) गठन आदेश, २०८१ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१/१२/६ मा स्वीकृत |
| रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (चौथो संशोधन) गठन आदेश, २०८१ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१/१२/६ मा स्वीकृत |
| सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१/१२/६ मा स्वीकृत |
| केही उद्योग तथा वन सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक | मिति २०८१/११/१ को पत्रबाट प्रदेश सभा सचिवालयमा दर्ताको लागि पत्राचार गरेको |

### ५.५.४ मुख्य समस्या र समस्या समाधान गर्न गरिएका प्रयासहरु

| क्रस. | आयोजना कार्यान्वयनका मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समाधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| १ | दरबन्दि अनुसार पदपूर्ति नहुँदा कार्यसम्पादनमा समस्या रहेको | कर्मचारी पदपूर्ति समयमा नहुनु | रिक्त दरबन्दी पदपूर्तिका लागी माग फाराम भरी सम्बन्धित निकायमा पठाएको । | रिक्त दरबन्दिमा यथासक्य छिटो पदपूर्ति हुनु पर्ने । |

| क्र.स. | आयोजना कार्यान्वयनका मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समाधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| २ | कैलाली र कञ्चनपुर बाहेक पहाडी ७ जिल्लाका घरेलु कार्यालयहरु अस्थायी कार्यालयको रुपमा रहनुका साथै जनशक्ति समेत पर्याप्त उपलब्ध हुन नसक्नु | घरेलु कार्यालयहरु अस्थायी रहनु | स्थायी प्रकृतिका कार्यालय स्थापना गर्न पहल गरिएको । | प्रदेश सरकारबाट यथाशक्य छिटो स्थायी कार्यालय स्थापना हुनु पर्ने। |
| ३ | पर्यटन क्षेत्रको कार्य गर्नका लागि स्थायी संरचनाको अभाव रहेको । | प्रदेश सरकारबाट पर्यटन क्षेत्र हेर्ने स्थायी संरचना तयार नभएको | स्थायी संरचना स्थापनाको लागी पहल गरिएको । | प्रदेश सरकारबाट यथाशक्य छिटो स्थायी कार्यालय स्थापना हुनु पर्ने |
| ४ | मानव वन्यजन्तु द्वन्द्व बढिरहेको । | वन क्षेत्र खण्डिकरण, अतिक्रमण, छरिएको बस्ति र वन्यजन्तुमैत्री पूर्वाधार निर्माणको अभाव | • जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको<br>• बन्यजन्तुको बासस्थान संरक्षणका कार्यक्रम सञ्चालन गरिएको<br>• घाइते, टुहुरा र समस्याग्रस्त वन्यजन्तु उद्धार गरी आवश्यक उपचार समेत गरी सुरक्षित प्राकृतिक बासस्थानमा छोड्ने गरिएको<br>• समस्याग्रस्त क्षेत्रहरुमा मेसवायर फेन्सिङ्ग कार्य गरिएको<br>• वन्यजन्तुबाट पिडित ४५६ जना व्यक्ति तथा परिवारलाई राहत बापत करिब रु १ करोड ३० लाख रकम वितरण गरिएको | • वन क्षेत्रको खण्डिकरण रोकि वन्यजन्तुको सहज आवत जावतको लागी कोरिडोर कनेक्टिभिटी कायम गर्नु पर्ने ।<br>• वन क्षेत्रको अतक्रमण नियन्त्रण गर्नुका साथै नयाँ अतिक्रमण हुन नदिने ।<br>• छरिएर रहेको बस्तिलाई एकत्रित गर्नु पर्ने ।<br>• वन्यजन्तुमैत्री पूर्वाधार विकास गर्नु पर्ने । |

### ५.५.५ सुशासन कायम गर्न भएका मुख्य प्रयासहरु

- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि समयमै स्वीकृत गरी मातहतका निकायहरुमा पठाइ कार्यान्वयनमा एकरुपता गरिएको।
- मन्त्रालय र निर्देशनालयहरुबाट मातहतका निकायबाट सम्पादन भएका कार्यक्रमको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरी कार्य सञ्चालनमा गुणस्तर र पारदर्शिता प्रवर्द्धन गरिएको।
- त्रैमासिक तथा वार्षिक समिक्षा गोष्ठिहरु सञ्चालन गरिएको।

- सबै निकायहरुमा गुनासो सन्ने अधिकारी, सूचना अधिकारी र लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको।
- सबै निकायहरुले आफूले वार्षिक रुपमा सम्पादित कार्यक्रमहरुलाई वार्षिक प्रगति पुस्तिका प्रकाशन मार्फत सार्वजनिक गर्ने गरिएको।
- कर्मचारीहरुलाई समयानुकूल क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको।
- मन्त्रालय र कार्यालयहरुको गतिविधिहरुलाई वेबसाइट मार्फत सार्वजनिक गरिएको।

## ५.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### ५.६.१ वित्तीय विवरण

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार छ।

तालिका २६: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | २१५६६२८ | ३००९०० | १८७०९३ | ० | ० | २६४४६२१ | ६२५१९ | ५६४०० | ३३३०० | १२०००० | ० | २७२२१९ | २९१६८४० |
| खुद विनियोजन | २११८०९८ | २४६३४५ | १८७०९३ | ० | ० | २५५१५३६ | ५०४१९ | ४८५०० | ३३३०० | १२०००० | ० | २५२२१९ | २८०३७५५ |
| खर्च | १६१०६८४ | १४५१६८ | ४१९३४ | ० | ० | १७९७७८६ | २७५५२ | ३२४२५ | ८५५१ | ० | ० | ६८५२८ | १८६६३१४ |
| **खर्च प्रतिशत** | ७६.०४ | ५८.९३ | २२.४१ | | | ७०.४६ | ५४.६५ | ६६.८६ | २५.६८ | ०.०० | | २७.१७ | ६६.५६ |

यस मन्त्रालयमा चालुतर्फ रू. २ अर्ब ५५ करोड १५ लाख ३६ हजार र पुँजीगततर्फ रू. २५ करोड २२ लाख १९ हजार गरी कूल रू. २ अर्ब ८० करोड ३७ लाख ५५ हजार खुद विनियोजन गरिएकोमा चालुतर्फ रू. १ अर्ब ७९ करोड ७७ लाख ८६ हजार र पुँजीगततर्फ रू. ६ करोड ८५ लाख २८ हजार गरी कूल रू. १ अर्ब ८६ करोड ८३ लाख १४ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ६६.५६ प्रतिशत खर्च भएको छ।

तालिका (क) मन्त्रालय र अन्तर्गतका निकायहरुको वित्तीय प्रगति (रकम रु हजारमा)

| बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| **क) प्रदेश सरकार** | | | | | | | | | |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०२७१८ | १४३९९० | ३४६७०८ | ९७०९८ | ७०८८ | १०४१८६ | ४७.९ | ४.९२ | ३०.०५ |
| कृषि विकास निर्देशनालय | ८८८७९ | १८४४० | १०७३१९ | ३७८७८ | २२९२ | ४०१७० | ४२.६२ | १२.४३ | ३७.४३ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग | ५०९५१ | १००० | ५१९५१ | ३६०६९ | ८३२ | ३६९०१ | ७०.७९ | ८३.२ | ७१.०३ |

| बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| तथा तालिम केन्द्र | | | | | | | | | |
| माटो तथा मल परिक्षण प्रयोगशाला | ३१६४३ | ० | ३१६४३ | २०५४१ | ० | २०५४१ | ६४.९१ | | ६४.९१ |
| बिउ विजन प्रयोगशाला | १५२६८ | ३०० | १५५६८ | १०४९८ | २४७ | १०७४५ | ६८.७६ | ८२.३ | ६९.०२ |
| बाली संरक्षण प्रयोगशाला | १५६१० | ६२५ | १६२३५ | १२९३७ | ५७५ | १३५१२ | ८२.८८ | ९२.०६ | ८३.२३ |
| कृषि ज्ञान केन्द्रहरु | ९६१७८७ | ७८८३ | ९६९६७० | ७३१६८१ | ६५३७ | ७३८२१७ | ७६.०८ | ८२.९२ | ७६.१३ |
| शुख्खा फलफुल विकास केन्द्र | १७८३७ | ५० | १७८८७ | १४३२९ | ५० | १४३७९ | ८०.३३ | १०० | ८०.३९ |
| तरकारी जर्म प्लाज्मा सम्बन्धन तथा बिउ उत्पादन केन्द्र | १८१७६ | १००० | १९१७६ | १३३२४ | १००० | १४३२४ | ७३.३ | ९९.९९ | ७४.७ |
| पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ७५६०८ | १७२७५ | ९२८८३ | ६०८५० | १७१५५ | ७८००५ | ८०.४८ | ९९.३१ | ८३.९८ |
| पशु सेवा तालिम केन्द्र | २७८१३ | १६६६ | २९४७९ | २२४६४ | ४६० | २२९२३ | ८०.७७ | २७.५८ | ७७.७६ |
| मत्स्य विकास केन्द्र | ३५२४४ | ५०० | ३५७४४ | ३३२८४ | ४९८ | ३३७८२ | ९४.४४ | ९९.६३ | ९४.५१ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ८२२९०९ | २६१९० | ८४९०९९ | ६६५१८६ | २३३२३ | ६८८५०९ | ८०.८३ | ८९.०५ | ८१.०९ |
| **प्रदेश सरकार जम्मा** | २३६४४४३ | २१८९१९ | २५८३३६२ | १७५६१३९ | ६००५७ | १८१६१९४ | ७४.२७ | २७.४३ | ७०.३ |
| **ख) संघ शसर्त अनुदान** | | | | | | | | | |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ११४७० | ० | ११४७० | ९०५८ | ० | ९०५८ | ७८.९७ | | ७८.९७ |
| कृषि विभाग | १७६५० | ० | १७६५० | ३१६२ | ० | ३१६२ | १७.९१ | | १७.९१ |
| पशु सेवा विभाग | ४२७० | ० | ४२७० | ३२८१ | ० | ३२८१ | ७६.८४ | | ७६.८४ |
| पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना | १०८६०७ | ३३३०० | १४१९०७ | २६४३४ | ८५५१ | ३४९८४ | २४.३४ | २५.६८ | २४.६५ |
| यू.एस.एड. एग्रीकल्चरल डाईरेक्ट फाईनान्सिङ्ग प्रोजेक्ट | ४५०९६ | ० | ४५०९६ | ० | ० | ० | ० | | ० |
| **संघ शसर्त अनुदान जम्मा** | १८७०९३ | ३३३०० | २२०३९३ | ४१९३५ | ८५५१ | ५०४८५ | २२.४१ | २५.६८ | २२.९१ |
| **कुल जम्मा** | २५५१५३६ | २५२२१९ | २८०३७५५ | १७९८०७४ | ६८६०८ | १८६६६७९ | ७०.४७ | २७.२ | ६६.५८ |

## ५.६.२ प्रमुख उपलव्धि

### (क) संघ ससर्त तर्फका कार्यक्रम

#### १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (ब्लक विकास कार्यक्रम)

| जिल्ला | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| डोटी | संख्या | १ | ६५० | १ | ६३३.७२ | सुन्तला वेर्ना वितरण, सिचाई पोखरी निर्माण, बगैचा सुदृढिकरण, तालिम, मिनीटिलर वितरण |
| बैतडी | संख्या | १ | ६०० | १ | ५८५ | १०० रोपनी क्षेत्रफलमा आलु क्षेत्र विस्तार भइ ९८ मे.टन आलु उत्पादन,करिव ७५ मे टन् बिक्री गरी रु. ३० लाख बराबरको आयआर्जन |
| अछाम | संख्या | १ | ६०० | ० | ० | कार्यान्वयन हुन नसकेको |
| बाजुरा | संख्या | १ | ७०० | १ | ६८९.५२ | स्वामिकार्तिक खापर गा.पा. वडा नं. ३ मा बाझो जमिनमा ४.१६ हेक्टर क्षेत्रफलमा सामुहिक रूपमा |

| जिल्ला | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| | | | | | | सिंचाई सहितको ओखरको व्यवसायिक बगैचा स्थापना |
| डडेल्धुरा | संख्या | १ | ६०० | १ | ६०० | ५ वटा नयाँ पोलिहाउस निर्माण भई २५० वर्ग मिटर संरक्षित क्षेत्रफलमा बेमौसमी तरकारी खेती, ५ वटा मिनी टिलर खरिद |
| दार्चुला | संख्या | १ | ६०० | १ | ४७३.६ | १२.५ हेक्टर क्षेत्रफलमा आलु खेती बिस्तार |
| कैलाली | संख्या | ३ | १७०० | २ | १०९४.२१ | जोशीपुर गा.पा. १ मा तरकारी बीउ उत्पादन गर्न २ HP का ६थान मोटर, ५ थान पावर स्प्रेयर, ३० रोल ग्रीन नेट, ६० रोल मल्चिंग प्लाष्टीक वितरण गरी रु. १३,००,००० को तरकारी विक्री र बर्दगोरिया गा.पा. ६ मा तरकारी बीउ उत्पादन गर्न २ Hp का ११ थान मोटर, १५ थान पावर स्प्रेयर, १५ पावरटीलर, डेलीभरी पाइप ३५ के.जी., हजारी ८० वटा वितरण गरी रु. ८,५०,००० को तरकारी विक्री भएको |
| कंचनपुर | संख्या | १ | ६०० | १ | ५९५.८४ | लालझाडी गा.पा. ३ मा करिब ४० हेक्टर जमिनमा तरकारी खेती ८ वटा सिचाई बोरिंग र १ वटा प्लास्टिक टनेल वितरण |
| बझांग | संख्या | १ | ६०० | १ | ४८७.३९ | ५ हे.मा व्यवसायिक आलु एवम् तरकारी खेति गरिएको |
| **जम्मा** | | ११ | ६६५० | ९ | ५१६१.४३ | |

## २. ब्लक विकास कार्यक्रमको निरन्तरता (पशु/वस्तु)

| जिल्ला | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| डडेल्धुरा | संख्या | १ | ५०० | १ | ४७८.५ | ४ वटा बाखाको खोर निर्माण, ३ वटा सुधार तथा विजु वर्णशंकर बोका खिरद |
| बैतडी | संख्या | १ | ५०० | १ | ४८७.५ | १६ वटा बाखा र २ वटा बोका वितरण र ४ वटा गोठ सुधार |
| कञ्चनपुर | संख्या | १ | ५०० | १ | ५०० | १८ वटा बाखा र १ बोका वितरण |
| दार्चुला | संख्या | १ | ५०० | १ | ४७५ | समुहमा ४२ बाखा र २ बोका वितरण |
| कैलाली | संख्या | १ | ५०० | १ | ४९९.९ | समुहमा २५ वटा बाखा र १ बोका वितरण, १० बाखा खोर सुधार र १ नयाँ बाखा खोर निर्माण |
| बझाङ | संख्या | १ | ५०० | १ | ४९७.७९ | समुहमा ४३ जनालाई १/१ वटा बाखा र प्रजननको लागि २ वटा बोका वितरण |
| अछाम | संख्या | १ | ५०० | १ | ४९५.८४ | दलित तथा मुस्लिम बस्तिका २० परिवारमा ४० वटा बाखा वितरण |
| बाजुरा | संख्या | १ | ५०० | १ | ४६४ | प्रजननयोग्य जमुनापारी क्रस बोका र खरि जातको बाखा वितरण, परजिवि नियन्त्रण तथा पशुपन्छी उपचार सेवा सञ्चालन |
| डोटी | संख्या | १ | ५०० | ० | ० | |

| जिल्ला | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| जम्मा | | ९ | ४५०० | ८ | ३८९८.५३ | |

## ३. कृषि विभाग तर्फका कार्यक्रम

| कार्यालय | क्रियाकलापहरु | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| बीउ विजन प्रयोगशाला, सुन्दरपुर | कृषि विभाग/बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रसंगको समन्वयमा जिल्लास्थित कृषि हेर्ने कार्यालय तथा प्रादेशिक बीउ विजन प्रयोगशालाहरुलाई बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा बिद्युतिय बीउविजन प्रणाली (DESES) सम्बन्धि अभिमुखीकरण कार्यक्रम | १ | ४०० | ० | ० | तालिम सञ्चालन हुन नसकेको |
| | कृषि विभाग/बीउविजन गुणस्तर नियन्त्रण केन्द्रसंगको समन्वयमा बीउ अनुदानमा संघिय सशर्त कार्यक्रम रहेका स्थानिय तहहरुलाई बीउविजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा बिद्युतिय बीउविजन प्रणाली (DESES) सम्बन्धि अभिमुखीकरण कार्यक्रम | १ | ५०० | ० | ० | |
| | बीउविजन गुणस्तर नियन्त्रण केन्द्रको समन्वयमा उन्नत बीउ उत्पादकहरुलाई DESES तथा गुणस्तर नियमन सम्बन्धि तालिम | १ | ५०० | ० | ० | |
| | DESES कार्यान्वयनका लागि प्रादेशिक बीउविजन प्रयोगशालालाई सहजीकरण सहयोग | १ | ३०० | १ | २७७.६९ | ३११.३२ मेट्रिक टन बीउ प्रमाणीकरण |
| | DESES कार्यन्वयन (उन्नत बीउको खेत निरीक्षण, बीउ विश्लेषण तथा लट प्रमाणीकरण) का लागि बीउविजन प्रयोगशालामा प्राविधिक (JT/JTA-२) करार सहयोग | १ | ९०० | १ | १७३.६५ | कृषि प्राविधिक |
| माटो तथा | DSM update को लागी माटो नमुना | १ | २०० | १ | १६८.४४ | तालिम सञ्चालन |

| कार्यालय | क्रियाकलापहरु | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | विनियोजन | परिमाण | खर्च | प्राप्त उपलब्धी |
| मल परिक्षण प्रयोगशाला, सुन्दरपुर | सङ्कलन/परिक्षण तथा GPS प्रयोग सम्बन्धी प्राविधिक तालिम | | | | | |
| | जनशक्ति सेवा करार (प्रा.स-१) | १ | ४६० | १ | ४६० | कर्मचारी तलब |
| | माटो नमुना सङ्कलन र परिक्षण कार्यक्रम | १ | ५०० | १ | ३६६.६७ | २५०० माटो नमुना परिक्षण |
| | प्रयोगशालाको लागी आवश्यक ग्लासवेयर, रसायन र सुरक्षा सामाग्री खरिद | १ | ४०० | १ | ४०० | सामग्री खरिद |
| कृषि ज्ञान केन्द्र | | | | | | |
| कैलाली | स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १ | २००० | ० | ० | माग प्राप्त नभएको |
| | उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १ | १००० | ० | ० | |
| कञ्चनपुर | उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १ | २००० | १ | ११०५.६३ | ग्रीन जोन कम्पनीलाई बिउ गोदाम घर निर्माणमा सहयोग |
| कैलाली | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | १ | ३००० | ० | ० | माग प्राप्त नभएको |
| कञ्चनपुर | | १ | ३००० | १ | २०९.८८ | कन्चन सिड कम्पनीलाई उन्नत बिउ उत्पादनमा प्रोत्साहन अनुदान |
| डडेल्धुरा | | १ | ५०० | ० | ० | माग प्राप्त नभएको |
| डोटी | | १ | २०० | ० | ० | |
| बैतडी | | १ | ३०० | ० | ० | |
| अछाम | | १ | १००० | ० | ० | |
| बाजुरा | | १ | १९० | ० | ० | |
| बझाङ्ग | | १ | २५० | ० | ० | |
| दार्चुला | | १ | ५० | ० | ० | |
| **जम्मा** | | | **१७६५०** | | **३१६१.९६** | |

### ४. पशु सेवा विभाग (पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रम)

| जिल्ला | लक्ष्य | | प्रगति | | उपलब्धी |
|---|---|---|---|---|---|
| | परिमाण | विनियोजन | परिमाण | खर्च | |
| बैतडी | १ | ३०० | १ | २९९.५ | ६००० पशुपन्छिमा खोरेत विरुद्धको खोप लगाउने काम सम्पन्न |
| डडेल्धुरा | १ | २०० | १ | १९९.२७ | पशुपन्छी खोप लगाउने कार्य गरिएको |
| कञ्चनपुर | १ | ९०० | १ | ८९३.८ | रेबिज खोप खरिद तथा खोप भण्डारणका लागि ILR खरिद |
| कैलाली | १ | ५०० | १ | ४९९.४१ | पशुमा २९३६५० खोरेत विरुद्धको खोप, बाखामा २६७००० पि.पि.आर खोप र गाई/भैसीमा ४८००० लम्पी स्किन विरुद्धको खोप लगाउने काम सम्पन्न |
| बझाङ | १ | ३०० | १ | २९०.२५ | ७५००० भेडाबाखाहरुमा पिपिआर खोप, १४५०० गाई/भैसीहरुमा खोरेत र १००० डोज लम्पी स्किन रोग विरुद्धको खोप लगाउने काम सम्पन्न |
| अछाम | २ | ५०० | २ | ४९९.९२ | आन्तरीक र बाह्य परजिवि नियन्त्रणका लागि औषधी खरिद |
| बाजुरा | १ | ३०० | १ | २९८.८५ | ७५०० गाईभैसीमा खोरेत बिरुद्धको खोप लगाउने काम सम्पन्न |
| दार्चुला | १ | २०० | ० | ० | कार्यक्रम कार्यन्वयनमा नआएको |
| डोटी | १ | ३०० | १ | २९९.९७ | खोप लगाउने कार्य गरिएको |
| **जम्मा** | | **३५००** | | **३२८०.९७** | |

### ख) प्रदेश कृषि विकास कार्यक्रम तर्फ

#### १. भूमि व्यवस्थापन तथा मुक्त कमैया र हलिया पुनस्थापनाः

- नापी तथा मालपोत कार्यालयहरुको सुदृढीकरणः ३२ थान कम्प्युटर र १४ थान प्रिन्टर खरिद गरी हस्तान्तरण।
- संघ/स्थानीय तहसँगको समन्वयमा मुक्त कमैया, कम्लहरी, हलिया पुनःस्थापन कार्यक्रम अन्तर्गत बझाङ्गको थलारा गा.पा. मा १६ वटा हलियाको घर, लम्की चुहा न.पा. मा १४ वटा र बर्दगोरीया गा.पा. मा २१ वटा मुक्त कमैयाका घर निर्माणका लागि सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण।

#### २. सहकारी नियमन,प्रशिक्षण र प्रवर्द्धन

- ४ वटा सहकारी संघ संस्थाहरुको सघन अनुगमन र ४० वटा सहकारी संघ संस्थाहरुको अनुगमन
- स्थानीय तहका ८९ जना कर्मचारीहरुलाई सहकारी नियमन, अनुगमन सम्बन्धी तालिम र ८९ जना कर्मचारीहरुलाई लेखापालन तथा वित्तीय विश्लेषण तालिम
- सहकारी संघ संस्थाका ८० जना सञ्चालक/व्यवस्थापक/कर्मचारीहरुका लागि लेखापालन तथा वित्तीय विश्लेषण तालिम
- ७५ जनालाई सहकारी सचेतना तालिम

- ३८ जनालाई सहकारी प्रशिक्षक प्रशिक्षण (TOT)
- ५४ जनालाई कोपोमिस तालिम
- ११ वटा सहकारी संघ संस्थाहरुको क्षमता अभिबृद्धि गर्नका लागि साझेदारी तालिम कार्यक्रम सञ्चालन

**३. प्रथम प्रदेशस्तरीय कृषि तथा पशुपन्छी मेला प्रदर्शनी (Expo)**

- मिति २०८१ माघ २६ देखी ३० सम्म धनगढी उपमहानगरपालिका वडा नं. १ मा सञ्चालन भएको मेलामा करिब २५६०० मानिसहरु (१,३५० बिद्यार्थी) बाट अवलोकन

**४. कृषि शिक्षालयसँगको साझेदारीमा पढ्दै कमाउँदै कार्यक्रम**

- कैलाली, कञ्चनपुर, डोटी, बैतडी, दार्चुला र बझाङ्गका ९ वटा विद्यालयलाई आय आर्जन कार्यक्रमका लागि सहयोग

**५. कृषि तथा पशुपन्छी कर्जा व्याज अनुदान**

- २८० जनालाई कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्द्धनका लागि सहुलियत ब्याज अनुदान सहयोग

**६. बीउ विजन परिक्षण, बाली निरिक्षण र प्रमाणीकरण**

- बीउ परिक्षण ११४४ वटा
- बीउ बाली निरिक्षण ६८१.३९ हे.
- बीउ प्रमाणीकरण ३११.३२ मे.टन
- बीउ बजार नमुना सँकलन र परिक्षण-१०० वटा

**७. च्याउ बीउ उत्पादनः** ५००० पोका कन्ये च्याउ बीउ उत्पादन

**८. माटो तथा मल नमुना जाँचः** ६७४१ माटो नमुना र ४० प्राङ्गारिक मल नमुना सङ्कलन तथा परिक्षण

**९. बीउ/बेर्ना उत्पादन**

- तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा तरकारी बीउ उत्पादन केन्द्र, डडेल्धुराबाट
- मुला, रायो, धनिया, केराउ, प्याजको मूल बीउ उत्पादन शुरुवात भएको।
- बिभिन्न तरकारीका ३४,००० बेर्ना बिक्रि वितरण।
- गोलभेडा, काउली, बन्दा, भन्टा, भेडे खुर्सानी, आदी ताजा तरकारी ६००० के.जी.उत्पादन।
- सुख्खा फलफूल विकास केन्द्र, बैतडीबाट ५७८९२ बिरूवा ग्राफ्टिङ्ग र ३५८२१ बिरुवा विक्री वितरण।

### १० मत्स्य प्रवर्द्धन

- ह्याचलिंग ४ करोड २४ लाख, फ्राई ३२ लाख ६२ हजार, फिंगरलिंग ३३ लाख ४२ हजार र इयलिङ्ग/खाने माछा १० क्वीन्टल।
- कैलालीको भजनी र घोडाघोडी तथा कञ्चानपुरको लालझाडी र शुक्लाफाँटामा व्यवसायिक माछापालक कृषकहरुका समस्या निवारण।

### ११. बाली बीमा क्षेत्र विस्तार :

- बाजुरा, डडेल्धुरा र डोटीमा आलु, स्याउ, किवि, कागती, ओखर काउली बालीमा २२.५ हे

### १२. कृषि यान्त्रीकरण प्रवर्द्धन

| क.स. | जिल्ला | कृषि औजार उपकरणहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पावर टिलर | मिनि टिलर | मल्ट्रीक्रप थ्रेसर | कर्न सेलर | कम्वाइन राइस मिल | स्यालो ट्युवेल | धान थ्रेसर | मिनि थ्रेसर | रोटा भेटर | रिपर | उखु पेल्ने मेशिन |
| १ | बैतडी | १ | १२ | ० | २३ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | कन्चनपुर | २२ | ५२ | ० | १० | ८ | ० | १४ | ० | २३ | १० | ० |
| ३ | दार्चुला | ० | १४ | ० | २६ | १२ | ० | ० | ७ | ० | ० | ७ |
| ४ | डडेल्धुरा | ० | ९५ | १ | ५ | ७ | ० | ० | ० | ० | ० | ० |
| ५ | अछाम | ० | ४८ | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ६ | बाजुरा | ५ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | वझाङ | ० | ९३ | ० | २२ | ३ | ० | ० | ० | ० | ० | ० |
| ८ | कैलाली | ४६ | १२० | ० | १ | ० | २४४ | ० | ० | २ | ४ | ० |
| ९ | डोटी | ० | ४५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | ७४ | ४७९ | ४ | ८९ | ३० | २४५ | १४ | ७ | २५ | १४ | ७ |

### १३ साना सिंचाई कार्यक्रम

| क.स. | जिल्ला | निर्माण गरिएका पुर्वाधारहरु (संख्या) | | | | | | | निर्माण गरिएका पुर्वाधारहरुबाट सिचिंत हुने क्षेत्रफल (हे.) | नया थप सिंचित हुने क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सिचाई कुलो | सिचाई पोखरी | प्लाष्टिक पोखरी | ड्रिप सिचाई | वोरिङ्ग | स्यालो ट्युवेल | पाइप लाइन | | |
| १ | बैतडी | ४२ | २३ | ० | ० | ० | ० | | ६५० | २५० |
| २ | कन्चनपुर | ० | ० | ० | ० | ७७६ | ० | | ४१४ | ० |
| ३ | दार्चुला | १२ | ३० | | | | | २९ | २२ | २२ |
| ४ | डडेल्धुरा | ५ | ३७ | १३ | १ | | | | ४० | ६ |
| ५ | अछाम | ४५ | ४१ | ० | ० | १ | ० | | ४२ | १५ |
| ६ | बाजुरा | ३७ | ७० | ० | ० | ० | ० | | १६५ | २२ |
| ७ | वझाङ | ३० | ६५ | | | | | | १८ | ७ |
| ८ | कैलाली | २ | १५ | ५ | | | २४४ | | ८२ | ४० |
| ९ | डोटी | २४ | १६ | १२ | १ | | | | ६५ | २३ |
| | **जम्मा** | १९७ | २९७ | ३० | २ | ७७७ | २४४ | २९ | १४८० | ३७८ |

## १४ कृत्रिम गर्भाधान

| क्र.स. | जिल्ला | गाई | भैंसी | बाखा | जम्मा |
|---|---|---|---|---|---|
| १ | कञ्चनपुर | ११५१ | ४८४ | ० | १६३५ |
| २ | डोटी | ३५० | ११४ | ५ | ४६९ |
| ३ | वाजुरा | २४ | १३ | ० | ३७ |
| ४ | अछाम | ० | ० | ० | ० |
| ५ | बैतडी | १० | ८ | ० | १८ |
| ६ | दार्चुला | १९१ | ४६ | १७ | २५४ |
| ७ | डडेल्धुरा | २५९ | १६७ | ६ | ४३२ |
| ८ | कैलाली | ५२२४ | २१६७ | ३३५ | ७७२६ |
| ९ | वझाङ्ग | २२७ | ५६ | ० | २८७ |
| जम्मा | | ७४३६ | ३०५५ | ३६३ | १०८५८ |

## १५ खोप सम्बन्धी

| क्र.स. | जिल्ला | खोपको नाम तथा संख्या | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | PPR | HSBQ | FMD | LSD | CSF | Rabies | अन्य | |
| १ | कञ्चनपुर | १३५००० | ० | ४२००० | ० | ० | ७०६ | ० | १७७७०६ |
| २ | डोटी | १२०००० | ० | ४०००० | ५००० | ० | १५०० | ० | १६७५०० |
| ३ | वाजुरा | १०३००० | ० | ७५०० | ७००० | ० | ३३०० | १४९०० | १३५७०० |
| ४ | अछाम | १२७००० | ० | १२००० | २५०० | ० | १६०० | २००० | १४५१०० |
| ५ | बैतडी | ६३२५० | ० | २१७०० | ० | ० | ३६६ | ५३१२ | ९०६२८ |
| ६ | दार्चुला | ६६५०० | ० | १९७०० | १७५०० | ० | ४३३ | ० | १०४१३३ |
| ७ | डडेल्धुरा | ८६००० | ० | ४३००० | ० | ६०० | ४४५२ | ५००० | १३९०५२ |
| ८ | कैलाली | २६७००० | ० | २९३६५० | ४८००० | २५० | १००९ | ० | ६०९९०९ |
| ९ | वझाङ्ग | ४८५०० | ० | १०००० | १००० | ० | ० | ० | ५९५०० |
| | जम्मा | १०१६२५० | ० | ४८९५५० | ८१००० | ८५० | १३३६६ | २७२१२ | १६२९२२८ |

## १६ पशुपन्छी उपचार

| क्र.स. | जिल्ला | उपचारको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | मेडिकल उपचार | माइनर सर्जरी | मेजर सर्जरी | गाइनोकोलोजिकल | |
| १ | कञ्चनपुर | १३६०० | ४८०० | ५०० | २३० | १९१३० |
| २ | डोटी | १०४०० | २८६० | २५० | १२० | १३६३० |
| ३ | वाजुरा | ८९०० | २०५० | १५० | ८० | १११८० |
| ४ | अछाम | ९८०० | २३५० | १८० | ९० | १२४२० |
| ५ | बैतडी | ७८०० | १८५० | ९८ | ८० | ९८२८ |
| ६ | दार्चुला | ९५०० | २१५० | १३० | ७० | ११८५० |
| ७ | डडेल्धुरा | ८५७० | ३२६० | १५० | १०५ | १२०८५ |
| ८ | कैलाली | १८७०० | ७८०० | ३२५० | ५८० | ३०३३० |
| ९ | वझाङ्ग | ९६०० | २४५० | १२० | १३० | १२३०० |
| | जम्मा | ९६८७० | २९५७० | ४८२८ | १४८५ | १३२७५३ |

## १७ कार्यक्रमबाट लाभान्वित

| क्रसं. | कार्यालय | लैङ्गिक | | | लक्षित वर्ग | | | | युवा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | कृषक |
| १ | कृषि विकास निर्देशनालय दिपायल डोटी | १०४ | ३५९ | ४६३ | ५० | १७ | २२४ | ४६३ | ४६३ |
| २ | कृषि व्यवसाय प्रवर्दन सहयोग तथा तालिम केन्द्र सुन्दरपुर | २७९ | ६५५ | ९३४ | ३६ | १६० | ७३८ | ९३४ | ९३४ |
| ३ | कृषि ज्ञान केन्द्र बैतडी | २२५१ | १९३२ | ४१८३ | ३८६ | १०८१ | २७१६ | ४१८३ | ३६४९ |
| ४ | कृषि ज्ञान केन्द्र बाजुरा | ३६९७ | ३५२८ | ७२२५ | ९२५ | ६५ | ६२३५ | ७२२५ | ६५३३ |
| ५ | कृषि ज्ञान केन्द्र अछाम | २०५० | २१९८ | ४२४० | २९८ | ६१ | ३८८१ | ४२४० | २७५३ |
| ६ | कृषि ज्ञान केन्द्र डोटी | ९९१९ | ७१२८ | १७०४७ | ३५५० | १९०७ | ११५९० | १७०४७ | १०३१७ |
| ७ | कृषि ज्ञान केन्द्र कैलाली | ८९५२ | ८६२३ | १७५७५ | १०५ | २६४० | १४८३० | १७५७५ | ५०१४ |
| ८ | कृषि ज्ञान केन्द्र कन्चनपुर | १३७७१ | ११९८८ | २५७५९ | ८२३ | ११६८१ | १३२५५ | २५७५९ | १९३१९ |
| ९ | कृषि ज्ञान केन्द्र बझाङ्ग | १५१० | १९१५ | ३४२५ | ५० | १० | ३३६५ | ३४२५ | ५२५ |
| १० | कृषि ज्ञान केन्द्र दार्चुला | ६२१० | ५२५६ | ११४६६ | ८३६ | ८०० | ९८३० | ११४६६ | ९६७१ |
| ११ | कृषि ज्ञान केन्द्र डडेल्धुरा | ६३१ | ९०२ | १५३३ | १५२ | ५० | १३३१ | १५३३ | १०९० |
| १२ | बाली संरक्षण प्रयोगशाला सुन्दरपुर | ६४२ | ३४६ | ९८८ | १६९ | ३७० | ४४९ | ९८८ | ६७१ |
| १३ | सुख्खा फलफूल विकास केन्द्र | | | ० | | | | ० | |
| १४ | मटो तथा मल परीक्षण प्रयोगशाला सुन्दरपुर | ४०७३ | २६६८ | ६७४१ | ८८५ | १७४३ | ४११३ | ६७४१ | ४१०६ |
| १५ | बीउ विजन प्रयोगशाला सुन्दरपुर | १३१ | १२७ | २५८ | ३ | १६५ | ९० | २५८ | १९३ |
| १६ | तरकारी जर्मप्लाम तथा बीउ उत्पादन केन्द्र डडेल्धुरा | ७०० | ५९९ | १२९९ | १२१ | ० | ११७८ | १२९९ | १२२० |
| १७ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल | ५०० | ८५० | १३५० | ३५० | २०० | ८०० | ३८० | ४५० |
| १८ | पशु सेवा तालिम केन्द्र | ८० | १२० | २०० | ५० | ५० | १०० | ५० | १५० |
| १९ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बैतडी | १७५० | २२३० | ३९८० | ५०० | ४८० | ३००० | १५०० | ७८० |
| २० | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कन्चनपुर | २६५० | ३२४० | ५८९० | ८९० | १००० | ४००० | १५०० | १२०० |
| २१ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दार्चुला | १२३० | ८९० | २१२० | ५२० | ६०० | १००० | ४५० | २५० |
| २२ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डडेल्धुरा | १५६० | १८७० | ३४३० | ४३० | १२५० | १७५० | ७५० | २८० |
| २३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अछाम | १७८० | १४६० | ३२४० | ५४० | ७०० | २००० | १२५० | ७५० |
| २४ | भेटेरीनरी अस्पताल तथा पशु | १३६० | १४५० | २८१० | ८१० | ७५० | १२५० | ५९० | ३२० |

| क्रसं. | कार्यालय | लैङ्गिक | | | लक्षित वर्ग | | | | युवा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | कृषक |
| | सेवा विज्ञ केन्द्र, बाजुरा | | | | | | | | |
| २५ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वझाङ | १५३० | १४५० | २९८० | ५६० | ४२० | २००० | ५८२ | २४८ |
| २६ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलाली | ४२५० | ३८६० | ८११० | ८१० | १३०० | ६००० | १२७० | ८५० |
| २७ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटी | १८९० | १७८० | ३६७० | ६७० | ४०० | २६०० | ६०० | ५८० |
| २८ | मत्स्य विकास केन्द्र गेटा | ३८० | ५६० | ९४० | २४० | ३५० | ३५० | ३५० | ४०० |
| २९ | सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय, कैलाली | २४७ | १७९ | ४२५ | ५१ | ८५ | २८९ | ४२५ | ३८७ |
| ३० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ९५५ | १५५७ | २५१२ | ३०१ | ६० | २१५० | २५१२ | १८०९ |
| | जम्मा | ७५०८१ | ६९७३० | १४४७९३ | १५१११ | २८३९५ | १०१२८६ | १४४७९३ | ७४९१२ |

### १८ रोजगारी सिर्जना

| क्र.सं. | रोजगारीको किसिम | संख्या |
|---|---|---|
| १ | आंशिक | १३९१९ |
| २ | स्थायी | ५०३ |
| | जम्मा | १४४२२ |

**१९ राजश्व सङ्कलन** : रु. १ करोड ८० लाख ६० हजार १४९

### ५.६.३ मन्त्रालयको बेरुजु विवरण

आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मको मन्त्रालय र मातहतका कार्यालयहरुको बेरुजु विवरण देहायको तालिका उल्लेख गरिएको छ।

तालिका (क) मन्त्रालय र मातहत निकायको बेरूजु रकम

| क्र.सं. | बेरुजुको किसिम | लगत | फर्छ्यौट | बाँकी |
|---|---|---|---|---|
| १ | नियमित गर्ने | १०९३५३७४१.५ | ६७९१६६९३.३ | ४१४३७०४८.२ |
| २ | असुल गर्ने | ३३१३७८७६.३ | १८५५९२१६.६ | १४५७८६५९.७ |
| ३ | प्रमाण पेश गर्ने | २१४६०६७०५.९ | २६९०१७८०.० | १८७७०४९२५.९ |
| ४ | पेश्की कायम | १३२००००० | ५००००००.० | ८२०००००.० |
| | **जम्मा** | **३७०२९८३२३.७** | **११८३७७६८९.९** | **२५१९२०६३३.८** |

### ५.६.४ प्रगति नपुगका कारणहरु

तालिका (ख) संघ शसर्त अनुदान तर्फका

| क सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | लक्ष्य | | प्रगति | | मुख्य मुख्य उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | |
| १ | ब्लक विकास कार्यक्रमको अनुगमन | पटक | १ | ३२० | ० | ० | प्रदेश सरकारबाट भुक्तानी गरिएको |
| २ | खोरेत रोग नियन्त्रणको लागि जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन कार्यक्रम | पटक | १ | ५०० | ० | ० | कार्यक्रम अगाडी नबढेको |
| ३ | भेटेरिनरी निरिक्षण कार्यक्रम | पटक | १ | २७० | ० | ० | जिल्लास्थित कार्यालयबाट निरिक्षण भएको |
| ४ | यू.एस.एड. एग्रीकल्चरल डाईरेक्ट फाईनान्सिङ्ग प्रोजेक्ट | पटक | १ | ४५०९६ | ० | ० | कार्यक्रम रोक्का भएको |

### ५.६.५ मुख्य-मुख्य समस्या, समस्याका कारण, समाधानका प्रयास र सुझाव

| क्र.स. | मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समाधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| १ | प्राविधिक कर्मचारी दरबन्दी अनुसार पदपूर्ती नहुनु | प्रदेश सरकारबाट समयमा पदपूर्ती हुन नसक्नु; मन्त्रालयले करारमा थप कर्मचारी राख्न नसक्नु | ४४ जना करारमा भर्ना गरिएको भएतापनि हाल १० जना मात्र कार्यरत; ज्ञान केन्द्र र विज्ञ केन्द्रमा २/२ जना प्राविधिक कर्मचारी परामर्श सेवामा लिई कामकाज गरिरहेको | दरबन्दी अनुसार पदपूर्ति गर्न आवश्यक |
| २ | पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम कार्यन्वयनमा नआउनु | सम्भाव्यता अध्ययन, जग्गा सुनिश्चितता बिना र सञ्चालन मोडालिटी निर्धारण नगरिकनै कार्यक्रम तर्जुमा र बजेट विनियोजन | समर्पण गरिएको | सम्भाव्यता अध्ययन, जग्गा सुनिश्चितता र सञ्चालन मोडालिटी निर्धारण गरेर मात्र कार्यक्रम तर्जुमा गरिनु पर्ने |
| ३ | छाडा पशु चौपायाको उचित व्यवस्थापन | आहारा र औषधी व्यवस्थापन गर्न नसकेर छाडा पशु चौपायाको व्यवस्थापन गर्न नसकिएको | निर्देशनालय र विज्ञ केन्द्रबाट आहारा र औषधीका लागि बजेट विनियोजन गरी गौशालाहरुलाई सहयोग गरिएको | गौशालाहरुलाई बहुउपयोगी बनाउनु पर्ने |
| ४ | प्राकृतिक विपद्का कारण वर्षेनी क्षति हुने | बाढी तथा पहिरोको कारण बाली नाली, पशु, वस्तु तथा संरचनामा क्षति हुने गरेको | मापदण्ड बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिएको। बीमामा जोड दिइएको | मापदण्ड संशोधन गर्नु पर्ने। बाली तथा पशुपन्छी बीमा क्षेत्र विस्तार गर्नु पर्ने |

| क्र.स. | मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समाधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| ५ | चक्लाबन्दीमा खेती कार्यक्रम गर्नमा कठिनाई | टुक्रे जमिन; एकै स्थानमा खेती गर्नको लागि जमिन एकै स्थानमा नभेटिनु; सहकारी/सामुहिक खेती, करार खेती, र चक्लाबन्दी सम्बन्धी आवश्यक कानूनको अभाव | सामुहिक खेतीको लागि प्रोत्साहन गरिएको | प्रदेश भूमि नीति अनुरुप जमिनको खण्डीकरण रोकिनु पर्ने। भूमि बैंक अवधारणा कार्यान्वयन गर्नु पर्ने। |
| ६ | आवश्यकता अनुसार र समयमा रासायनिक मलको आपूर्ति नहुनु | मागभन्दा आपूर्ति धेरै कम हुने गरेको | प्रदेश सरकारले गैर अनुदानित रासायनिक मलमा अनुदान दिई अपूग मल आपूर्ति गरिरहेको। प्राङ्गारिक मल प्रयोगमा प्रोत्साहन गरिरहेको | यथार्थ माग अनुसार, समयमै र कृषि कार्यका लागि मलको उपलब्धता सुनिश्चितता गरिनु पर्ने |
| ७ | कृषि उपजको बजारीकरण र उचित मूल्य प्राप्त नुहन | साना, दुर्गम तथा छरिएका पकेट क्षेत्र र कृषकको न्यून bargaining power; प्रदेशमा कृषि बजारीकरणमा उल्लेखनीय कार्य गर्न नसिकनु | कृषि उपज उत्पादन स्थलदेखि मुख्य बजारसम्म ढुवानीमा अनुदान दिइएको | प्रदेशस्तरीय कृषि बजार निर्माण गरिनु पर्ने; बजार सूचना प्रणालीको विकास गरिनु पर्ने |

## ५.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय

### ५.७.१ वित्तीय विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालयको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार रहेको छ।

तालिका २७: आन्तरिक मामिला तथा कानून मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | १२१५५० | ० | ० | ० | ० | १२१५५० | १४०२०१ | १०३००० | ० | ० | ० | २४३२०१ | ३६४७५१ |
| खुद विनियोजन | १०६३५० | ० | ० | ० | ० | १०६३५० | ७०३०१ | ५६००० | ० | ० | ० | १२६३०१ | २३२६५१ |
| खर्च | ६०२३४ | ० | ० | ० | ० | ६०२३४ | २४१३८ | ७४३६ | ० | ० | ० | ३१५७४ | ९१८०८ |
| **खर्च प्रतिशत** | **५६.६४** | | | | | **५६.६४** | **३४.३४** | **१३.२८** | | | | **२५.००** | **३९.४६** |

यस मन्त्रालयमा चालुतर्फ रू. १० करोड ६३ लाख ५० हजार र पुँजीगततर्फ रू. १२ करोड ६३ लाख १ हजार गरी कूल २३ करोड २६ लाख ५१ हजार खुद विनियोजन गरिएकोमा समिक्षा अवधिमा चालुतर्फ रू. ६ करोड २ लाख ३४ हजार र पुँजीगततर्फ रू. ३ करोड १५ लाख ७४ हजार खर्च भई कूल रू. ९ करोड १८ लाख ८ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ३९.४६ प्रतिशत खर्च भएको छ।

### ५.७.२ प्रमुख उपलब्धि

आन्तरिक मामिला तथा कानून मन्त्रालयको समिक्षा अवधिको प्रमुख क्षेत्रगत उपलब्धीहरु देहाय बमोजिम रहेका छन्।

| क्षेत्र | मुख्य सूचकहरु | उपलब्धि |
|---|---|---|
| सूचना तथा सञ्चार | पत्रकारहरुको क्षमता विकास | ४ जिल्लाका ३११ जना पत्रकारको क्षमता अभिबृद्धि भएको |
| | राजपत्र प्रकाशन | ३० वटा प्रकाशन भएको |
| | प्रदेश लोक कल्याणकारी विज्ञापनद्वारा जनचेतना | कार्यविधि निर्माण गरी १३६ वटा सञ्चार माध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारण गरिएको। |
| | राष्ट्रिय समाचार समिति धनगढीको भवन निर्माण | डि.पि.आर. निर्माण कार्य सम्पन्न भएको |
| | सुदूरपश्चिम प्रदेश डायरी कार्यक्रम | रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनसंग सम्झौता भई प्रदेश डायरी कार्यक्रम सञ्चालनमा भएको। |
| शान्ति सुरक्षा | ट्राफिक प्रहरीका लागि मल्टीप्रपोज हल निर्माण | सम्पन्न भएको |
| | स.प्र. बल नं. ७ बैद्यनाथ बाहिनीको महिला व्यारेक सुदृढीकरण | सम्पन्न भएको |
| | स.प्र. बल नं. ७ बैद्यनाथ बाहिनीको वेयरहाउस सुदृढीकरण | सम्पन्न भएको |
| | स.प्र. बल मद्दती तथा सेवा गुल्म अत्तरीया, कैलालीको सुदृढीकरण | सम्पन्न भएको |
| | स.प्र. बल नेपाल बि.ओ.पि. खड्ढाकंकड, कञ्चनपुरको भवन निर्माण | सम्पन्न भएको |
| | स.प्र. बल नेपाल जवान तालिम शिक्षालय, बनबेहडा भवन निर्माण | सम्पन्न भएको |
| | स.प्र. बल नेपाल बि.ओ.पि. जिमुवा, कञ्चनपुर भवन निर्माण | सम्पन्न भएको |
| | ट्राफिकका लागि आवश्यक प्राविधिक उपकरणहरु खरिद | सम्पन्न भएको |
| | प्रहरी चौकी बित्थड बझाङ्ग भवन निर्माण | सम्पन्न भएको |
| | प्रहरी चौकी लेकम दार्चुला भवन निर्माण | सम्पन्न भएको |
| | कारागार कार्यालय कैलालीको सुदृढीकरण | सम्पन्न भएको |

| क्षेत्र | मुख्य सूचकहरु | उपलब्धि |
|---|---|---|
| | गृह मन्त्रालयसंगको समन्वय र साझेदारीमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी | सम्पन्न भएको |
| सचेतना एवं क्षमता विकास | कैलाली र कञ्चनपुर जिल्लामा बड्घर, चिराकी तथा भलमन्साहरुलाई विपद् सम्बन्धी एक दिने कार्यक्रम र बड्घर, चिराकी तथा भलमन्साहरुलाई प्रथाजन्य कानून सम्बन्धी कार्यक्रम | ८०० जना सुसूचित भएका |
| | कानून तथा मानव अधिकार सम्बन्धी सचेतना | बैतडी, दार्चुला, डडेल्धुरा र डोटी जिल्लामा सञ्चालन, ८०० जना सुसूचित भएका |
| | दलितहरुलाई कानून तथा मानवअधिकार सम्बन्धी कार्यक्रम | ४०० जना सुसुचित भएका |
| | साईबर अपराध नियन्त्रण कार्यक्रम | २००० जान विद्यार्थी सुसूचित भएका |
| | सामुदाय प्रहरी साझेदारी कार्यक्रम | १८०० जना व्यक्ति सुसूचित भएका |
| | कैदीबन्दीहरूलाई योगध्यान सम्बन्धी तालिम | डडेल्धुरा, बैतडी, कञ्चनपुर र दार्चुला जिल्लाका ८०० कैदीबन्दीहरू लाभान्वित |
| | LEOC का विपद् सम्पर्क व्यक्तीहरुलाई तालिम | ४० जना विपद् सम्पर्क व्यक्तीलाई प्रदान |
| | बैतडी, डडेल्धुरा र दार्चुला जिल्लाका कारागारमा रहेका कैदीबन्दीहरुलाई खेलकुद सामग्री हस्तान्तरण, सकारात्मक सोच र तनाव व्यवस्थापन सम्बन्धी तालिम प्रदान | ३०० जना कैदीबन्दीहरू लाभान्वित भएका |
| विपद् व्यवस्थापन | प्रदेश विपद् व्यवस्थापन कोष स्थापना | स्थापना भएको |
| | हवाइ उद्दार | २०८१/५/१ गते बडिमालिका मेला भर्न जाने क्रममा लेक लागि शक्त विरामी भएका अछाम निवासी वर्ष ६३ को पवनदेवी खड्कालाई हवाइ उद्दार गरिएको |
| | राहत तथा उद्दार | ➢ २०८१/५/३ को वर्षातको कारण पहिरोमा परी मृत्यु हुने बझाङ्ग जिल्ला बुङ्गल न.पा. १० का विर बहादुर धामी लगायत ४ जनालाई प्रदेश विपद् तथा राहत वितरण निर्देशिका २०७६ बमोजिम राहत उपलब्ध गराउने निर्णय भएको।<br>➢ २०८१/०५/०३ को वर्षाको कारण पहिरोमा परी बझाङ्ग जिल्ला बुङ्गल नगरपालिका वडा नं. १० वस्ने विर बहादुर धामी लगायत मृतक ४ जनाका हकवालालाई जिल्ला विपद् व्यवस्थापन समिति बझाङ्गमार्फत प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ बमोजिम मिति २०८१/०५/०५ गतेका दिन बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको वैठकले प्रति मृतक १ लाख रुपैयाँका दरले राहत उपलब्ध गराइएको। |

| क्षेत्र | मुख्य सूचकहरु | उपलब्धि |
|---|---|---|
| | | ➢ बन्नीगढी जयगढ गा.पा. अछामलाई आगलागीमा ५० लाख राहत प्रदान।<br>➢ साफेबगर न.पा. अछाम लाई आगलागीमा १० लाख राहत प्रदान।<br>➢ बुढीगंगा न.पा., बाजुराको बम्का बजार आगलागीमा ४० लाख राहत प्रदान।<br>➢ विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनस्थापना अनुदान कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्नुपर्ने ३० प्रतिशतमध्ये रु १ करोड ६८ लाख २२ हजार जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदान गरेको। |

### ५.७.३ नीति तथा कानूनको विवरण

#### (क) समिक्षा अवधिमा तर्जुमा भएका नीति तथा कानून

- सुदूरपश्चिम प्रदेश आमसञ्चार नीति, २०८१
- सुदूरपश्चिम प्रदेशको प्रदेश सभा सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी पहिलो संसोधन ऐन, २०८१
- सुदूरपश्चिम प्रदेश संघ संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१
- आमसञ्चार तथा पत्रकारिता क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम कार्यविधि, २०८१
- लोककल्याणकारी विज्ञापन प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१

#### (ख) समिक्षा अवधिमा तर्जुमा चरणमा रहेको नीति तथा कानूनः

- सुदूरपश्चिम प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

#### (ग) राय परामर्श तथा सैद्धान्तिक सहमतिको विवरणः

- नीतिः १
- विधेयकः १२
- नियमावलीः ५
- निर्देशिकाः २
- गठन आदेशः ३
- कार्यविधिः १०
- मापदण्डः २

### ५.७.४ बजेट कार्यान्वयनका समस्या तथा चुनौति

| क्र.स. | बजेट तथा कार्यक्रमको क्षेत्र | समस्या | चुनौति |
|---|---|---|---|
| १ | प्रदेशस्थित विभिन्न सुरक्षा निकायहरुको भवन निर्माण तथा सुदृढीकरण | प्रदेश प्रहरीलाई अख्तियारी दिदा गृह मन्त्रालय र अर्थ मन्त्रालयबाट अनुमति लिनुपर्ने भएकोले धेरै समय लाग्ने। जग्गा प्राप्तिको समस्या। | ➢ समयमै तोकिएको कार्य सम्पन्न गर्नु<br>➢ ढिलाई हुने प्रवृत्तिलाई रोक्नु |
| २ | योजना कार्यान्वयन (डिपिआर, ड्ईङ्ग डिजाईन, लागत अनुमान तयार तथा अन्य प्राविधिक कार्य) | मन्त्रालयमा प्राविधिक जनशक्ती नहुदा योजनाको डिपिआर लगायत अन्य कागजात तयार गर्न ढिलाई हुने गरेको। | |
| ३ | जनशक्ति विकास र कार्यक्रम कार्यान्वयन | मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरु नहुदा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको। दरवन्दी अनुसारको कर्मचारी नहुनु। | दरवन्दी अनुरुप कर्मचारी पदपुर्ति गर्नु। |
| ४ | सञ्चार तर्फ | सूचना प्रविधि अधिकृतको दरबन्दी नभएकोले सञ्चारतर्फ बनाउनु पर्ने पूर्वाधारका कार्यक्रमहरु हुन नसकेको। | आगामी O&M मा सूचना प्रविधि अधिकृतको दरबन्दी सृजना गरी दरवन्दी हेरफेर गर्नु |
| ५ | अन्तर निकाय समन्वय र सहकार्य | कतिपय अवस्थामा राय सहमति लगायतका विषयमा अलि बढी समय लाग्ने गरेको | तोकिएको कार्य समयमै सम्पन्न गर्नु |

### ५.७.५ समस्या समाधानका लागि भए गरेका प्रयासः

| क्र.स. | समस्या | समाधानका लागि भए गरेको प्रयास |
|---|---|---|
| १ | प्रदेशस्थित विभिन्न सुरक्षा निकायहरुको भवन निर्माण तथा सुदृढीकरण | सुरक्षा निकायसँगको निरन्तर समन्वय र सहकार्य सहित आगामी दिनमा आयोजना प्रस्ताव गर्दा जग्गा प्राप्त भए/नभएको विषयलाई विशेष प्राथमिकता दिनुपर्ने सिकाइ भएको। |
| २ | योजना कार्यान्वयन (डिपिआर, ड्ईङ्ग डिजाईन, लागत अनुमान तयार तथा अन्य प्राविधिक कार्य) | सम्बन्धित सरकारी निकाय र प्रदेश प्रहरी वा अन्य युनिटको सहयोग लिई कार्य गरिदै आएको। |
| ३ | जनशक्ति विकास र कार्यक्रम कार्यान्वयन | मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरु नभए पनि आवश्यकता अनुसार अन्य सरकारी निकाय र प्रदेशस्थित सुरक्षा निकायबाट सहयोग लिई कार्य गर्ने गरिएको। रिक्त पदमा पदपुर्तिका लागि लोकसेवामा माग पठाईएको। |
| ४ | सञ्चार तर्फ | आगामी O&M मा सूचना प्रविधि अधिकृतको दरबन्दी राखी दरबन्दी पुनरावलोकन गर्ने गरी छलफल भएको। |
| ५ | अन्तर निकाय समन्वय र सहकार्य | मन्त्रालयहरू वा अन्य सरोकारवाला निकायसंग आवश्यकतानुसार समन्वय र सहकार्य गर्दै कार्यसम्पादन गर्न प्रयास गरेको। |

## ५.८ भौतिक पूर्वाधार विकास मन्त्रालय

### ५.८.१ वित्तीय विवरण

भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को खुद बजेट विनियोजन र समिक्षा अवधिसम्मको खर्चको विवरण निम्नानुसार रहेको छ।

तालिका २८: भौतिक पूर्वाधार विकास मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | ४५६०६७ | ३१६६५ | ५४०० | ० | ० | ४९३१३२ | ५४८४६८५ | ६२६९४७४ | १०८०५९३ | १२७०००० | ० | १४१०४७५२ | १४५९७८८४ |
| खुद विनियोजन | ४५३८४२ | ३३०३२ | ५४०० | ० | ० | ४९२२७४ | ५६२८५८५ | ६४३६२७४ | १०८०५९३ | १२७०००० | ० | १४४१५४५२ | १४९०७७२६ |
| खर्च | ३४८१६९ | २९०१५ | ५९८ | ० | ० | ३७७७८३ | ४११५६९५ | ४७३८९४० | ३२८४८१ | ८२९२३९ | ० | १००१२३५५ | १०३९०१३८ |
| खर्च प्रतिशत | ७६.७२ | ८७.८४ | ११.०८ | | | ७६.७४ | ७३.१२ | ७३.६३ | ३०.४० | ६५.२९ | | ६९.४६ | ६९.७० |

आर्थिक वर्ष २०८१/८२ को लागि चालुतर्फ रू. ४९ करोड २२ लाख ७४ हजार र पुँजीगततर्फ रू. १४ अर्ब ४१ करोड ५४ लाख ५२ हजार गरी खुद रू. १४ अर्ब ९० करोड ७७ लाख २६ हजार विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म चालुतर्फ रू. ३७ करोड ७७ लाख ८३ हजार र पुँजीगततर्फ रू. १० अर्ब १ करोड २३ लाख ५५ हजार गरी कूल रू. १० अर्ब ३९ करोड १ लाख ३८ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट विनियोजनको ६९.७० प्रतिशत खर्च भएको छ।

### ५.८.२ प्रमुख उपलब्धि

भौतिक पूर्वाधार विकास मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ को समिक्षा अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्।

#### १. पूर्वाधारतर्फ

| सि.नं. | सूचकहरु (Key Indicators) | इकाई | उपलब्धी |
|---|---|---|---|
| **यातायात पूर्वाधार (सडक, पुल)** | | | |
| १ | कालोपत्रे सडक | कि.मि. | १०६.२ |
| २ | खण्डास्मित (ग्रावेल सडक) | कि.मि. | १०२.८ |
| ३ | माटेसडक | कि.मि. | १४७.१ |
| ४ | सडक पुल निर्माण | गोटा | ६ |
| ५ | झोलुंगे पुल निर्माण | गोटा | ० |
| **जलश्रोत तथा सिंचाई विकास** | | | |
| १ | सतह सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ६५० |
| २ | भूमिगत सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ३८० |

| सि.नं. | सूचकहरु (Key Indicators) | इकाई | उपलब्धी |
|---|---|---|---|
| ३ | नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ६५२.४ |
| ४ | मर्मत संभार/पुनःनिर्माणबाट हुने सिंचित क्षेत्रफल | हेक्टर | १३९४७.४ |
| ५ | पक्कि कुलो निर्माण | कि.मि. | २४१.३८१ |
| ६ | कच्ची कुलो निर्माण | कि.मि. | २.२१९ |
| ७ | डिप ट्युवेल निर्माण | गोटा | ३२ |
| ८ | सिंचाइ पोखरी निर्माण | गोटा | १६६ |
| ९ | पाइपलाइ निर्माण | कि.मि. | ७६.१८ |
| **तटबन्ध-नदि/पहिरो नियन्त्रण** | | | |
| १० | तटबन्ध निर्माण | कि.मी | २६.८३४ |
| ११ | जमिनको उकास (Reclaim) | हेक्टर | ३७.५ |
| **खानेपानी तथा सरसफाइ** | | | |
| १ | इन्टेक निर्माण | गोटा | ८४१ |
| २ | डिप ट्युबेल जडान | गोटा | ४ |
| ३ | पानी पोखरी निर्माण | गोटा | ५१६ |
| ४ | पाइप लाइन जडान | कि.मि. | २१३३ |
| ५ | भल्भ चेम्वर (गोटा) | गोटा | ९३४ |
| ६ | नीजि धारा जडान | गोटा | ११९३९ |
| ७ | सम्पन्न योजना | गोटा | १७३ |
| ८ | सम्पन्न स्कीम | गोटा | २९७ |
| ९ | आधारभूत स्तरको खानेपानी सेवामा पहुँच | जना | ८३५८५ |
| १० | मध्यम स्तरको खानेपानी सेवामा पहुँच | जना | १९२८७ |
| **सहरी विकास तथा भवन** | | | |
| १ | सरकारी/सामुदायिक भवन निर्माण | गोटा | ६ |
| २ | जनता आवास योजना अन्तर्गत निर्मित (निजि आवास) | गोटा | ११० |
| ३ | एकिकृत आवास | गोटा | ३ |
| ४ | सरकारी/सामुदायिक भवन मर्मत/निर्माण | गोटा | २७ |
| ५ | सडक निर्माण | कि.मि | ३.७ |
| ६ | पदैल मार्ग | कि.मि | ५.९ |
| ७ | कभर्ड हल | गोटा | २ |
| ८ | पार्क निर्माण | गोटा | ३ |
| ९ | ढल निकास निर्माण | गोटा | ११.७ |
| १० | खेल मैदान निर्माण | गोटा | १० |

## २. यातायात व्यवस्थातर्फ

- आ.व. २०८१/८२ मा सवारी साधन दर्ताः १४७३२
- आ.व. २०८१/८२ सम्म जम्मा सवारी साधन दर्ताः २२१४६४

- सवारी चालक अनुमति पत्र जारीः १८५४५
- सवारी चालक अनुमति पत्र नविकरणः १९३९९
- राजश्व सङ्कलनः १ अर्ब ७ करोड १६ लाख

**३. सम्पादित अन्य कार्यहरु**

- ९ वटा WASH Plan सम्बन्धी तालिम सञ्चालन गरिएको,
- Procurement Clinic सञ्चालन गरिएको,
- खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजना लागत साझेदारीको समझदारी (MoU) गरिएको,
- सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली (दोस्रो संशोधन),२०८१ को मस्यौदा स्वीकृत गरेको,
- प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृति भई कार्यन्वयनमा रहेको,
- अस्थायी दरबन्दी स्वीकृत (PPMU, जनता आवास र खानेपानी तर्फ),
- अपर सुर्नायागाड र नौगाड जलविद्युत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न,
- ८ वटा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृत भएको,
- अछामको जयगढ-रामारोशन सडक, बझांगको चैनपुर-सुर्मा सडक र दार्चुलाको खार-खलङ्गा-देथला सडकको बाढी तथा पहिरोबाट क्षतिग्रस्त सडकको पुनर्स्थापना अध्ययन प्रतिवेदन तयारी गरिएको।

### ५.७.३ कार्यक्रम गर्दा देखिएका समस्या चुनौतीहरु

- सबै जिल्लामा ल्याब स्थापना हुन नसकेको।
- पहिचान, सम्भाव्यता अध्ययन नभएका योजनाहरुमा बजेट विनियोजन।
- स्थानीय स्तरमा दक्ष जनशक्तिको अभाव (कालोपत्रे, ट्यांकी निर्माण कार्य आदी)।
- जग्गा प्राप्ति प्रक्रियामा जटिलता।
- सिंचाई, खानेपानी क्षेत्रमा मुहान सम्बन्धि विवाद।
- बहुवर्षीय आयोजनाहरुमा एथेष्ट बजेट विनियोजन हुन नसकेको।

### ५.७.४ उल्लेखिनय नवीनतम कार्यहरुको विवरण

- खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजना लागत साझेदारीको समझदारी (MoU) तथा NWASH सम्बन्धि स्थानीय तहहरुलाई तालिम सञ्चालन।
- प्रादेशिक सडक संजाल गुरुआयोजना (PTMP) स्वीकृत।
- विश्व बैङ्कको सहयोगमा २ सडक निर्माण ठेक्का कार्यन्वयनमा गएको।

### ५.७.५ समस्या समाधानका उपायहरु

- मन्त्रालय र मातहतका निकायहरुको O&M गर्नुपर्ने।
- पहिचान, सम्भाव्यता अध्ययन भएका योजनाहरुमा मात्र बजेट विनियोजन गर्ने।
- रिक्त दरबन्दीहरुको पदपूर्ति गर्नुपर्ने।
- मानव संसाधनको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने।

## ५.९ सामाजिक विकास मन्त्रालय

### ५.९.१ वित्तीय विवरण

सामाजिक विकास मन्त्रालयका लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार देखाइएको छ।

तालिका २९: सामाजिक विकास मन्त्रालयको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | २३२२६११ | २१५९५० | १२३३५१० | ० | २७०००० | ४०४२०७१ | १३९४१८४ | १११७५३० | ८५३७० | १५०००० | १६६००० | २९१३०८४ | ६९५५१५५ |
| खुद विनियोजन | २३२२०२३ | २२५९५० | १२७१८६० | ० | २७०००० | ४०८९८३३ | १०२४१३४ | ९४४४७४ | ८६०२० | १५०००० | १६६००० | २३७०६२८ | ६४६०४६२ |
| खर्च | १९५९२६५ | २०३४७४ | ९४२९५२ | ० | १३६४६२ | ३२४२१५३ | ७६११५५ | ७५७२२३ | ७५६५९ | ० | ६०३८३ | १६५४४२० | ४८९६५७३ |
| खर्च प्रतिशत | ८४.३८ | ९०.०५ | ७४.१४ | | ५०.५४ | ७९.२७ | ७४.३२ | ८०.१७ | ८७.९६ | ०.०० | ३६.३८ | ६९.७९ | ७५.७९ |

सामाजिक विकास मन्त्रालयमा चालु आर्थिक वर्षको लागि चालुतर्फ रू. ४ अर्ब ८ करोड ९८ लाख ३३ हजार र पुँजीगततर्फ रू. २ अर्ब ३७ करोड ६ लाख २८ हजार गरी रू. ६ अर्ब ४६ करोड ४ लाख ६२ हजार खुद विनियोजन भएकोमा समिक्षा अवधिमा चालुतर्फ रू. ३ अर्ब २४ करोड २१ लाख ५३ हजार र पुँजीगततर्फ रू. १ अर्ब ६५ करोड ४४ लाख २० हजार गरी कूल रू. ४ अर्ब ८९ करोड ६५ लाख ७३ हजार खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ मा समग्रमा सामाजिक विकास मन्त्रालयबाट कूल विनियोजनको ७५.७९ प्रतिशत खर्च भएको छ।

### ५.९.२ प्रमुख उपलब्धि

आर्थिक वर्ष २०८१/८२ मा यस मन्त्रालयबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्:

(क) स्वास्थ्य तर्फ

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| १. | आर्थिक रुपले विपन्न | ६४५ जनाले रु. एक लाखका दरले सहायता प्राप्त गरेको | सामाजिक विकास |

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| | नागरिकको औषधी उपचार सहायता कार्यक्रम | (क्यान्सर-४९३, मृगौला प्रत्यारोपण-१९, मस्तिष्कघात-१२, स्पाईनल सर्जरी-४३, मुटुको सल्यक्रिया-६६, बोनम्यारो प्रत्यारोपण-१) | मन्त्रालय |
| २. | प्रदेशभित्रका सबै सरकारी अस्पतालहरुमा नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार सेवा केन्द्र, धनगढी, कैलालीसँगको सहकार्यमा निःशुल्क रक्त सञ्चार सेवा | ११८७ जना बिरामीलाई २१४८ पिन्ट रगत निःशुल्क उपलब्ध गराईएको | |
| ३. | प्रदेश संसद तथा स्थानीय तहका जनप्रतिनिधिहरुसंग आधारभूत स्वास्थ्य सेवा तथा सर्वव्यापी पंहुच विषयक नीति सम्बाद कार्यक्रम | सम्पन्न भएको | |
| ४. | रैथाने बालीमा आधारित मुख्यमन्त्रि वृद्ध वृद्धा तथा असहाय लक्षित पोषण कार्यक्रम | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (प्र.स्वा. आ.व्य.के.) मार्फत कार्यन्वयन भएको | सामाजिक विकास मन्त्रालय/प्र.स्वा. आ.व्य.के. |
| ५. | विभिन्न नीति तथा कानूनहरु निर्माण | प्रदेश जनस्वास्थ्य नियमावली अन्तिम मस्यौदा, प्रादेशिक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य रणनीतिक योजनाको अन्तिम दस्तावेज, र प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोपरामर्श रणनीतिक योजनाको अन्तिम दस्तावेज निर्माण भएको | सामाजिक विकास मन्त्रालय |
| ६. | कल्पसनद चिकित्सा पद्दतीको सम्भाव्यता अध्ययन | अध्ययन सम्पन्न भई यस विषयमा थप अध्ययनको आवश्यकता रहेको निष्कर्ष पाईएको | |
| ७. | स्वास्थ्य तालिम केन्द्रमार्फत स्वास्थ्यसम्बन्धी विभिन्न विषयमा तालिम | ➢ प्रदेश स्तरमै पहिलो पटक मेडिकोलिगल तालिम सञ्चालनको सुरुवात भई १० जनाले तालिम प्राप्त गरेको<br>➢ स्वास्थ्य सम्बन्धी विभिन्न विषय (मानसिक स्वास्थ्य, पोषण, मिस्प, संक्रमण रोकथाम, तनाव व्यवस्थापन, भ्यासेक्टोमी, मिनिल्याप, CTS, ASBA, Anesthesia Assistant, Dialysis, CB-IMNCI, कीटजन्य रोग, नसर्ने रोग, स्वास्थ्य सेवा प्रशासन तथा व्यवस्थापन, AMR, PTC/BLS, प्री अस्पताल केयर, SBA, implant, सुरक्षित गर्भपतन, Mid-Level Practicum, Medico legal, SNCU, Microscopy, ग्रामिण अल्ट्रासाउण्ड, Geriatric, Primary Emergency Care, पुर्वकर्म पन्चकर्म, स्वस्थ जीवनशैली, | स्वास्थ्य तालिम केन्द्र |

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| | | SORMAS) मा ११९७ जना स्वास्थ्यकर्मीले तालिम प्राप्त गरेको | |
| ८. | सुर्तीजन्य/मदिराजन्य र लागु औषध नियन्त्रण कार्यक्रम | प्रदेश स्तरमा सरोकारवालाहरु संग सुर्तीजन्य/मदिराजन्य र लागु औषध नियन्त्रण सम्बन्धी पैरवी गोष्ठी सञ्चालन | स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ९. | नसर्ने रोग तथा दिर्घ रोग रोकथाम/नियन्त्रण कार्यक्रम | नसर्ने रोग तथा दिर्घ रोग रोकथाम/नियन्त्रण सम्बन्धी विभिन्न सरोकारवालाहरु लाई लक्षित गरि प्रवर्द्धनात्मक पैरवी कार्यक्रमहरु सञ्चालन | |
| १०. | स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सूचना सन्देश प्रशारण | सार्वजनिक यातायात तथा सार्वजनिक स्थानहरुमा स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सूचना सन्देश प्रशारण | |
| ११. | प्रजनन स्वास्थ्य कार्यक्रम | ९ वटै जिल्लामा स्क्रिनिंग गरि ४८ जना महिलाको आङ खस्ने समस्याको निशुल्क शल्यक्रिया बयलपाटा अस्पतालमा सम्पन्न भएको, उक्त ४८ जना मध्ये १ जनाको क्यान्सर रोगको पहिचान भई उपचार भईरहेको | स्वास्थ्य निर्देशनालय |
| १२.<br>१३.<br>१४. | बाल स्वास्थ्य कार्यक्रम | ➢ प्रदेशका ९ वटै जिल्लाहरु पूर्ण खोप सुनिश्चित र दिगोपना घोषणा सम्पन्न भएको।<br>➢ स्मार्ट सर्वे ९ वटै जिल्लाका ८८ वटा स्थानीय तह समेटिने गरि सम्पन्न भएको र उक्त अध्ययनबाट ५ बर्ष मुनिका बालबालिकामा २.१% गम्भीर शिघ्र कुपोषण र १३% बालबालिका मध्यम शिघ्र कुपोषण रहेको विवरण प्राप्त भएको।<br>➢ पाठेघरको मुखको क्यान्सर विरुद्ध HPV खोप अभियान सञ्चालन गरि करिव १,४६,६१२ जना बालिकाहरुले खोप प्राप्त गरेको साथै नियमित खोपमा सुरुवात भएको (लक्षित जनसंख्या अनुरुप ९५% प्रगति भएको)। | |
| १५. | क्षयरोग कार्यक्रम | ९ वटै जिल्लामा AI प्रविधिद्वारा २२००० जना क्षयरोगका बिरामीहरुको चेकजाँच/परीक्षण गरिएकोमा १५०० जनामा सम्भावित क्षयरोग र १५२ जनामा क्षयरोग पुष्टि भएको। | |
| १६.<br>१७. | अपाङ्गता शीघ्र पहिचान परामर्श प्रेषणसेवा कार्यक्रम | ➢ बौद्धिक अपाङ्गता र Autism रोगका लागि २८९ जनाको परिक्षण भएको, ८ जना बालबालिकाको सल्यक्रिया सम्पन्न भएको।<br>➢ अपाङ्गता भएका बालबालिकाहरुलाई ७ वटा शारीरिक पुर्नस्थापना केन्द्रमार्फत ८०३ प्रकारका अपाङ्गता सहयोग सामग्रीहरु प्रदान गरिएको। | |
| १८. | स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि | १४० जना स्वास्थ्यकर्मीहरुले e-HMIS सम्बन्धी प्रशिक्षक तालिम प्राप्त गरेको। | |

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| १९. | महिला स्वास्थ्य स्वयम् सेविका निःशुल्क बिमा कार्यक्रम | ६००० जना महिला स्वास्थ्य स्वयम् सेविकाको स्वास्थ्य बिमा भएको। | |
| २०. | एच.आई.भि. एड्स कार्यक्रम | एच.आई.भि. संक्रमित १९८ जना बालबालिकालाई वार्षिक रु. ६००० का हजार अनुदान प्रदान गरिएको। | |
| २१.<br>२२.<br>२३.<br>२४.<br>२५.<br>२६.<br>२७. | स्वास्थ्य सामग्री खरिद | ➢ लम्कीचुहा अस्पतालका लागि आवश्यक स्वास्थ्य उपकरण खरिद<br>➢ कैलाली र कञ्चनपुरका स्वास्थ्य संस्थाका लागी Neonatal Screening, Sickle cell and Thalassemia Screening का लागि Portable Electrophoresis Analyzer र Reagent सहित १७ सेट खरिद<br>➢ नवजात शिशूको FETAL Heart Rate Monitor का लागि ६० सेट Fetal Heart Rate Monitor र १०० Set Fetal Doppler Machine खरिद<br>➢ प्रादेशिक अस्पतालको Lab Upgradation का लागी १ Set Integrated Biochemistry with CLIA, १ Set Biochemistry analyzer, १ Set Hematology analyzer (Biochemistry Analyzer, CLIA machine, integrated hematology analyzer, automated coagulation machine) खरिद<br>➢ Ultrasound मेसिन खरिद (३५ सेट ग्रामिण अल्ट्रासाउण्ड र ८ सेट ECHO सहितका अल्ट्रासाउण्ड)<br>➢ अस्पतालहरुमा ३ सेट Integrated Hospital Waste Management System<br>➢ महिलामा स्तन सम्बन्धी रोगको जाँचका लागी १० सेट Handheld Portable Brest Scanner मेसिन खरिद | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| २८. | ल्याब सेवा तथा गुणस्तर नियन्त्रण कार्यक्रम | Fully Automatic Autoimmunity CLIA Machine and Reagent, Fully Automatic Autoimmunity Urine Culture System, Ultra-Modern Microbiology and Infectious Disease Lab Set up, Hematology Analyzer with Reagent, Fully Automatic ELISA Processor, Fully Automated Blood Culture System Analyzer मेसिन खरिद भएको | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| २९. | Sickle Cell तथा Hemoglobinopathy रोगहरु परिक्षण | Sickle Cell तथा Hemoglobinopathy रोगहरु परिक्षणका लागि आवश्यक Reagent Consumable खरिद भई १८४३ जनाको परिक्षण भएको | |
| ३०. | प्रयोगशालाकर्मीको क्षमता अभिबृद्धि | २५३ जना प्रयोगशालाकर्मीका लागि आधारभुत जेड.एन. माईक्रोस्कोपी तालिम, जेड.एन. माईक्रोस्कोपी तालिम र LQS सम्बन्धी Refresher तालिम, Biosafety & Bio Security सम्बन्धी तालिम, प्रयोगशालाको गुणस्तर व्यवस्थापन सम्बन्धी तालिम, | |

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| | | प्रयोगशालाकर्मीहरुका लागि आधारभुत तालिम, आधारभुत Bacterial Culture सम्बन्धि तालिम सञ्चालन सम्पन्न भएको | |
| ३१. | HPV को DNA PCR कार्यक्रम | HPV को DNA PCR कार्यक्रम अन्तर्गत ४७८९ जनाको परिक्षण भएको | |
| ३२. | स्वस्थ जीवन र पूर्वकर्म/पन्चकर्म कार्यक्रम | स्वस्थ जीवन र पूर्वकर्म/पन्चकर्म सेवाबाट ७७४६९ (महिला-४३६२८, पुरुष-३३८४१) जनाले सेवा प्राप्त गरेका | मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरु |
| ३३. | नागरिक आरोग्य कार्यक्रम | नागरिक आरोग्य केन्द्रबाट ३३७८२ (महिला-१७११५, पुरुष-१६६६७) जनाले सेवा प्राप्त गरेको | मातहतका नागरिक आरोग्य केन्द्रबाट |
| ३४. | स्वर्ण प्राशन कार्यक्रम | स्वर्ण प्राशन कार्यक्रम (Ayurvedic Immunization Program) सुरुवात भई ७५० जनाले सेवा प्राप्त गरेको | प्रादेशिक आयुर्बेद चिकित्सालय |
| ३५. | अस्पताल सेवा सुदृढीकरण | महाकाली र टिकापुर अस्पतालमा CT scan मेसिन खरिद गरि सेवा सञ्चालनको तयारी | महाकाली र टिकापुर अस्पताल |
| ३६. | | महाकाली र टिकापुर अस्पतालमा Modular OT स्थापना तथा सञ्चालन | |
| ३७. | | टिकापुर अस्पताल सरुवा रोग भवन निर्माण सम्पन्न भएको | टिकापुर अस्पताल |
| ३८. | | महाकाली प्रादेशिक र जिल्ला अस्पताल बैतडीमा हाडजोर्नी सम्बन्धी सल्यक्रिया सेवा सञ्चालनका लागि C-Arm मेसिन खरिद भएको | महाकाली प्रादेशिक र जिल्ला अस्पताल बैतडी |
| ३९. | | सेती प्रादेशिक अस्पतालमा IUF सेवा सुरुवात भएको | सेती प्रादेशिक अस्पतालमा |
| ४०. | | लम्की चुहा तथा जोगबुढा अस्पताल प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्ने कार्य सुरु भएको | सामाजिक विकास मन्त्रालय |
| ४१. | प्रजनन स्वास्थ्य कार्यक्रम | ९ वटै जिल्लामा प्रजनन स्वास्थ्य शिविर सञ्चालन भई ११ हजार भन्दा बढी महिलाले सेवा प्राप्त गरेको | ९ वटै स्वास्थ्य कार्यालयहरु |
| ४२. | नसर्ने रोगको पहिचान तथा रोकथाम कार्यक्रम | ९ वटै जिल्लामा नसर्ने रोगको स्क्रीनिंग कार्यक्रम अन्तर्गत १४ हजार भन्दा बढीले स्क्रीनिंग प्राप्त गरेको | |
| ४३. | नसर्ने रोगको पहिचान तथा रोकथाम कार्यक्रम | विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यालय स्तरमा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, नसर्ने रोग, प्रजनन स्वास्थ्यका बिषयमा कक्षाहरु सञ्चालन भएको | स्वास्थ्य कार्यालय कैलाली र कंचनपुर |
| ४४. | सिकलसेल एनिमिया र थालेसिमिया स्क्रिनिंग | घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत कैलालीमा ३६१६ जना र कंचनपुरमा १२५५८ जनालाई सिकलसेल एनिमिया र | ९ वटै स्वास्थ्य कार्यालयहरु |

| क्र.सं. | कार्यक्रम | प्रगति | कार्यान्वयन निकाय |
|---|---|---|---|
| | कार्यक्रम | थालेसिमिया रोग परीक्षण, कैलालीमा ३६८ र कंचनपुरमा १२८१ जनामा पोजेटिभ ट्रेट फेला परेको | |
| ४५. | आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा सञ्चालनका अत्यावश्यक औषधी खरिद र ढुवानी | |
| ४६. | स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि | स्वास्थ्य कार्यालयबाट ३०० भन्दा धेरै स्वास्थ्यकर्मीलाई HMIS, DHIS लगायत अन्य बिषयमाको तालिम सञ्चालन | |
| ४७. | महामारी व्यवस्थापन | पुर्वतयारीका कार्यहरु र विपदका बेलामा आवश्यक पर्ने टेस्ट किट र अन्य सामग्रीहरु खरिद | स्वास्थ्य कार्यालयहरू |
| ४८. | सडक दुर्घटना सम्बन्धी कार्यक्रम | सडक दुर्घटना सम्बन्धी २०० भन्दा बढी सुरक्षाकर्मीहरुलाई बेसिक लाईफ सपोर्ट प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण | |

### ख) स्वास्थ्य तर्फ अन्य उपलव्धी

- सेती, महाकाली र टिकापुर प्रादेशिक अस्पतालबाट देहायबमोजिमका व्यक्तिहरूले निशुल्क उपचार सेवा प्राप्त गरेको

| क्र.स. | वर्गीकरण | सेती प्रादेशिक | महाकाली प्रादेशिक | टिकापुर अस्पताल | जम्मा |
|---|---|---|---|---|---|
| १ | एकल महिला | ३८९ | २४३ | १० | ६४२ |
| २ | ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक | १०७७ | १४०९ | २९८५ | ५४७१ |
| ३ | "क" वर्गको अपाङ्गता भएका व्यक्तिहरु | २२१ | ७८ | ५१ | ३५० |
| **जम्मा** | | १६८७ | १७३० | ३०४६ | ६४६३ |

- सेती प्रादेशिक अस्पतालबाट ३९४ जना र टिकापुर अस्पतालबाट ७७५ जनाले क्यान्सर स्क्रिनिंग सेवा लिएको।

### ग) शिक्षा तर्फ

| क्र.स. | कार्यक्रम | प्रगति |
|---|---|---|
| १ | MBBS छात्रवृत्ति | आर्थिक वर्ष २०८१/८२ मा जम्मा ९ जना, २०७७/७८ देखी हालसम्म कुल ४४ जना |
| २ | शिक्षा तालिम केन्द्रबाट शिक्षकलाई तालिम | ११५२ जना |
| ३ | बादी समुदायका छात्र छात्राहरूलाई छात्रवृत्ति | आर्थिक वर्ष २०८१/८२ मा जम्मा ५१२ जना २०७९/८० देखी हालसम्म जम्मा १७६५ (कैलालीको गत आ.व.मा दिईएको) |
| ४ | औद्योगिक प्रशिक्षार्थीका लागि २४ महिने तालिम | २०० जनालाई विभिन्न १० वटा शिक्षालय/विद्यालयहरूबाट प्रशिक्षण |
| ५ | शिक्षा विकास निर्देशनालयबाट सार्वजनिक खरिद तालिम | ३६ जनाले तालिम प्राप्त गरेका |

| क्र.स. | कार्यक्रम | प्रगति |
|---|---|---|
| ६ | दिवाखाजा कार्यक्रम | ३ वटा स्थानीय तह (डिलासैनी, पुर्विचौकी र बेलौरी) |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सम्बन्धी शिक्षालयका प्रिन्सिपल, प्रशिक्षक, स्थानीय तहका शिक्षा अधिकृत लगायतलाई तालिम | १०६ जनाले तालिम प्राप्त गरेका |
| ८ | पूर्व सिकाईको मान्यता विधिबाट सीप परीक्षण | ५५४ जना |
| ९ | सुदुरपश्चिम विश्वविद्यालयसँगको साझेदारीमा स्वयंसेवा तथा इन्टरनसिप कार्यक्रम | सञ्चालन हुन नसकेको |
| १ | युवा वैज्ञानिक सम्मेलन | सम्पन्न |
| २ | कुलत तथा दुर्व्यसनी नियन्त्रण एवं न्युनीकरण कार्यक्रम | सम्पन्न |
| ३ | विभिन्न खेलकुद प्रतियोगिताहरु १० औ राष्ट्रिय खेलकुद (भलिबल, फुटवल आदि) | सम्पन्न |
| ४ | १० वर्षे शिक्षा योजना | तर्जुमाको चरणमा |
| ५ | सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षिकाहरुलाई स्वास्थ्य विमा कार्यक्रम | २०१७ जना |
| ६ | विज्ञान तथा प्रविधि विषयका विद्यालयहरुलाई अनुदान | १० वटा |
| ७ | क्याम्पसहरुलाई अनुदान सहयोग कार्यक्रम | |
| ८ | नमुना विद्यालयहरु छनौट | ३२ |
| ९ | विद्यालय भवन तथा घेरपर्खाल निर्माण | १६७ |

## घ) सामाजिक विकास तर्फ

| क्र. स. | कार्यक्रम | प्रगति |
|---|---|---|
| १ | रेडियो नेपाल प्रादेशिक कार्यालयसंगको सहकार्यमा बाल सम्वाद तथा नीति सञ्चार कार्यक्रम | साप्ताहिक रुपमा (७ हप्ता प्रसारण भएको) |
| २ | किशोरीहरुको भविष्य छनौट सम्बन्धी १० दिने तालिम | २७ जना लाभान्वित |
| ३ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | सञ्चालन भएको |
| ४ | बहिरा महासंघसंगको सहकार्यमा नेपाली सांकेतिक भाषा दोभासे तालिम | १५ जनाले तालिम प्राप्त गरेका |
| ५ | जिल्लाका OCMC, सेफ हाउस, महिला सेललाई तथ्याङ्क व्यवस्थापन सम्बन्धी अभिमुखिकरण | अछाम, बाजुरा, डोटी, डडेल्धुरा, बैतडी र दार्चुलामा सम्पन्न |
| १ | "जेष्ठ नागरिकसंग सुप सरकारः जेष्ठ पुस्ताको सम्मान नयाँ पुस्तालाई ज्ञान" कार्यक्रम | ९ वटै जिल्लामा सम्पन्न |

| क्र. स. | कार्यक्रम | प्रगति |
|---|---|---|
| २ | "सानै छु बढ्न देउः बालविवाह हैन, पढ्न देउ" कार्यक्रम सञ्चालन | ९ वटै जिल्लामा सम्पन्न |
| ३ | "द्वारिका देवी ठकुरानी" महिला शसक्तिकरण तथा आत्मनिर्भर तालिम | ९ वटै जिल्लामा सम्पन्न |
| ४ | कार्यस्थलमा हुने यौनदुर्व्यवहार विरुद्ध GESI Focal Person लाई तालिम | १५ जनाले तालिम प्राप्त गरेका |
| ५ | बालविवाह र लैङ्गिक हिंसा सम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता | ३४ जना पुरस्कृत |

### ङ) श्रम रोजगार तर्फ

| क्र.स. | कार्यक्रम | प्रगति |
|---|---|---|
| १ | विभिन्न सिप विकास तालिमहरु | ३ महिने र ६ महिने तालिममा २०३३ जनाले तालिम प्राप्त गरेका |
| २ | वैदेशिक रोजगारबाट फर्केका उद्धम सञ्चालन गरिरहेका उत्कृष्ट उद्धमी सम्मान कार्यक्रम | सुदूरपश्चिम प्रदेशका ८ उत्कृष्ट उद्यमी सम्मानित |
| ३ | सीप परीक्षण कार्यक्रम CTEVT संगको समन्वयमा | ३५० जना |
| ४ | श्रमिक, रोजगारदाता, ट्रेड युनियन, उद्योगी र व्यवसायीहरुसंग विभिन्न अन्तरक्रिया एवं सचेतना कार्यक्रम | प्रदेश भरी सम्पन्न भएको |
| ५ | सामी कार्यक्रम सञ्चालन पश्चात वैदेशिक रोजगारमा जानेहरुलाई प्रशिक्षण प्रदान गरिएको | |

### च) खेलकुद तर्फ

- १० औ राष्ट्रिय खेलकुद प्रतियोगीताको लागि खेलाडी छनौट सम्बन्धी प्रतियोगीता सञ्चालन।
- क्लबस्तरीय विभिन्न खेलकुद प्रतियोगीताहरु सञ्चालन।
- जयपृथ्वी बहादुर सिंह फुटवल प्रतियोगिता सञ्चालन।
- कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा मल्टिप्रपोज कभर्डहल निर्माण भइ रहेको।
- कैलाली जिल्लाको टिकापुरमा टिकापुर स्पोर्टस एकेडेमी निर्माण कार्य भईरहेको।
- द्वारिका देवी ठकुरानी मैत्री भलिबल प्रतियोगिता सञ्चालन।
- U१९ क्रिकेट प्रतियोगिता सञ्चालन।
- फेन्सिङ्ग प्रतियोगिता सञ्चालन।

### छ) भौतिक तथा निर्माण कार्यक्रमको प्रगति अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | भौतिक प्रगति (%) | कैफियत |
|---|---|---|---|
| १ | डोटी बहुमुखी क्याम्पस भवन निर्माण | १०० | |
| २ | डोटी बहुमुखी क्याम्पसको प्रशासनिक भवन | १०० | |
| ३ | महेन्द्रनगर कवर्ड हल निर्माण | ७० | बहुवर्षिय |
| ४ | टिकापुर मल्टिपर्पोज कवर्डहल | १०० | |
| ५ | लम्की अस्पताल कर्मचारी आवास | १०० | |
| ६ | बेलौरी होस्टेल ब्लक निर्माण | ६० | बहुवर्षिय |
| ७ | अमरगढी बहुप्राविधिक शिक्षालय निर्माण | १०० | |
| ८ | अमरगढी बहुप्राविधिक शिक्षालय प्रशासनिक भवन निर्माण | ४० | ठेकदारको कार्य सुस्तता |
| ९ | टिकापुर सरुवा रोग अस्पताल भवन निर्माण | १०० | |
| १० | महिला समुत्थान परियोजनाको कञ्चनपुरमा भवन निर्माण लैङ्गिक हिंसा पीडित सुधार गृह ADB को सहयोगमा | | मुल्याकंनको चरणमा |

### ५.९.३ नीति, कानून, रणनीति, मापदण्ड, निर्देशिका तयारी

- प्रदेश लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति २०८१ स्वीकृत।
- अपाङ्गतासम्बन्धी प्रादेशिक नीति, २०८१ स्वीकृत।
- टिकापुर विज्ञान तथा प्रविधि वि.वि.को विधेयक प्रदेश सभामा पेश।
- बडघर तथा भलमान्सा प्रणालीलाई व्यवस्थित गर्न विधेयक प्रदेश सभामा पेश।
- प्रदेश दलित सशक्तीकरण ऐन संशोधनको लागि आर्थिक मामिला मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको राय मागिएको।
- प्रादेशिक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार भएको।
- सुदूरपश्चिम प्रदेशको १० वर्षे शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी अन्तिम चरणमा रहेको।
- रैथाने बालीमा आधारित मुख्यमन्त्री वृद्धवृद्धा तथा असहाय लक्षित पोषण कार्यक्रम सञ्चालन।
- निर्देशिका, २०८१ स्वीकृत भएको।
- प्रादेशिक श्रम तथा रोजगार नीतिको प्रारम्भिक मस्यौदा निर्माण।
- वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरिरहेका उत्कृष्ट उद्यमीहरुलाई सम्मान कार्यविधि, २०८१ स्वीकृत।

- शैक्षिक परामर्श सेवाको मापदण्ड २०८२ प्रदेश सरकारबाट स्वीकृत भएको।
- ३२ वोटा प्रदेश निर्वाचन क्षेत्र नमुना विद्यालय छनौट निर्देशिका मन्त्रालयबाट स्वीकृत गरिएको।
- नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०८२ को ड्राप्ट तयार गरिएको।
- बयालपाटा अस्पताल सञ्चालन तथा व्यवस्थापन गठन आदेश, २०८२।

### ५.९.४ मुख्य-मुख्य समस्या, समस्याका कारण, समाधानका प्रयास तथा सुझाव

**समस्याहरू:**

- मन्त्रालय र मन्त्रालय मातहतका कार्यालय तथा अस्पतालहरुको O&M हुन नसकेको,
- दरबन्दी अनुसारको पदपूर्ती हुन नसकेको,
- शिक्षा तर्फका २ कोठे/४ कोठे भवन र अन्य सार्वजनिक निर्माण कार्य ठेक्काबाट गर्न विनियोजित बजेटले नपुग्ने अवस्था, उपभोक्ता समिति वा ठेक्का प्रक्रिया सम्बन्धी द्विविधाले ढिलाई,
- निर्माण व्यवसायीले निर्धारित समयमै कार्य सम्पन्न नगर्नु र म्याद थपमा केही समस्या रहेको,
- कार्यविधि/निर्देशिका/मापदण्ड समयमै तर्जुमा/स्वीकृतिमा ढिलाई,
- कार्यक्रम संसोधन र वित्तीय हस्तान्तरणमा ढिलाई,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०८१/०३/१० को निर्णय तथा प्रधनमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०८१/०३/१४ को पत्र अनुसार प्रचलित कानून बमोजिम आफ्नो नाममा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रक्रियाहरु थालनी नगर्न नगराउन हुन निर्देशन प्राप्त भएको हुँदा विद्यालय तथा अन्य सार्वजनिक निर्माणको लागि भोगाधिकार भए नभएको कागजात माग्नु पर्ने हुँदा अझ ढिलाई हुन सक्ने ।

मुख्य-मुख्य समस्या, समस्याका कारण, समस्या समाधान गर्न गरिएका प्रयास तथा सुझावलाई देहायको तालिकामा उल्लेख गरिएको छ।

| क्र.स. | आयोजना कार्यान्वयनका मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| १ | कार्यालयको क्षमता र आवश्यकता भन्दा बढी आयोजना हुनु। | आयोजना तर्जुमा गर्दा तथ्यपरक र वस्तुपरक नहुनु | उपलब्ध जनशक्तिलाई प्रभावकारी परिचालन गर्ने व्यवस्था मिलाईएको | संगठनको आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने |
| २ | संवैधानिक अधिकार | प्रदेशको | साना तिना कार्यक्रम र स्थानिय | माध्यमिक तहको शिक्षाको विषय |

| क्र.स. | आयोजना कार्यान्वयनका मुख्य मुख्य समस्या | समस्याका कारण | समस्या समधान गर्न गरिएका प्रयास | सुझाव |
|---|---|---|---|---|
| | क्षेत्रभन्दा बाहिरबाट योजना पर्नु | अधिकारका विषयमा धेरै छलफल र चासो नहुनु | तहबाट कार्यान्वयन हुने कार्यक्रम तत् तत् निकायमा हस्तान्तरण गरिएका | स्थानिय तहको भएको हुँदा सोसंग सम्बन्धित योजना सम्बन्धित तहमा पठाउने र उच्च एवं प्राविधिक विशेष शिक्षामा ध्यान दिने |
| ३ | योजनाहरु Duplication and Triplication हुने | पर्याप्त छलफल र समन्वयको अभाव | योजना तर्जुमा पुर्व सरोकारवालाहरुसंग अन्तर्क्रिया गर्ने गरेको | तीनै तहबीच समन्वयको प्रणाली बलियो बनाउने |
| ४ | ठेकेदारको ढिलाई तथा लापरवाही | कानूनको पुर्ण कार्यान्वयन नहुनु | समयमै कार्यसम्पन्न गर्ने ठेकेदारलाई प्रशंसापत्र दिने | नियम/कानूनको प्रभावकारी कार्यान्वयन गर्ने |

### ५.९.५ स्वास्थ्य कार्यालय मार्फत सुरुवात भएका नविनतम कार्यहरु

#### क) कैलाली जिल्लाः

- स्तनको क्यान्सर स्क्रीनिंग सेवा सञ्चालन।
- निजि मेडिकल पसलहरुमा Narcotics and psychotropic drug हरुको उचित विक्री वितरण सम्बन्धी निरन्तर अनुगमन सञ्चालन।

#### ख) बैतडी जिल्लाः

- नियमित रुपमा मासिक जनस्वास्थ्य बुलेटिनको प्रकाशन गरेर सम्पादित कार्यक्रमहरु, स्थानीय तहले सञ्चालन गरेका कार्यक्रमहरु, आगामी योजनाहरु र विभिन्न स्वास्थ्यका सुचकहरुको बारेमा जानकारी गराउने कार्यको थालनी।
- "योगसँगै स्वास्थ्य" भन्ने अवधारणा अनुरुप कार्यक्रमहरु सञ्चालन सँगै योगाभ्यास समेत गर्ने कार्य गरेको।
- उत्कृष्ट काम गर्ने स्वास्थ्यकर्मीहरुलाई विभिन्न तालीम, गोष्ठीहरुमा सहभागी गराई अनुभव आदान-प्रदान गराउने अभ्यासको थालनी, विभिन्न विधामा उत्कृष्ट लाई सम्मान गर्ने कार्यको थालनी गरेको।

#### ग) डडेल्धुरा

- सदरमुकामस्थित राजनीतिकर्मी, कर्मचारी, पत्रकार, सुरक्षाकर्मीहरूको नसर्ने रोग सम्बन्धी स्वास्थ्य जाँच तथा परीक्षण (११६ जना)।
- कारागारमा कैदीबन्दीहरूको तथा ४ वटा स्थानीय तहहरूमा AI एक्स-रे द्वारा क्षयरोग स्क्रिनिङ (१०१६ जना)।

- डडेल्धुरा अस्पतालमा भएका प्रसुतिहरूको बिस्तृत विवरण सबै पालिकाका नर्सिङ कर्मचारीहरू रहेको Messenger Group मा जानकारी गराई PNC जाँचका लागि ट्रेसिङ गर्ने व्यवस्था गरिएको।

### ५.९.६ अपेक्षित प्रगति न्युन हुनका कारणहरु

- जनशक्तिको अभाव,
- पूर्वाधार निर्माणका लागि प्राविधिक जनशक्तिको स्थायी दरबन्दी नहुनु र अस्थायी दरबन्दी रिक्त हुँदा पनि भर्ना गर्न नसकिएको,
- बजेट तथा PIM निर्माणमा ढिलाई,
- पूर्वतयारी विनाका योजना तथा कार्यक्रमहरु धेरै भएको हुँदा कार्यक्रमको नाम, ठेगाना तथा कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था।

### ५.९.७ विकास समस्या समाधान समितिमा पठाउनु पर्ने बिषयहरु

- विद्यालय शिक्षा सम्बन्धी ऐन प्रतिनिधिसभामा प्रस्तुत हुने चरणमा पुगेकोले उक्त ऐनलाई यथाशक्य शिघ्र पास गरी शिक्षा क्षेत्रमा ऐन बमोजिमको संरचना निर्माणको बाटो खोल्ने व्यवस्था गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शैक्षिक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन र संघ संस्थाको सञ्चालन तथा व्यवस्थापन प्रदेश तहमा हस्तान्तरण हुनु पर्नेमा हाल सम्म सङ्घीय तहबाटै भई रहेकोले प्रदेश तहमा छुट्टै संरचना खडा गर्ने वा नगर्ने भन्ने विषयमा द्विविधा उत्पन्न।
- CTEVT मार्फत सञ्चालनमा रहेका छोटो अवधि लगायत प्रि-डिप्लोमा तथा डिप्लोमा लगायतका कार्यक्रम र तालिम प्रदायक शैक्षिक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन प्रदेश तहमा हस्तान्तरण गर्ने आवश्यक कानुनी व्यवस्था गर्न अनुरोध गर्ने।
- संघ संस्था दर्ता तथा परिचालन सम्बन्धमा समाज कल्याण परिषद् संगको समन्वय।
- सेती प्रादेशिक अस्पताल सञ्चालन सम्बन्धमा सङ्घीय सरकार मातहत जाने वा प्रदेशमा रहने।

### ५.९.८ मन्त्रालयको बेरुजु

| क.सं | आर्थिक वर्ष | बेरूजु रकम |
|---|---|---|
| १. | आर्थिक वर्ष २०८०।८१ सम्म | ८१ करोड ११ लाख ६५ हजार ७ सय मात्र |

## ५.१० प्रदेश नीति तथा योजना आयोग

### ५.१०.१ वित्तीय विवरण

प्रदेश नीति तथा योजना आयोगको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार छ।

तालिका ३०: प्रदेश नीति तथा योजना आयोगको खुद विनियोजन र खर्चको विवरण (रू. हजारमा)

| | चालु | | | | | | पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | कूल जम्मा |
| सुरू विनियोजन | ४०२७३ | ० | ० | ० | ० | ४०२७३ | १८०० | ० | ० | ० | ० | १८०० | ४२०७३ |
| खुद विनियोजन | ४३१४० | १०२३ | ० | ० | ० | ४४१६३ | १८०० | १०० | ० | ० | ० | १९०० | ४६०६३ |
| खर्च | २८०४३ | १०२३ | ० | ० | ० | २९०६६ | १०८१ | १०० | ० | ० | ० | ११८१ | ३०२४७ |
| **खर्च प्रतिशत** | ६५.०० | १००.०० | | | | ६५.८१ | ६०.०६ | १००.०० | | | | ६२.१६ | ६५.६६ |

प्रदेश नीति तथा योजना आयोगका लागि आर्थिक वर्ष २०८१/८२ मा चालुतर्फ रू. ४ करोड ४१ लाख ६३ हजार र पूँजीगततर्फ रू. १९ लाख गरी कुल रू. ४ करोड ६० लाख ६३ हजार विनियोजन भएकोमा समीक्षा अवधिमा चालुतर्फ रू. २ करोड ९० लाख ६६ हजार र पूँजीगततर्फ रू. ११ लाख ८१ हजार गरी जम्मा रू. ३ करोड २ लाख ४७ हजार खर्च भएको छ। प्रदेश नीति तथा योजना आयोगको विनियोजित बजेटबाट समग्रमा खुद विनियोजनको तुलनामा ६५.६६ प्रतिशत खर्च भएको छ।

### ५.१०.२ प्रमुख उपलब्धि

- आ.व. २०८०/८१ को प्रदेश सरकारको वार्षिक प्रगति पुस्तक प्रकाशन भएको।
- प्रदेश विकास समस्या समाधान समिति तथा उप-समितिको बैठक सम्पन्न।
- अर्ध वार्षिक समिक्षा सम्पन्न भएको।
- सुदूरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यविधि,२०८१ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि,२०८१ सम्बन्धि स्थानीय तहरुलाई अभिमुखीकरण गर्ने कार्य संम्पन्न भएको।
- प्रदेशमा कार्यरत कर्मचारीहरुलाई तथ्याङ्क सम्बन्धित (GIS/SPSS/STATS) क्षमता विकास तालिम सञ्चालन भएको।
- लगानी सम्मेलनको सचिवालयमा प्राविधिक सहयोग तथा सल्लाहकारी कार्य र लगानी पुर्व-सम्मेलन कार्यक्रम सञ्चालन भएको।
- प्रदेश नीति तथा योजना आयोगको आ.व. २०८०/८१ को लै.स.सा.स परीक्षण कार्य सम्पन्न।
- समपुरक र विशेष अनुदान सम्बन्धित Software अध्यावधिक कार्य सम्पन्न।
- ७ जिल्लाको पोषण कार्यक्रम सञ्चालन समिक्षा सम्पन्न भएको।

- प्रदेशमा दिगो विकास लक्ष्य समिक्षा गोष्ठी सञ्चालन भएको।
- प्रदेश सम्पर्क डायरी प्रकाशन।
- नीति संवाद कार्यक्रम सञ्चालनमा रहेको।
- प्रदेशको स्रोत अनुमान र खर्च सिमा निर्धारण।
- बजेट सिमा र मार्गदर्शन पठाउने कार्य सम्पादन।
- प्रदेश गौरवका योजनाहरु तथा प्रदेश समपुरक अनुदान र विशेष अनुदान सम्बन्धित आयोजनाहरुको अनुगमन कार्य।
- प्रथम पञ्चवर्षीय योजनाको मध्यमकालिन मुल्याङ्कन कार्य सम्पन्न।
- विभिन्न समन्वययात्मक कार्यहरु नियमित रुपमा सञ्चालन।

## ५.१०.३ तर्जुमा भएका नीति तथा कानूनको विवरण

- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१
- सुदूरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०८१
- सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०८१

## ५.१०.४ बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती

- प्राविधिक जनशक्तिको अभावले आयोजनाको अनुगमन तथा मूल्याङ्कन कार्य अवलोकनमा मात्र सीमित भएको।
- आयोगमा जनशक्ति र साधनस्रोतको अपर्याप्तता रहेको।
- प्रदेश आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा लैजान नसकिएको।
- प्रभावकारी रुपमा समन्वय हुन नसकिएको।

## ५.१०.५ समस्या समाधानका लागि भएका गरेका प्रयासहरु

- विभिन्न समन्वयात्मक बैठक सञ्चालन।
- अनुगमन कार्यलाई प्रभावकारी बनाउने प्रयास गरिएको।
- कर्मचारी पदपूर्तिका लागि सम्बन्धित निकाय संग समन्वय गरिएको।

# परिच्छेद-६
# समस्या, चुनौती तथा भावी कार्यदिशा

## ६.१ समस्या र चुनौती

### ६.१.१ समस्याहरू

- क्रमागत र बहुबर्षिय आयोजनाले वार्षिक बजेट तथा कार्यक्रमको ठुलो हिस्सा आगटेकोले प्राथमिकतामा परेका प्रतिफलमुलक वा उत्पादनमुलक नयाँ आयोजनामा विनियोजन हुन नसकेको,
- प्रदेश गौरव, क्रमागत, दायित्व सिर्जना भई सकेका आयोजनाहरु तथा तलबभत्ता र प्रशासनिक खर्चका शिर्षकहरुमा समेत पर्याप्त विनियोजन गर्ने नगरेको र कार्यान्वयनको क्रममा थप रकम माग गर्ने अवस्था सिर्जना हुने गरेको,
- साना, छरिएका र अल्पकालीन लोकप्रिय योजनाहरूमा ध्यान केन्द्रित गर्ने प्रवृत्तिले दीर्घकालीन आर्थिक लाभ तथा उत्पादनमूलक क्षेत्रका आयोजनाहरूलाई पछाडी पारेको,
- बजेट सिलिङ्ग प्राप्त भएकै आधारमा क्षेत्राधिकार भन्दा बाहिरका योजनाहरुमा बजेट विनियोजन हुने गरेको,
- प्रयाप्त पूर्व तयारी विनाका स-साना आयोजनाको ठूलो संख्याले कार्यान्वयनमा समस्या देखिएको,
- आयोजना बैंक अवधारणमा मात्र सिमित रहेको,
- संघीय सरकारबाट सञ्चालित बजेट प्रणाली प्रयोग गर्दा प्रविष्टि, संशोधन र प्रतिवेदनका लागि निरन्तर समन्वय गर्नुपर्ने हुँदा समयमै कार्य सम्पन्न गर्न कठिनाई,
- असार १ को बजेट पास नहुँदा प्रदेशको सेवा प्रवाह र राजस्व सङ्कलनमा असर परेको,
- एउटै आर्थिक बर्षमा दुई पटक बजेट प्रस्तुत गर्नुपर्दा आयोजना र कार्यक्रमको निरन्तरता, स्रोत परिचालन र कार्यान्वयनमा अन्योलता सिर्जना गरेको,
- चालु खर्चको तुलनामा आन्तरिक राजस्व बृद्धि सन्तोषजनक नदेखिएकोले राजस्व सन्तुलन ऋणात्मक रहेको,
- प्राप्त अधिकारक्षेत्रको सीमित दायरामा राजस्व दायरा विस्तार गर्न नसक्नु र करको दर समायोजन बाहेक राजस्व बृद्धिका वैकल्पिक उपायहरू सीमित रहेको,
- कार्यक्षेत्रगत दोहोरोपन भएका संरचनाहरूको विस्तार नियन्त्रण गर्न नसक्नुले व्यवस्थापकीय जटिलता र चालु खर्च बृद्धि गरेको,
- बजेटको चौमासिक विभाजन अनुरुप कार्यान्वयन हुने नगरेको र खर्चको प्रगतिको मापन पनि बर्षिक विनियोजन रकमलाई आधार मानी गर्ने गरिएको,
- खर्चको चाप आर्थिक बर्षको अन्तिम त्रैमासिकमा पर्ने गरेको,

- दरबन्दी अनुरुपको अधिकृत र सहायकस्तरका कर्मचारीहरुको कमी रहेको हुँदा कार्यसम्पादन क्षमतामा असर परेको।

### ६.१.२ चुनौतीहरू

- आवधिक योजनाका लक्ष्य अनुरुप क्षेत्रगत आयोजना र कार्यक्रमहरु पहिचान र प्राथमिकता साथ पर्याप्त बजेट विनियोजन गर्ने,
- प्रदेशको वित्तीय क्षमता अनुरुप क्रमागत र बहुबर्षिय आयोजनाको वित्तीय आकारलाई एक निश्चित र यथार्थपरक सीमामा राख्ने,
- स्थानीय तहको आवश्यकता र प्राथमिकतालाई प्रदेश सरकारको बजेट मार्फत प्रभावकारी रूपमा सम्बोधन गर्ने,
- स्रोतको सिमिततालाई ध्यानमा राखी आर्थिक जोखिम न्यूनिकरणका लागि रणनीतिक विनियोजन गर्ने,
- प्रदेशको संवैधानिक क्षेत्राधिकार भन्दा बाहिर हुने विनियोजनलाई निरुत्साहित गर्दै वित्तीय अनुशासन कायम गर्ने,
- संघीय अनुदानमाथिको निर्भरता क्रमशः घटाउँदै प्रदेशको आन्तरिक राजस्व स्रोतहरू सुदृढीकरण गर्ने,
- प्रदेशको आन्तरिक राजस्वले चालु खर्च धान्न सक्ने गरी राजस्व सन्तुलनको दीर्घकालीन रणनीति बनाई कार्यान्वयन गर्ने,
- आयोजना बैंक र मध्यमकालिन खर्च संरचना (MTEF) को अवधारण अनुरुप आयोजना/कार्यक्रम छनौट, प्राथमिकीकरण र विनियोजन गर्ने,
- प्रदेशको योजनागत लक्ष्य प्राप्तिका लागि प्रादेशिक संरचनाको आन्तरिक कार्यक्षमता सुधार्न, प्रक्रिया सरलीकरण र भूमिका स्पष्टीकरण गर्दै प्रदेश निजामती सेवाको पुनर्संरचना गर्ने,
- खरिद योजना र ठेक्का प्रक्रिया आर्थिक बर्षको प्रथम चौमासिकमा सम्पन्न गर्ने,
- खर्चको मात्रमा भन्दा गुणस्तरमा जोड दिने संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने,
- आन्तरिक नियन्त्रण प्रणाली लागु गरी साधारण खर्चमा देखिएको क्रमिक बृद्धिलाई नियन्त्रण गर्ने,
- नतिजामुलक र कार्यसम्पादन सूचकमा आधारित अनुगमन प्रणालीको विकास गर्ने,
- बजेट मार्फत भौगोलिक सन्तुलन र आर्थिक समावेशिकरण सुनिश्चित गर्ने।

## ६.२ भावी कार्यदिशा

बजेट तर्जुमा र कार्यान्वयन धेरै सरोकारवालाहरु बीचको सहकार्य र समन्वयबाट सम्भव बनेको हुन्छ। बजेट कार्यान्वयनको सिलसिलामा धेरै समस्या र चुनौतीहरु रहेता पनि यसलाई

परिवर्तनको अवसरको रुपमा परिणत गर्न सक्नु पर्दछ। रणनीतिक सोचका साथ सुधारका गतिविधिहरुलाई अवलम्वन गर्न राजनीतिक इच्छाशक्ति, कार्यान्वयन क्षमता र जनसहभागिता अपरिहार्य रहेको हुन्छ।

विगत आर्थिक बर्षहरुमा प्रदेश सरकारको बजेट तर्जुमा देखी कार्यान्वयनसम्ममा देखिएका समस्याहरुको निराकरण गर्दै चुनौतीलाई अवसरमा परिणग गर्न आगामी वर्षहरुका लागि तय गरिने भावी कार्यनीतिले समग्रमा नीतिगत स्पष्टता, संस्थागत सुदृढीकरण र नतिजामूलक व्यवस्थापकीय पक्षहरुलाई सम्बोधन गरेको हुनु पर्दछ। बजेट तर्जुमा प्रक्रियालाई आवधिक योजना र मध्यमकालीन खर्च संरचनासंग प्रभावकारी रूपमा आबद्ध गर्दै नीति, योजना र बजेटबीच सुस्पष्ट सम्बन्ध कायम गर्नुपर्दछ। आयोजनाको पूर्वतयारी अवस्था मूल्याङ्कन गर्न आयोजना बैंकलाई सरलीकरण गर्दै सीमित तर उच्च प्रतिफलयुक्त, उत्पादनशील र रोजगारी सिर्जना गर्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकतामा राख्नु पर्दछ। यसरी तथ्य र प्रमाणमा आधारित हुने आयोजनाको प्राथमीकरणका लागि प्रदेशले आफ्नो क्षेत्रगत तथ्याङ्कका स्रोतहरुलाई क्रमिकरुपमा सुधार गर्दै लैजानु पर्ने हुन्छ।

बजेटको सहि आकारको अनुमान गर्न प्रदेश राजस्वलाई यथार्थपरक र अनुमान योग्य बनाउन जरुरी रहेको हुन्छ। यसका लागि उपयुक्त तथ्याङ्किय विधीको प्रयोग, आर्थिक बृद्धिदर, नीतिगत हेरफेर, दायरा विस्तार र राजस्वका दरमा गरिने हेरफेर जस्ता विषयहरुलाई समावेश गरी शिर्षकगत राजस्व अनुमान तयार गर्नु पर्ने हुन्छ।

प्रदेशको बजेट गुणस्तर राजनीतिक, प्रशासनिक, जनसहभागिता र सरकारी संयन्त्र बीचको सुमधुर समन्वयबाट मात्र सम्भव रहेको हुँदा बजेट तर्जुमा चरणमै कार्यान्वयन योग्यता सुनिश्चित गर्न बजेट पूर्वहुने छलफल तथा अन्तरक्रियालाई उपलब्धीमूलक बनाउन थप गृहकार्यको आवश्यकता देखिन्छ। प्रदेशका विषयगत मन्त्रालय/निकायहरुले आ-आफ्नो स्तरमा समेत यस्तो गृहकार्य गरी सोको पृष्ठपोषण आर्थिक मामिला मन्त्रालयलाई दिँदा बजेट सहभागिता समन्वयमा आधारित हुने देखिन्छ।

यसैगरी, बजेट कार्यान्वयनमा देखिएको समस्यहरुलाई सम्वोधन गर्न प्रदेशका सबै निकायहरुले सम्भव भए सम्म आर्थिक वर्षको सुरुमै खरिद योजना, ठेक्का प्रक्रिया, कार्यदिश सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि, मापदण्ड, निर्देशिका आदी आवश्यक पर्ने देखिएमा सो पनि प्रथम त्रैमासिक भित्र तयार गरी सक्ने गरी आवश्यक प्रबन्ध गर्नु पर्ने देखिन्छ। विनियोजित रकमको बाँडफाँड र अख्तियारी हस्तान्तरण समेत तोकिएको समयमा नभए कार्यसम्पादनमा ढिलासुस्ती हुने हुँदा यस्तो कार्यसमेत प्रथम त्रैमासिकमा सम्पन्न गरी सक्ने गरी आवश्यक बन्दोवस्त गर्नु पर्नेछ।

प्रदेशमा रिक्त रहेको जनशक्तिको पदपूर्ति गर्दै अत्यावश्क स्थानमा यथाशिघ्र पदपूर्तिको व्यवस्था मिलाउन जरुरी रहेको छ भने बजेट कार्यान्वयन वित्तीय अनुशासन पालनाका सन्दर्भमा प्रदेशको कार्यक्षमता विकास जरुरी रहेको छ। कार्यान्वयन चरणमा आवश्यक हुने अन्तर निकाय र स्थानीय तहसँगको समन्वय प्रभावकारी बनाउने तथा त्रैमासिक खर्च लक्ष्य सहितको कार्यसम्पादन सूचक सहितको अनुगमन प्रणाली लागू गर्नु जरुरी रहेको छ। खर्चको आकार भन्दा गुणस्तरमा ध्यान दिन आवश्यक नीतिगत व्यवस्था अवलम्वन गर्न आवश्यक देखिएको छ।